गोविन्द रिजाल

# बेजोड बन्ध



गोविन्द रिजाल




# बेजोड-बन्ध

कथा संग्रह

कृति : बेजोड-बन्ध (कथा संग्रह)
कथाकार : गोविन्द रिजाल
ई-मेल : bejodbandha@outlook.com
प्रकाशक: हिमालय बुक स्टल
डिल्लीबजार, फोन : ०१-४४२१६२९
प्रकाशन साल : २०१९ ई. स. (२०७६ वि.स.)
सम्पादक : कल्पना कार्की
सर्वाधिकार : लेखकमा निहित
छापाखाना : ऋचा अफसेट प्रेस, ९८५१०७४१३३
लेआउट : सुमन कार्की
ISBN : 978-9937-9269-1-1

# सम्पादकीय

गोविन्द रिजालको बेजोड-बन्ध कथा संग्रहको सम्पादनको सुयोग मिल्दा अत्यन्तै खुसी लागेको छ । सामाजिक र वैज्ञानिक आख्यान विधामा बेजोड-बन्ध कथा संग्रह गोविन्द रिजाललाई चिनाउने उत्कृष्ट कृति बन्नेछ भन्ने आशा लिएको छु । गोविन्द रिजालको लेखन यात्रा धेरै लामो भए पनि 'बेजोड-बन्ध कथा संग्रह' नेपाली साहित्य लेखनमा नवप्रवेश हो । यसअघि नेपाली भाषामा केही कथा, कविता, नियात्रा, लेख र समाचार प्रकाशित भएका छन् । यसका अलवा अंग्रेजी भाषामा पनि विभिन्न लेख, रचना र पुस्तकहरु प्रकाशित छन् । नेपाली साहित्य अध्येताहरूका बीचमा यो कृति निकै लोकप्रिय बन्नेमा दुईमत नरहला । मूलतः नेपाली समाजको यथार्थ झल्काउने स्वादिला कथाहरूले नेपाली समाजको चित्र आकर्षक शैलीमा उतारेका छन् । कथाहरूले मनोरञ्जन प्रदान गर्दै सन्देश पनि बोकेका छन् र पाठकलाई सोच्न बाध्य पार्छन् । नेपाली सामाजिक यथार्थलाई विषयवस्तुको क्षेत्र मात्र नबनाएर संग्रहित कथाहरूमा वैज्ञानिक चिन्तनलाई पनि अघि सारिएको छ । यसरी

कथाकारको वैज्ञानिक धारको लेखन शैली रोचक रूपमा प्रस्फुटित भएको छ ।

नेपाली कथा साहित्यको इतिहासमा कथाकार गोविन्द रिजाललाई उत्कृष्ट कथाकारका रूपमा परिचित गराउन प्रस्तुत कथाहरू सक्षम छन् । साथै आगामी दिनमा कथाकारका अनुभव र अनुभूतिहरूले पाठक वर्गको मनमस्तिष्कमा तरंग ल्याउन सफल बनून् । उहाँको साहित्यिक दायित्व र जिम्मवारी अझ सशक्त बन्दै जाओस् ।

अग्रिम शुभकामना !

कल्पना कार्की
भोटेओडार, लमजुङ

# अवतरणिका

यो कथा संग्रह मेरो प्रथम कोसेली हो । यी कथा लेख्दा मैले कथाका कुनै नियम पढिनँ र प्रचलन हेरिनँ । कथामा हुनुपर्ने घटक बिर्सेर लेखें । सुरूमा इतिहास लेखौं भनेर सुरू गरेको - कतिपय पात्र, घटना र नाम भन्न नमिल्ने- इतिहासका लागि कति घटना सान्दर्भिक नलाग्ने । नाम तोडमोड, स्थान साटासाट, समय फरकपरक पारी घटनाहरूलाई टुक्राटुक्रा गरेर छोटाछोटा कथाका रूपमा प्रस्तुत गरेको छु । ठाउँ र व्यक्तिका साधारण नाम प्रयोग गरिएका मेरा कथा कुनै विशेष पात्र, स्थान र समयमा सीमित नहुन सक्छन् । संयोगवश कुनै कथा कुनै पाठकलाई आफ्नै जीवनगाथासँग मिल्न गएको महसुस भए, उक्त अतुलनीय घटनाका भुक्तभोगीहरु यो लोकमा अरु पनि छन् कि शंका गरिदिनुभए पुग्छ ।

मैले कथा टाइप गरिसकेपछि, सबै कथाको पहिलो पाठक शान्ताजीलाई बनाएको छु । कति सन्दर्भहरु बढी नै संवेदनशील भएकाले कि घच्को हटाउनू कि पुनर्लेखन गर्नू भन्ने सुझाव दिनु भो । केही नाम, घटना र शब्दहरु काँटछाँटमा परे ।

जबजब पात्रका घटनाहरूले पिरोले मैले कथा लेखिदिएँ मेरो पिर बिसाउन मेरै भाषा र अड्कलमा । लेखन मेरो थेरापी हो । लेखनले मलाई हल्का बनाउँछ । लेख्ने क्रममा मेरा पात्रहरूको कथाले जत्तिकै मेरो नाजुक व्याकरणले पिरोल्यो मलाई । अनि पुगें म सम्पादकको शरणमा ।

कल्पना कार्की यो संग्रहको सम्पादक हुनुहुन्छ । उहाँले मेरो भाषा लेखनलाई पाठकले बुझ्ने बनाइदिनुभएको छ । 'तपाईं छोटो लेख्नुहुँदो रहेछ' भन्दै भाषा र व्याकरणमा लगानी थपिदिनुभएको छ । मेरो च्या ऐले चिया, मेरो प्रकृया ऐले प्रक्रिया, संम्रक्षण संरक्षण, उस्लाइ उसलाई, गौत गहुँत, इत्यादि भएका छन् । मेरो खेसालाई पुस्तकको रूप दिने ऋचा अफसेटका सुमन कार्की, अन्तिममा शुद्धाशुद्धि हेरिदिने एञ्जील थापा र कभर डिजाइनका सुन्दर श्रेष्ठ यो संग्रहका कृतज्ञ पात्र हुन् । प्रत्येक कथाको गुण, अवगुण र बैगुन कथा पढेरै थाहा पाइहाल्नुहुनेछ । म, मेरा कथा र मेरा पाठकबीच लामो भूमिकाको तगारो बनाउन चाहन्न ।

धन्यवाद

गोविन्द रिजाल

# विषय सूची


| | |
|---|---|
| पी | १ |
| अंग | ९ |
| संयोग | १६ |
| सरप्राइज | ३२ |
| बबुवाको बोर्सी | ३९ |
| गगनको सुन | ५० |
| आङसिकको जीवन | ५९ |
| झ्वाँक | ६६ |
| पुनर्वियोग | ७४ |
| राजाको हाती | ८७ |
| गाँजर-कवि | ९३ |
| अन्तिम दृश्य | १०४ |

# पी

वैज्ञानिक डायमन्डको अनुसन्धानात्मक प्रस्तुति सुनेर डराउनुपर्ने हो तर दर्शकले उभिएर ताली पिटे। ताली पिट्ने श्रोता-दर्शकहरू थाकेपछि सबै आआफ्नो सिटमा बसे। एक दर्शकको मात्रै हात उठेको थियो प्रश्न वा जिज्ञासा राख्ने संकेत दिँदै। हात उठाउने भलादमीलाई बोल्ने मौका दिइयो। वैज्ञानिक डायमन्डलाई प्रेरणा र धन्यवाद दिने केही वाक्यहरू खर्चेर विषय प्रवेश गरे।

'दुई घन्टाको गहन प्रस्तुतिबाट हामीलाई फास्फोरस (पी) बारे धेरै जानकारी मिल्यो र तपाईंले भन्नुभयो- यो जानकारी हिमशैलको देखिने चुचुरो मात्र हो अनि भन्नुहुन्छ यो सन्देश छोटकरी नगरियोस्, यसलाई बुझ्न फर्मुला वा सूत्र नबनाइयोस् अब मलाई भन्दिनुस् यति लामो र गहन विषयको छोटोछरितो सन्देश नबनाई जनमानसमा सचेतना फैलाउन सम्भव छ ? संसारमा थाहा पाउनुपर्ने सबै सम्बन्धित व्यक्तिहरूले तपाईंको दुई घन्टा वा त्योभन्दा लामो प्रस्तुति ग्रहण गर्न मौका पाउनेछन् वा सम्भव छ ?'

'मेरो अनुसन्धानको निचोड र मेरो बुझाइले त्यही भन्छ' मुस्कुराउँदै वैज्ञानिक डायमन्डले उत्तर दिए, 'तपाईंले मेरो अनुसन्धानको प्रतिसन्धान गरेर यो जानकारीको सूत्र वा छोटो र छरितो सन्देश

प्रतिपादन गर्न सक्नुभयो भने तपाईंका लागि पहिलो ताली म बजाउँनेछु। यो चुनौती स्वीकार गर्नुहोस् 'पी' को अनुसन्धानमा लाग्नुहोस्, त्यसका लागि सम्पूर्ण सहयोग म गर्नेछु।'

प्रेमलाई खपिनसक्नु भयो। वैज्ञानिक तथ्यहरूलाई सरल र संक्षिप्त बनाउँदै जनस्तरसम्म लैजाने अहिलेसम्मको मान्यतामाथिको अंकुश र वरिष्ठ वैज्ञानिकको चुनौतीले 'पी' को जानकारी र ज्ञान सरलीकरण गर्न अनुसन्धानमा होमिए।

कति पहिले पत्ता लागेका तथ्यहरू संकलन त कति नयाँ तथ्यहरू आविष्कार गर्दै गए। 'पी' जताततै पाइने बोटबिरुवाको खाद्यतत्व भए पनि बहुउपयोगी भएकाले यसको आवश्यकता बढ्दो छ।

'पी' को औद्योगिक प्रयोग सलाई, तार बेर्ने प्लास्टिक तथा काठका फर्निचरलाई आगो नलाग्ने बनाउन, रासायनिक मल, सौर्य ब्याट्री आदिमा प्रयोग हुन्छ। यही अनुसन्धानका लागि प्रेम भारत पुगे। भारतमा कृषक र व्यापारीहरूसँग काम गरे।

बिरुवाले 'पी' माटोबाटै लिन्छ। सबै जमिनमा 'पी' समान रूपमा पाइँदैन। 'पी' को कमीबाट अनाजको रूप, बनावट र स्वादमा ह्रास आउँछ। सारै 'पी' को कम भए पुराना पातहरूबाट सुक्न सुरु भएर बोटै मर्न सक्छ। उनले 'पी' को मात्रा र दिइने समय सिके। एक बालीमा एकदुईपटक र रूखहरूलाई वर्षमा एकपटक दिए पुग्ने रहेछ।

बिरुवालाई चाहिने सोह्र मुख्य खाद्य पदार्थमध्ये 'पी' एक हो। कृषकहरू बढी र गुणस्तरीय उत्पादन लिन नाइट्रोजन र पोटाससँग 'पी' मिसाएर बारीको माटोमा थप्दछन्। ढुंगा, माटो, चट्टानबाट पाइने भए पनि नाइट्रोजनभन्दा 'पी' धेरै महँगो छ। सबैभन्दा सस्तो हुनुपर्ने झन् महँगो छ।

पी किन यति महँगो ? बुझ्नलाई 'पी' प्रशोधन फ्याक्ट्रीमा काम गर्न थाले। पी चट्टान-ढुंगाबाटै बनाइँदो रहेछ। महँगो हुनलाई न युरेनियमको जस्तो सावधानी अपनाउनु पर्छ, न उत्पादन खर्च नै उत्ताउलो छ। बुझ्दै जाँदा उट्पट्याङ तथ्य उजागर भयो।

विश्व बजारमा 'पी' किनबेचको समाचार सतहमा नदेखिए पनि समाचार सतहमुनि चलखेल ठूलै छ। 'चीनबाट आयात गरिने 'पी' महँगो भएकाले हाम्रो (भारत) को गृह बजारमा सन्तुलन मिलाउन मूल्य बढाइएको हो' भन्छन् फ्याक्ट्रीका प्रबन्धनिर्देशक।

प्रेमलाई कौतुहलको पोखरीमा पौडे झैं लाग्न थाल्यो। कौतुहल साम्य पार्न लागे चीनतर्फ। भारतमा भन्दा चीनमा 'पी' प्रशोधनको लागत एकतिहाइले सस्तो भए पनि सरकारले ३० देखि ३५ प्रतिशत निर्यात कर लागाएकाले विश्व बजारमा 'पी' को मूल्य बढिरहेछ। जताततै पाइने पीको मूल्यमा उपभोक्ताको ढाड भाँचिने गरी निर्यात शुल्क थोपर्दा पनि 'पी' को बिक्री भइरहेको छ। 'पी' फ्याक्ट्री निकट पुग्न नपाउँदै चिनियाँ सरकारी जासुसहरू पछि लागिहाले। ठाउँठाउँमा रोकेर केरकार र खनतलासी गर्थे।

चिनियाँ विज्ञान प्रतिष्ठानका वैज्ञानिकहरूसँग भेटेपछि पछ्याउने हल्काराहरूबाट केही छुटकारा मिल्यो। चीनमा 'पी' को अथाह प्राकृतिक भण्डार भए पनि चीनले पनि अधिकांश कच्चा पदार्थ अफ्रिकाको मोरक्कोबाट आयात गरिरहेको रहेछ।

'चीनमा भन्दा बृहत् प्राकृतिक भण्डारण मोरक्कोमा छ रे', प्रेमले थाहा पायो।

प्रेम जहाज चढेर लाग्यो मोरक्कोतर्फ।

अफ्रिकाको मझौलो देश मोरक्को 'पी' को महाभण्डार मानिँदो रहेछ।

प्राकृतिक 'पी' को उपलब्धताका आधारमा विश्वमा क्रमशः प्रथमदेखि पाँचौं स्थानमा चीन, मोरक्को, रुस, अमेरिका र ब्राजिल रहेछन्। यी मुलुकमा विश्वको लगभग पञ्चान्नब्बे प्रतिशत 'पी' रहेछ।

मोरक्कोमा 'पी' को मूल्य बालुवाको बराबरै छ र खानीमा काम गर्ने मजदुरहरू अल्प-पारिश्रमिकमा जोतिएका छन्। अमेरिका, चीन र धेरै मुलुकले आआफ्नो देशको स्रोत अन्वेषण नगरी कच्चा, अर्ध-प्रशोधित, वा तयारी 'पी' मोरक्कोबाटै आयात गर्दा रहेछन्। स्रोत नहुने अरू देशले नकिन्ने कुरै भएन।

'मोरक्कोको भण्डारणले विश्व मागलाई कहिलेसम्म धान्छ ?', प्रेम सोच्न थाल्यो। आजकै रफ्तारमा उत्खनन भए विश्वको सबै भण्डारणले मुस्किलले तीन सय वर्षसम्म धान्छ। अन्य ठाउँका खानीहरूमा मोरक्कोको गुणस्तर 'पी' नपाइने हुँदा गुणस्तरीय 'पी' खोज्दै जाँदा दुःखले एक सय वर्ष मात्र धान्नेछ।

एक सय वर्ष वा मानव सभ्यतामा तीन-चार मानव पुस्ता। आज जन्मेको बालक एक सय वर्ष बाँच्यो भने उसले 'पी' को अनिकाल सामना गर्नुपर्नेछ।

प्रेम अमेरिका लागे यू.एस.डी.ए. का वैज्ञानिकहरूलाई भेट्न। जसको सोचाइमा अमेरिका प्रथम र व्यवहारमा अमेरिका मात्र सोच छ।

अमेरिकामा रहँदा प्रेमले थाहा पाए मोरक्कोको 'पी' सकिएपछि विश्वमा 'पी' को नियन्त्रणमा अमेरिका र चीनको प्रभुत्व रहनेछ।

'अहिले आफ्नो स्रोत नचलाउँदा पनि ३०-४० प्रतिशत कर लाद्ने चीनले आफ्नो 'पी' बेच्दा र अरूको पनि नभएको खण्डमा कति कर लाद्छ होला ?' अमेरिकी वैज्ञानिकहरूको चिन्ता थियो।

'के अमेरिकाले मुफ्तमा दिन्छ त ?'

'मोरक्को, चीन, रूस, ब्राजिल र अन्य मुलुकको भण्डारण सकिएपछि अमेरिकाले न्यायिकरूपमा बेचबिखन वितरण गर्नेछ।'

प्रेमलाई भित्रभित्रै झड्का लाग्यो।

'खानीबाहेक अन्य स्रोतबाट 'पी' संकलन गर्न सकिन्छ सकिन्न ?'

'गर्न सकिन्छ तर गर्नु हुन्न। यो सही सन्देश सही ढंगले प्रचार गर्न र बुझाउन अफ्ठ्यारो छ, धेरै अफ्ठ्यारो छ।'

'स्रोत के छ त ?'

'मानव मलमूत्र।'

रूख बिरुवाले 'पी' जमिनबाट लिन्छ जुन सोझै वा पशुमांस हुँदै मानव भोजनमा पुग्छ। हामीले दसबाह्र घन्टा नबित्दै शौचालयको फ्लस दबाएर ढल, महाढल हुँदै डम्पिङ र समुद्रमा पुऱ्याउँछौं।

त्यही मानव मलमूत्र पुनः प्रयोग गरेर 'पी' को माग पुर्ताल गर्न सकिन्छ धेरै हदसम्म र परनिर्भरता घटाउन सकिन्छ।

'त्यसमा गर्न नहुने र नसकिने कुरै के छ र ?'

'समस्त मानव जातिको बानी अनौठो छ। मानव लामो कुरालाई छोट्याउने र छोटा कुरालाई तन्काउने गर्छन्। मानव मन पुनः प्रयोग र

पुनः खाद्यवस्तु बन्ने भनेपछि कतिले प्रयोग गर्दैनन् जसरी अहिले हामीले बुझे पनि प्रयोग गरिरहेका छैनौं। तर कति अतिवादीहरूले पुनः खानयोग्य भनेर प्रसारण गरी मलको साटो नभई सीधै खाने, पिउने गर्न कोसिस गरेर ठूलो महामारी निम्त्याउनेछन्।'

प्रेम पुरानै अनुसन्धान केन्द्रमा फर्कन जहाज चढे। उनको परिवर्तित ध्यान जहाजमा संकलन हुने मानव मलमूत्रको व्यवस्थापनतर्फ मोडियो। एक महादेशबाट अर्को महादेशको उडानको आनन्द लिँदै 'पी' अनुसन्धानको प्रस्तुतिको मानसिक तयारीको ध्यानमा एकत्रित थियो प्रेम। कसैको हात उसको काँधमा पर्‍यो। प्रेम झसंग भयो। उसको ध्यान भंग भयो। घाँटी बटारेर माथितिर हेर्‍यो उसका काँधमा हात राख्ने अन्जान व्यक्तिको अनुहार हेर्नलाई। झसंग भयो। वैज्ञानिक डायमन्ड रहेछन्। हामफालेर उसको बाहुपासमा पुग्यो। आफ्नो बाइबर्से लामो अनुसन्धानको दौड र निष्कर्ष विस्तृतमा सुनायो। वैज्ञानिक डायमन्डको ध्यान प्रेमको 'पी' मा भन्दा धेरै जहाजमा पाइने वाइनमा थियो।

'संसारमा 'पी' पाउन छोड्यो भने के हुन्छ ?' वैज्ञानिक डायमन्डले प्रेमलाई संलग्न गराउन प्रश्न सोधे।

प्रेम अक्क न बक्क पर्‍यो।

'उत्पादन, गुणस्तर घट्छ' 'हाम्रो हड्डी बन्न क्याल्सियम पछि 'पी' चाहिन्छ। 'पी' नभए हड्डी बन्दैन वा लुलो बन्छ।' प्रेमले उत्तर दियो तर वैज्ञानिक डायमन्डको अनुहारमा चित्त बुझेको एक्सप्रेसन देखिएन। फेरि उसले सम्झियो, मोरक्कोको खानीका मजदुरहरूमा 'पी' को नकारात्मक असर, लुला-लँगडा बालबालिकाको जन्म र अल्पायुमै मृत्यु भएको सम्झियो।

वैज्ञानिकहरू हतपत उत्तर दिँदैनन्, दिनैपरे प्रश्न दिन्छन्। डायमन्ड वैज्ञानिक थिए। एक परिपक्क वैज्ञानिक।

त्यसको भोलिपल्ट अनुसन्धान केन्द्रको सभाहलमा प्रेमले गरेको अनुसन्धानको प्रस्तुति थियो- वैज्ञानिक डायमन्डले बाह्र वर्षअघि दिएको चुनौतीको प्रत्युत्तर।

रातभर प्रेमलाई वैज्ञानिक डायमन्डको अन्तिम प्रश्नले सतायो, बाह्र वर्षसम्म झेलेको उसको चुनौतीले भन्दा धेरै। बाह्र वर्षसम्म पल्टाउन नभ्याएका पुस्तकहरू पल्टायो। पहिले नभेटेका वैज्ञानिकहरूसँग प्रत्यक्ष वा भर्चुअल भेट गऱ्यो।

'पी' को महत्व जैविक र वंशाणुगत विकासमा भएको पत्ता लगाए। प्रत्येक जीवको डी.एन.ए. को प्रमुख तत्व रहेछ पी। 'पी' नभए डी.एन.ए. पूर्ण हुन्न, बन्दै बन्दैन। 'पी' नभए मानव, मानव हुन्न, भिन्नै जीव बन्छ वा जीवै बन्दैन।

आज, 'पी' को सञ्चय गर्नु, संरक्षण गर्नु वा वैकल्पिक स्रोत पत्ता लगाउनु भनेको चार पुस्तापछिको मानव चोलाको अस्तित्व संरक्षण गरिदिनु हो। पृथ्वीमा भएको 'पी' को संरक्षण र सदुपयोगको महत्व सबैले बुझ्नुपर्छ। तर बुझाउने निहुँमा 'पी' हाम्रो मलमूत्रमा पाइन्छ पुनः प्रयोग गर्नुपर्छ भनौंला। पत्याउनेले खाइदेलान् त महामारी फैलाउँदै तत्कालै मर्लान् नपत्याउनेले चार पुस्तापछिको मानवको जैविक अस्तित्व फ्लस गरिरहलान् आफ्नो मलमूत्रसँगै मानौं आजको शौचालयको फ्लसले एक सय वर्षपछिको मानव सभ्यताको विनाशको दैलो खोल्छ। यो सबै बुझाउन सबै कुरा विस्तृतमै बोल्नुपर्छ।

अनुसन्धान केन्द्रमा भेला भएका सयौं वैज्ञानिक, प्रशासक, नीति-निर्माता अघि उभिएर प्रेमले मन्तव्य सुरु गरे।

'...मेलै दिने सन्देश छोटकरीमा दिन मिल्दैन, मिल्दै मिल्दैन। बाह्र वर्षदेखि यो सन्देश छोट्याउने चुनौती भेलेको मान्छे म, वैज्ञानिक डाइमन्डको चुनौतीमा समावेश भए...'

हलका डिस्प्ले र प्रत्यक्ष प्रसारण भइरहेका टीभीहरूमा बूढा वैज्ञानिक डाइमन्डका आँखामा आँसु टलपल भएको दृश्य विभिन्न कोणबाट देखाइँदै थियो।

सन्तुष्टिका आँसु।

❑

# अंग

अंगको स्वभावमा परिवर्तन आएको चार वर्ष नाघिसक्यो। चार वर्ष अघिसम्म चारजनाको परिवार, अंग दम्पती र अंगका आमा-बुवा रसी र श्याम, एउटा सानो सुखी परिवारको उदाहरण थियो। हर्षका छालहरूले मात्र हिर्काइरह्यो अंग परिवारलाई। तिनीहरू हर्ष तुफानको प्रतीक्षामा थिए- अंग दम्पती आमा-बुवा बन्दै थिए र श्याम- रसी बाजे-बोजू। प्रतीक्षा गरिएको हर्षको तुफान विस्मातको ज्वारभाटा भएर आयो।

बच्चा जन्माएर, त्यसैको निहुँ गरी अंगकी अर्धांगिनीले आफ्नो सास छोरीलाई र छोरीको जीवन श्रीमानूलाई सुम्पेर नफर्कने गरी यो पृथ्वीबाट बिदा लिइन्। हातमा छोरी भए पनि साथमा जहान नभएपछि अंगले एक्लो महसुस गर्न थाल्यो। अंग, ठूलो संसारमा लक्ष्यविहीन बन्यो। उसलाई रिस उठ्ने रोग लाग्यो। रिस मात्र उठिरहने। हावाले पात हल्लाए पनि रिस उसलाई उठ्थ्यो। रिसको रूप उसको बोलीबाट प्रस्फुटन हुन थाल्यो।

छोरीलाई रसी-श्यामले हुर्काए। चार वर्ष बित्न युगौं बिते झैं भयो। संसारमा सकारात्मक र सही स्थिति केही पनि देखेन। सानी बढ्दै गई। उसको अनुहार ठ्याक्कै रसीसँग मिल्न गयो। अंग र उसको रिसलाई

सँगाल्ने कोही भएन। आमा-बुवाको कुरा सुन्नै छोड्यो। अर्ती, उपदेश, सम्झाई, बुझाई उसको पारो तताउने हिटर बने।

दिनभर काममा जान्छ।

'नोकर, जसको काम गरे पनि, जस्तो काम गरे पनि, नोकरै हुँ', अंग आफैंलाई धिक्कार्न थाल्यो।

'साला, धनी बुवा-आमाको कोखमा जन्मेको भए..., मेरो जन्मै कुहिएको' ऊ बर्बराउँदा, उसका आमा-बुवा कसाईको बञ्चरो आफूमाथि बज्रेको अनुभव गर्थे। छोरालाई सम्झाउन खोजे, उसको स्थिति बुझ्न खोजे- दिनप्रतिदिन असहाय बन्दै गए। सानै उमेरमा जन्म दिएकाले रसी र अंग दिदी-भाइ जस्तै देखिन्थे। रसीले राम्रो संस्कार दिन नसकेकी पनि हुन सक्थिन् तर जेजति रीति सिकाइन् उनले जानेको भोगेको ज्ञान थियो। रसी, अंगलाई सम्झाउन खोज्थिन् सधैं उही बालकलाई झैं। आमाको नजर र व्यवहारमा छोरो कहिल्यै हुर्केन। छोराको इच्छा आमाले कहिल्यै बुझिनन्। आमा-छोराबीचको महाभारत रातदिन बढ्दै गयो। दुवैको पुल त्यही सानी मात्रै छ- सबैलाई त्यो घरमा टसाउने ग्लु। सानी, रसीबाहेक कसैसँग खान, नुहाउन, सुत्न नमान्ने। अंगलाई सानी आफ्नो लाग्न छोड्यो। उसले बोलाउँदा छोरी ऊसँग नआएपछि कसलाई हेरेर बसोस्। रिसबाहेक उससँग अरू केही रहँदै रहेन।

एक दिन श्याम बिरामी भयो। रसीले चिन्ता व्यक्त गरिन्। अंगलाई आमाको चिन्ता र बाबुको पीडाले छोएन। सधैं जुन शब्दहरू बोल्थ्यो तिनमै भ्याट थपेर प्रहार गर्‍यो र घरबाट बाहिर निस्कियो। आमा-बुवा, छोरो औषधी लिएर आउँछ भन्ने आशामै पर्खिरहे। उसको रिस, अप्रिय वाणीहरू उनीहरूलाई सहज र स्वाभाविक लाग्न थालिसकेको थियो-

त्यो उनीहरूका लागि प्रकृत वातावरण बनिसकेको थियो। ऊ नरिसाए उनीहरूलाई अनौठो लाग्ने भइसकेको थियो।

रातमा घर फर्कियो, औषधी हैन, रिस र अपशब्दको ज्वालामुखी बोकेर।

'बूढो अझै मरेको छैन', उसको वाक्य निस्कियो।

सञ्चो हुँदा श्यामले जे पनि सहेका थिए, बिरामी हुँदा सहन सकेनन्।

बिरामी श्याम बल गरेर उठे। रसीले बूढाको हात थामिन्। श्याम लर्बराए।

'म यो घरमा मर्न चाहन्न', श्यामको बोली फुट्यो। घरबाट बाहिर निस्कन लागे।

'अंग, के भनेको बुवालाई, सम्झा, रोक' आमाले अंगलाई अर्जापिन्।

'म के सम्झाउँनू, दिनमा काल नआएर, रातमा खोजेको होला नि' अंगले थप्यो। उसमा पश्चात्तापको अंशै थिएन।

श्याम दैलोमा पुगिसकेका थिए बाहिर निस्कन।

'पर्खनुस्' रसी आत्तिँदै शयन कोठाभित्र पसिन्। केही समयमै कपडाको एउटा गुजुल्टो बोकेर बाहिर निस्किन्, श्याम घरबाहिर पुगिसकेका थिए। रसी घर बाहिर गइन्। आफूले बनाएको घर छोडी वनवास।

सानी सुतिरहेकी थिई।

आमा-बुवाले घर छोडेको चार महिना बिते। अंगले छोरी हुर्काउने र नोकरी मुस्किलले धानेका थिए। उसको रिसाउने, जंगिने रोग बिसेक भएको थिएन, आक्रोश प्रस्फुटनमा केही कम भएको थियो।

एक दिन बाढी आयो। घर डुबानमा पर्‍यो। छोरीलाई छातीमा च्यापेर, घरको छानामा गएर रात बितायो। त्यहीं बेहोस भएछ।

ब्युझिँदा ऊ ट्रमा सेन्टरमा थियो। उसलाई उद्धार गरिएको रहेछ। उसको साथमा न बाबु, न आमा, न छोरी- श्रीमतीबाट त पहिल्यै टाढा भएको थियो।

ऊ ब्युँझनेबित्तिकै उसको नाम, ठेगाना र पृष्ठभूमि टिप्न स्वयंसेवकहरू तयार भए।

'नाम ?'

'अंग'

'बाबुको नाम ?'

'.....' अंग बोलेन।

'आमाको नाम ?'

'.....' ऊ चुप रह्यो। उसको मुख बन्द भए पनि मन, मस्तिष्क र सोच तेज दौडिरहेको थियो।

स्वयंसेवक गडकहरू निराश भए। उनीहरूको असाइनमेन्ट अधुरो रह्यो।

'म कसको छोरा ? मेरी आमा, मेरा बाबा, मेरी छोरी....', सम्झँदासम्झिँदै ऊ बेजोडले छट्पटायो। त्यहाँबाट भाग्न खोज्यो।

'ट्रमामा यस्तै हुन्छ', स्वयंसेवकहरूलाई थाहा थियो। मानसिक आघात पीडितहरू त्यसै गर्छन्।

उनीहरूले जे जानेका थिए, उनीहरूलाई जे सिकाइएको थियो, त्यसै गरे।

निद्राप्रदायक खोप रोपिदिए। ऊ लठ्ठ निदायो।

चार महिना भएछ, रसी र श्याम पुराना मित्र देवेन्द्रका घरको एउटा सानो कोठामा पाहुना भएको। अंगका आमा-बुवाले बाहिर शान्ति पाए पनि भित्री सुख पाउन सकेनन्। श्यामको रोग घट्दै घटेन। राम्रो उपचार भएन।

'म मरिहाल्ने मान्छे किन पैसा खर्च गर्छौ बूढी' बारम्बार बूढीलाई यही कुरा गर्ने।

ठूलो उपचार गर्न मानेनन्।

बजारका सस्ता दबाइ र सित्तैमा पाइने झारपात र जराहरूले रोग घटाएन। रोगले गाँज्दै लग्यो।

प्रायः जस्तै- एक बेलुका श्याम र रसी अन्धकारमा, कोठाबाहिर पिँढीमा, एकअर्काका हात समात्दै बिनाशब्द रात बिताइरहेका थिए। एउटा छाया, एउटा आकृति यताउता हिँडेको भान भयो। श्यामले रसीको हात केही जोडले समात्यो। रसीले थाहा पाई। रोगले च्यापेछ।

आकृति नजिकिँदै, मानव रूप लियो। अंग रहेछ।

आमाको हात समात्यो। कोही बोलेनन्। घन्टौं बित्यो, बोलचाल भएन। आँसु झरिरहे। अन्धकार थियो, एकले अर्काको आँसु देखेनन्। कसको धेरै आँसु झऱ्यो एकअर्कालाई थाहा भएन।

'अंग, सानीलाई कस्तो छ ?' धेरै घन्टापछि रसीको वाक्य खुल्यो। सुँक्कसुँक्क रुवाई, अचानक, भयंकर ठूलो डाँकोमा परिणत भयो। अंगको रुवाइ खुल्यो, बोली फुटेन।

टोलछिमेकमा मान्छेहरू डराउँदै, बत्ती बालेर, श्यामको कोठाबाहिरको आँगनमा भेला भए। अंग, ट्रमा सेन्टरबाट भागेर छोरी भेट्ने इच्छामा आमा-बुवा खोज्दै आएको रहेछ भन्ने बुझे।

छोरा र आमा-बुवाको पुनर्मिलन रहेछ। खुसीका वाक्यहरू उच्चारण गर्दै टोलवासी छिमेकीहरू आआफ्नो घर लागे, बिच्किएको निद्रा सपार्न।

'मलाई तेरो बाबुको रोगले भन्दा तेरो चिन्ताले सतायो', रुवाइमिश्रित पीडादायी स्वरमा बोलिन् आमा।

'तँ मेरो अंग होस्, तेरो प्रत्येक कष्ट, पीडा, दुःखहरूले मलाई दुख्छ।'

'तैंले प्रत्येकपटक मलाई सम्झँदा म झस्किन्छु। यो चार महिनामा म नझस्केको क्षण छैन।'

'बाबु र छोराबीचको सम्बन्ध आशाले जोडेको हुँदो रहेछ, आमा र छोराबीचको सम्बन्ध नसाले जोडेको हुँदो रहेछ।'

'आमा र छोराबीच जति नराम्रो व्यवहार भएपनि त्यो अनुहार र हातको साइनो हुन्छ, हातले अनुहारलाई धोइदिए र सफा गरिदिए अनुहार राम्रो बन्छ। अनुहार नै हातको परिचय हो।'

ट्रमा सेन्टरमा, उसलाई आमा-बुवाको नाम सोधिएको सम्झना झलझली आइरह्यो। उसको परिचयको केन्द्र उसको खोजको लक्ष्य उसको आमाका शब्दमा पायो। छोरीको विषयमा सोध्न सकेन। बुवा र छोराबीच बोलचाल भएन। दुवैले बोलचाल सुरु गर्न सकेनन्।

अंगले एउटा हात बुवाका हातमा र अर्को हात आमाका हातमा सुम्पिसकेको थियो। आमाको हात कहिले कडा र कहिले नरम हुन्थ्यो। बुवाको समाइ एकनासको थियो- प्रतिक्रियाहीन।

बिहानको उज्यालो उनीहरूको अनुहारमा पर्न बाँकी नै थियो। अचानक ठूलो चिच्याहट आयो। श्यामको शरीरले सास फेर्न छोडिसकेको रहेछ। अंगले आमालाई आफूसँग घर जान निवेदन गर्दै पाउ पर्‍यो।

'मैले तेरो बुवालाई अहिलेसम्म कहिले छोडिनँ। अब छोड्न सक्दिनँ। म सती जान्छु', अंगका हातबाट आमाले आफ्नो हात झिकिन्।

अंग झसंग भयो। ट्रमा सेन्टरको गहिरो अप्राकृत निद्राबाट ब्युझिँयो। अंग भाग्न छट्पटायो- स्वयंसेवकहरू खोप बोकेर तयार थिए। उसको उपाय नलाग्ने भयो।

सपना सम्झियो। विगतसँग दाँज्यो।

'म, मेरा आमा-बुवालाई भेट्न चाहन्छु अहिल्यै', अंगले निवेदन गर्‍यो।

'हुन्छ, यही ल्याइदिन्छौं', आश्वासन पायो।

बुवा, आमाको नाम, ठेगाना टिपे। उनीहरूको असाइनमेन्ट पूरा भयो। भित्ताको टेलिभिजनमा बाढी र उद्धारको समाचार प्रसारण भइरहेको थियो। स्वयंसेवकहरूले उसलाई समातेर खोप रोपिदिए।

अंग 'नाइँनाइँ' भन्दै चिच्याइरह्यो।

अंग अर्को चरणको अप्राकृतिक निद्रामा डुब्यो।

❑

# संयोग

धैरै दिनपछि बादल फाटेछ। पोखरामाथिको आकाश बेस्सरी खुलेको थियो- नीलो, हेरिरहुँजस्तो। फेवातालको किनारमा बसेर अमर र रिनले आआफ्ना आत्मकथा एकअर्कालाई सुनाए- आफ्नो सन्तानलाई साक्षी राखेर।

धैरै वर्ष पहिले, एक बिहान पढ्दै गरेको पत्रिका टेबलमा र चस्मा पत्रिकामाथि राखेर प्रोफेसरले सोधे, 'आमा-छोराबीचको खटपट निकै दिन भइसक्यो, के चल्दै छ मेरो नाकमुनि ?'

'तेरो बुवालाई आफैं भन्। म तेरो वकिल बन्न सक्दिनँ' आमाले, चुलोको भुंग्रो सोतेले खोतल्दै, आमा-छोराबीचको विवादमा बोल्ने पालो छोरालाई दिइन्।

'बस न, बसेर भन' प्रोफेसरले दुवैका लागि सहज वातावरण बनाइदिए।

'चाणक्य नीतिमा एउटा श्लोक छ' प्रोफेसर बोल्न सुरु गरे, 'लालयेत् पञ्च वर्षाणि, दश वर्षाणि ताडयेत्। प्राप्ते तु षोडशे वर्षे, पुत्रं मित्रवत् आचरेत्। यसको अर्थ हुन्छ, 'छोरालाई पहिलो पाँच वर्षसम्म लाडप्यार, त्यसपछिको दस वर्ष कडा अनुशासन र सोह्र वर्षपछि साथीको व्यवहार गर्नुपर्छ', मैले त्यही महावाणीअनुसार व्यवहार गरें। अब तँ उन्नाईस-

बीस वर्ष भइस्, हामी साथी हौं। तैंले मलाई र मैले तँलाई साथीको व्यवहार गर्नुपर्छ।'

प्रोफेसरले घनिष्टता बढाउँदै छोरालाई मनका कुरा खोल्न उकासे।

छोरा सम्हालिँदै बुवाको अघि बस्यो। अक्मकायो।

बोली फुटेन। आवाज निस्कँदै निस्केन। प्रोफेसरले बुझे।

'तिमीले किन नमानेको त छोराका कुरा ?', प्रोफेसरले कुरा खोतल्ने जुक्ति प्रयोग गर्दै विवादको गाँठी थाहा पाए झैं बोल्ने सहज वातावरण बनाइदिए। आमालाई लाग्यो, छोराले भनिसकेको रहेछ र छोरालाई लाग्यो आमाले सुनाइसकेकी रहिछन्। दुवैलाई बोल्न सहज भयो। प्रोफेसर कुरा खोतल्न सफल भए।

'कसरी मान्नु त, बिहे गर्ने उमेर पुगेको छोरो लामा बन्छु भन्छ। कुन आमालाई आफ्नो सन्तान लामा, जोगी, वैरागी, सन्यासी बनेको देख्ने रहर हुन्छ ? त्यसमाथि हाम्रो त एक्लो छोरो, म कसरी यसलाई लामा बन्न पठाऊँ, म के हेरेर बसौं। बुहारी भित्र्या, अनि जहाँ जान्छस् जा, मैले भनेको त्यति हो', आमाले मनको कुरा एकै सासमा पोखिन्।

प्रोफेसरले कन्थो नबुझे पनि सबै कुरो बुझे झैं छोरातर्फ हेरे।

'बुवा म लामा बन्न चाहन्छु। धर्मको सेवा गर्न चाहन्छु', छोराले धेरै महिनादेखि उथलपुथल हृदयभित्रका लाभाहरू ओकलेर मन शान्त पार्दै हलुका महसुस गऱ्यो।

'कुरो त्यसो पो', प्रोफेसर आफ्नो शरीरको माथिल्लो भाग हुत्याएर कुर्सीको ब्याकरेस्टमा आडेस लगाए। धेरैबेर सन्नाटा छायो।

'अति उत्तम विचार। सोचेरै सम्झेरै त्यो निर्णयमा पुगिस् होला। आमालाई कसरी बुझाउने पनि त सोचिस् होला नि ? आमाको चित्त दुखाएर अरू जति धार्मिक कार्य गरे पनि आमालाई खुसी पारेजति धर्म त मिल्दैन होला। के सोच्या छस् त ?'

'अहिले आमाले बुझ्नुभएको छैन, बुझे पछि त खुसी भइहाल्नुहुन्छ होला, त्यही सोचेको छु। फेरि आमाबुवाको मन नदुखोस् भनेरै सरसल्लाह गरेको नि। नत्र त भागेर पनि जान सक्थें नि', छोराले स्पष्टीकरण दियो।

'एकपटक एस.एल.सी. फेल भएर संसार सकिन्छ र ? त्यही पनि जन्डिस लागेर, बिरामी परेर त हो नि। फेरि पास गर्न सकिहाल्छस्। हैन पढ्दिनँ भन्छस् नै भने पनि तेरै मिल्ने साथी याङ्कीसँग बिहे गर। ऊ मास्टर बन्न ट्रेनिङमा जान थालेकी छे।' प्रोफेसरतर्फ फर्केर आमाले थपिन्, 'म त भन्छु याङ्की र अमरको विवाह गराइदिऊँ सँगै पढ्छन्, गरिखान्छन्। हामी बूढाबूढीको हेरचाह गरे गरून्, न गरे नगरून्' आमाले आफ्नो अडान राखिन्।

'तेरो मनसुवा पनि ठिकै हो। यो पढाइमा यति अब्बल छ कि दस कक्षा त खेलीखेली पास गरिहाल्छ नि। भिक्षुक नै बन्ने हो भने पनि, त्यो पनि पढाइ नै हो। बौद्धिक विकासकै बाटो हो, स्कुले शिक्षा लिनेलाई भन्दा भिक्षुलाई सबैले बढी सम्मान-इज्जत गर्छन्। भिक्षु हुनु भनेको ज्यादै कडा अनुशासन पालन गर्नु हो। सबैले पुजिने हुन त्यति नै कठोर परिश्रम गर्नुपर्छ। तैंले निर्णय गरेकै हो त ? पछि ढलमल, यता न उता त हुँदैन नि ? कि यसो दुईतीन वर्ष जाऊँ, अनुभव गरौं भन्ने मात्र हो ?' प्रोफेसरले नरम भएर अमरको कुरा बुझ्न खोजे।

'म सकेसम्म पढ्छु, कार्मापा र शार्मापा गुरूहरूबाट दीक्षा लिने अठोट गरेको छु', छोरो लामा भइसके झैं बोल्यो ।

आमाको रिस छोराबाट प्रोफेसरतर्फ सर्दै थियो, अनुहारका चिराहरू सेती नदी झैं गाडिँदै थिए, पाकेको भोगटेजस्तो अनुहार थैलीको मुखजस्तो मुजामा परिणत हुँदै थियो ।

'... ..., म तँलाई अहिल्यै भिक्षुक बन्न अनुमति दिन्नँ तर रोक्दिनँ पनि । तैंले मैले भनेको सर्त मान्नुपर्छ', प्रोफेसरले सर्त राखे ।

'पहिला याङकीसँग कुरा चलाऊँ, बिहे गराऊँ । कहाँको भिक्षु, लामा, गाइने, माग्ने, भिखारी, जोगी भएर हिँड्ने हो ? बिहे गरेर पढ वा पढेर बिहे गर, अन्यथा सोच्दै नसोच । म आजै याङकीसँग कुरा चलाउँछु', आमाको भाव परिवर्तन भएको थिएन, झन् निरंकुश बन्दै थियो ।

'बुवाको सर्त के होला नि ?'

प्रोफेसरले झ्यालतर्फ हेरे, बाहिरको दृश्य मनमोहक थियो । माछापुच्छ्रे हिमाल रङ फेर्दै थियो । सुनबाट चाँदी हुँदै थियो, बिहान हुर्केर दिन बन्दै थियो, उनको छोरो हुर्केजस्तै ।

प्रोफेसरले लामो सास विस्तारै फेरे ।

कुर्सीबाट अगाडि तन्किए । बूढीको अनुहार हेरे । अनुहारभित्र लाभाहरू मडारिरहेका थिए, आक्रोशका । उनले आफ्नो नजर बूढीको नजरबाट झिकेर छोराको अनुहारमा बिसाए । मरुभूमि वर्षाको आशामा पर्खिएजस्तै थियो अमरको अनुहार ।

'संसार ठूलो छ बृहत् छ', प्रोफेसरले प्रवचन सुरु गरे । 'संसारका धेरै आयाम छन् । एकतर्फ घाम लाग्दा अर्कोतर्फ छाया पर्छ । पूर्वको

देउतालाई ढोग्दा पश्चिमको देउतालाई ढाड पर्छ। दुवै देउतालाई रिझाउन अनुभव चाहिन्छ। घरमा बसेर, आमाको काखमा सुतेर, आमा-बुवाले पकाएको खाएर, शास्त्र पढेको अनुभव मात्रै दस दिशाका देउता रिझाउन पर्याप्त हुँदैन। भिक्षुक भएपछि जीवनका कति आयाम प्रस्फुटन नहुन सक्छन्। तँ धेरै समय घरबाहिर बसेको पनि छैनस्। पोखराबाट बाहिर गएको पनि छैनस्। त्यसैले मेरो इच्छा हो एकदुई महिना घुम्न जा, काठमाडौं, नारायणगढ, भैरहवा, लुम्बिनी जा, आँट आयो भने काशी, बनारस, दिल्लीसम्मै जा। संसारको रीति, चलनको अनुभव गर। परेर सिक्नु आवश्यक छ। एकदुई महिना घुमेर आइज, अनि भिक्षु बन्न मन रहिरहे बन, स्कुल जान मन जागे जा, बिहे नै गर्न मन लागे आमा र तैंले मन पराएकी याङ्कीको दुई महिनाभित्रै त बिहे नहोला नि। आमालाई सुइँको दिनु। पैसाको भ्यालु पनि बुझ्नु छ तैंले।'

प्रोफेसरले बूढीतर्फ हेऱ्यो, चोर औंलाले दराजतर्फ देखाएर भने।

'त्यहाँ अलिअलि जोहो छ, यसकै लागि राखेको। पचास हजार निकालेर यसलाई दे त', प्रोफेसरले बूढीलाई आदेश दिए।

छोराले केही नबुझे झैं बुवालाई हेरिरह्यो। बूढीले बढी बुझे झैं बूढोलाई हेरिन्। दुई जोर नजरको तेज सहन प्रोफेसरलाई गाह्रो पऱ्यो। टेबलमाथिको चस्मा र पत्रिका उठाए, अस्वाभाविक केही नभए झैं पत्रिका पढ्न थाले।

--

पोखराबाट बुटवल जाने रात्रिबस रामनगर नजिकैको जंगलमा रोकियो। सबै यात्रुलाई बसबाट ओरालेर उनीहरूको शरीर र मालसामानको चेकजाँच भयो। सेनाले आतंकवादी खोज्न रोकेको

रहेछ। सबैले परिचय खुल्ने फोटोसहितका पत्रहरू देखाए। एक जवानको परिचयपत्र थिएन।

सेनाले केही पर लगेर भकुऱ्यो।

'तेरो नाउँ के हो ?'

'अमर' ... 'अमर लामा'

'हो, हो, यो पक्का माओवादी नै रहेछ, यिनीहरूले त्यस्तै नाम राख्छन्।'

'कहाँ हिँडेको नि कमरेड ?'

'लुम्बिनी।'

'हा... हा... हा... माओवादीको लुम्बिनी यात्रा, त्यहाँको मूर्ति चोर्न कि लामा मार्न ?'

सेना जवानहरूले पालैपालो चुटे, कुटे, मुड्की बजारे, थप्पड हाने, लात बजारे। परबाट कुदेर आएर एउटाले जोर लात्ती हान्यो। अमर भुइँमा पछारियो, मुर्छित भयो।

ब्युँझँदा भरतपुरको सेनाको ब्यारेकमा थियो अमर- हलचल गर्न नसक्ने अवस्थामा।

'पानी, पानी।'

कसैले पानी दियो। केही घुड्को पानी पिएर फेरि निदायो।

दोस्रोपटक होस आउँदा अमरको वरिपरि सेनाका अधिकारीहरू थिए।

'तिमी त प्रोफेसर लामाको छोरा रहेछौ नि त।'

आँसुले टिलपिल भरिएको गहबाट निर्मल गंगा पोखिन नदिन हल्का टाउको मात्र हल्लायो 'हो' को संकेतमा।

'केटाहरू निकै बढी गर्छन्। देशको स्थिति पनि यस्तै छ। को दोषी को निर्दोष छुट्याउन गाह्रो छ। हिँड्न सक्ने भएपछि छोड्दिन्छ। अहिले आराम गरेर चाँडो निको हुनू', सेनाका मुख्यले आश्वासन दिए।

केही दिन-रात अस्पतालमा बिते।

एक रात केही सेनाका जवानले अमरलाई उनीहरूको कोठामा बोलाए।

'काम गरेर खान्छस् कि यही सड्ने विचार छ ?', एउटाले सोध्यो।

'हाकिम सरले छोडदिन्छु भन्नुभएको थियो त।'

'उनीहरूले जे पनि भन्छन् नि, तँ निर्दोष भनेर प्रमाण पुगेको छैन।'

'बस्छस् केटा, जीवनभर यतै बस्छस् जस्तो छ।'

'अनुरोध, कृपया छोडिदिनुस् मलाई। म माओवादी, साओवादी केही हैन, तिनीहरूलाई चिन्दिनँ पनि र कसैलाई सहयोग गरेको पनि छैन।'

'यस्तो हट्टाखट्टा छस्, काम गर्न, अलिअलि' बूढीऔंला र चोरऔंला रगेटेर देखाउँदै 'पाउँछस् पनि। पूर्ण स्वस्थ भएपछि छोड्दिउँला, जालास्।'

'हुन्छ, जे काम गर्न पनि तयार छु।'

'पूजाका सामान, केराका थाम, नदीमा विसर्जन गर्नु छ, सक्छस् नि।'

'सक्छु, एकपटक ठाउँ देखाएर सिकाइदिनुहोला।'

'भोलि बिहान तीन बजे केटाहरू बोलाउन आउँछन्, उनीहरूले काम सिकाउँछन्, भाइहरू हुन्, उनीहरूले जो भन्छन् त्यही गर्नू' सेनाको जवानले आदेश दिए।

'हुन्छ।'

'काम पाइस्, भाग्यमानी रहेछस्, शुभरात्रि।'

तीन बजे बिहानै कसैले अमरलाई उठायो। निद्राको मात बिहानीको चिसोले धुँदै, बोलाउने केटाको पछि लाग्यो। दाउरा राख्ने ठाउँमा एउटा ठेला रहेछ। ठेलामा पुराना सेता त्रिपाल र बोराले छोपेका सामग्रीहरू थिए।

'केराका थामहरू', अमरले सोच्यो।

दुईजना मैथिली बोल्ने केटाहरू जाडोमा काम्दै भए पनि स्फूर्ति देखाउँदै थिए। एउटा केटो अघि लाग्यो। दोस्रोले अमरलाई ठेला तान्न लगायो र ऊ पछाडिबाट ठेल्न थाल्यो।

'केराका थामहरू पनि कति गह्रुँगा ?'

नारायणी नदीको पुलमाथि पुग्न लाग्दा सैनिकको जिप आयो। केटाहरूलाई पानीमा पर्ने गरी फाल्नू भन्ने आदेश दिएर जिप अगाडि बढ्यो। पुलको मध्य भाग पुग्दा अघि हिँड्ने केटो रोकियो।

अमर रोकियो।

तीनैजनाले पुलबाट तल नदीमा हेरे, पानी बगिरहेको थियो।

'यही फाल्दिऊँ', अघि हिँड्ने केटो बोल्यो।

सुनसान, अन्धकार र टाढा एकतर्फ नारायणगढमा र अर्कोतर्फ गैंडाकोटमा मधुर बत्तीहरू बलेका थिए वीरबलको कथामा जति नै टाढा।

एउटाले त्रिपाल उठायो।

डुङ्ङ गन्ध फैलियो। केको केराका थामहरू हुनु, मान्छेका लासहरू रहेछन्। अमर अचल भयो- आफैं लास भैं।

लासका खुट्टाहरू समात्न खोज्यो, आँट आएन। जबर्जस्ती छुन खोज्यो। उसको मानसपटलमा रहेको बौद्धवादले लाससँग खेल्न दिएन। लास उठाएर खोलामा नफालौं सेनाको फन्दामा छ ऊ। काम गरौं उसको आँटले उसलाई साथ दिएन। आँट आएन, आउँदै आएन।

'ओइ दाइ उचाल्न', एउटा केटाले थर्कायो। उसले लासको टाउको उचालेको थियो र खुट्टा उचाल्न मद्दत माग्दै थियो।

'यस्तो पोडेको काम गर्नुभन्दा त सेनाको तातो गोली खानु बेस', सर्टको कलर माथि तान्यो, बाहुला तल झार्‍यो र लाग्यो गैंडाकोटतर्फ।

'ओई दाइ, ओए, ओए, ओए....', दुई केटा कराउन थाले। अमर लमक-लमक लम्कियो।

हेर्दाहेर्दै पुसको हुस्सु र अन्धकारमा अमर हरायो।

हिँड्दै गैंडाकोटको चोकमा पुग्यो। मान्छे वा सवारी साधनको आवतजावत थिएन। कहाँ र कसरी जाने उसको सोचभित्रको कुरा थिएन। झन्डै एक घन्टापछि पश्चिमबाट एक हुल बसहरू आए।

हात उठायो, गाडी रोकियो।

'काठमाडौं, काठमाडौं।'

'काठमाडौं।'

अमर बसमा चढ्यो, एउटा खाली सिटमा बस्यो। उससँग एक रुपैयाँ पनि थिएन। बुवाले दिएको पैसा, उसको झोला, कपडा छोडिएको

थियो । फेरि समातिने डरले डरायो मात्रै । नारायणगढ र काठमाडौंबीच ठाउँठाउँमा सुरक्षा जाँच थियो । रातको समय परेकाले गाडी बाहिर निस्कनुपरेन । सुरक्षा जाँच आयो कि अमर निदाए भैं गरेर सुरक्षा जाँच पार गऱ्यो । जब गाडी काठमाडौं छिऱ्यो, दिनभर वातावरण तातिसकेको थियो । अमर निदाएछ ।

'दाइ, दाइ उठ्नुस् झर्नुस् ।'

अमर झसंग भएर ब्युझिँयो । गाडी बसपार्क पुगेछ । सबै यात्रुहरू झरिसकेछन्, ऊ अन्तिम यात्री रहेछ । एक रुपैयाँ पनि नभएको र खलासीसँग माफ मागेर बसबाट झऱ्यो ।

'आफ्नो सामान लिएर जानुस्', खलासीले एउटा झोला उसको हातमा फालिदियो ।

झोलाभित्र के छ वा झोला कसको भन्दा पनि खलासीले बसको भाडा सम्झन्छ कि भन्ने त्रासले झोला बोकेर बाटो लाग्यो । सुरुमा सुस्तरी हिंड्यो, केही मान्छेले छेल्लिएपछि छिटोछिटो कुद्यो । सानो झोला छाम्दा कपडा भैं लाग्यो । यसको धनी खोज्दै आउँछ भन्ने सोच्दै कुद्यो ।

धेरै टाढा पुगेपछि एउटा सार्वजनिक शौचालयमा छिऱ्यो र झोला खोतल्यो । भगवान्को आशीर्वाद रहेछ- तीन हजार रुपैयाँ र दुइटा सर्ट रहेछन् । झोला कहाँ फाल्ने भयो । बुद्धि फुऱ्यो । झोलाको भित्री भाग बाहिर पाऱ्यो र त्यहाँबाट टाप कस्यो ।

झोलामा भेटेको पैसा र सर्टको सदुपयोग गऱ्यो । भौंतारिंदा-भौंतारिंदै, एउटा वैदेशिक रोजगारसम्बन्धी काम गर्ने कम्पनीमा काम पायो । चट्ट लुगा लगाएर मधुर वाणी बोल्न थाल्यो । भाग्य चम्केको भविष्य नजिकै देख्न थाल्यो ।

कम्पनीमा काम गर्न सुरु गरेको हप्ता दिन पनि नबित्दै मानव-प्रलय आयो। इराकमा बाह्रजना नेपाली कामदारको घाँटी रेटी हत्या गरेको भिडियो विश्वव्यापी भयो। सरकारले इराकमा कामदार पठाउन अनुमति नदिएको तर कुनै कम्पनीले बेकाइदा रूपमा नेपाली कामदारलाई इराक पुऱ्याएको समचारले शोकाकूल नेपाल जनआक्रोशको भुमरीमा पऱ्यो। काठमाडौंमा जनताको शोकको बाढी आयो। वैदेशिक रोजगारका कम्पनीहरू र कर्मचारीहरू शोक र आक्रोशको बाढीमा परे। टाठा-बाठा, जानकार भागेछन्। अनभिज्ञ, निर्दोष, नयाँ कामदार अमर कम्पनीमै बसिरहेको रहेछ, अनियान्त्रित भन्जक भीडले भेटेछ, भकुर्नु भकुरेर झ्यालबाट बाहिर फालिदिए। मुर्छित र मृतबीचको अवस्थामा प्रहरीले सैनिक अस्पताल लगेर बचायो। सैनिक अस्पतालको एक कोठामा उसको होस आयो। उसका हात एक नारीका हातमा थियो।

'याङ्की', आँखै नखोली उसले उच्चारण गऱ्यो।

'होसमा आयो, होसमा आयो', धेरै मान्छेहरू ठूलो स्वरमा बोले।

नर्सले उसको जाँच गरिरहेकै बेला उसको होस आएछ। निकै दिनसम्म त्यही नर्सले उसका घाउहरू धुने र मलमपट्टी फेर्ने गरी। नर्सको स्याहारले उसमा आत्मीयता बढ्यो। एक दिन अचानक विवाहको प्रस्ताव राख्यो।

'म निको भएपछि, मसँग विवाह गर्न मान्छौ ?', एक्कासि विवाह प्रस्ताव राख्यो। न कुनै भूमिका, न कुनै घनिष्टताका कुरा।

नर्स झसंग।

हतारहतार एउटा लालरङको झोल सुईमा भरेर उसको नाडीमा सेचन गरिदिई। निद्राको सुई रहेछ। ऊ निदायो। त्यसपछि उससँग देखादेखै भएन। सायद हल्ला चलेछ। नर्सहरू समूहमा मात्र आउँथे तर उससँग बोल्दैनथे।

केही हिँडडुल गर्न सक्ने भएपछि उसलाई अस्पतालबाट निकालियो। शरण खोज्दै भौंतारियो।

अमर शार्मापाको शरण खोज्दै स्वयम्भूनाथ मन्दिरको उत्तरपश्चिमको एक बौद्ध विहार पुग्यो। लामा बन्ने लामो इच्छा पूरा हुन लागेको महसुस गऱ्यो। विहारमा सरसफाइ र मालीको काम पायो। उसले त्यसलाई बौद्ध स्कुलमा प्रवेश ठान्यो। आफैं अनुमान गऱ्यो, केही समय स्वयंसेवक बनेपछि प्रवेश पाउनेछ नवभिक्षुकका रूपमा। तन र मन दिएर काम गर्ने र लामाहरूको व्यवहार सिक्न थाल्यो। बिहान तीन बजे उठेर चिसोमा मिहिनेत गर्न थाल्यो। भिक्षुकहरू जाडोमा गजधुम्म बस्छन् ध्यानको मुद्रामा, ऊ काम गर्छ। सात वर्षसम्म सेवा गर्दा पनि उसले भिक्षुकको रूपमा प्रवेश पाएन। विहारको माली र पिउन मात्र बन्यो। विहारमा भिक्षुक बन्न नपाउने पक्कापक्की भएपछि एक बिहान त्यहाँबाट भाग्यो।

नेपालमा शान्ति छाइसकेको थियो।

कलंकीबाट पोखरा जाने बस चढेर घर जान लाग्यो धेरै वर्षपछि। बसमा प्रवेश द्वारभन्दा एक सिटपछाडिको सिटमा बस्यो। उसको दायाँपट्टिको लाइनमा ड्राइभरको पछाडि उसको सिटको लाइनभन्दा एक सिटअगाडिको सिटमा बस्ने एक बालकसँग बसेकी एक महिलाको नजर बसमा चढेदेखि अमर माथि अड्किए बल्छीमा माछोको सट्टा सर्प अल्झे झैं। अमरले आँखा चिम्लियो। नदेखे झैं बस्यो। सुन्दरीको

सामुन्ने नपरेको धेरै भएछ। आँखा खोल्दा उसलाई हेरिरहेकी हुन्थी। आँखा चिम्लियो, सम्झियो र प्रयोग गऱ्यो मन नियन्त्रण गर्ने बौद्ध कला-कपालमा चाया, जुम्रा, आँखामा कचेरा, कानेगुजी, मुखमा खकार, काखी, पेट... ... फोहोरैफोहोर, नारीको शरीर फोहोरको भकारी। मनलाई पूर्ण नियन्त्रण लिएर आँखा खोल्यो। तरुनीका आँखा ऊमाथि नै थिए मानौं उसतर्फ फर्काएर बनाएको सालिक झैं। कुरिनघाटमा बस रोकियो। यात्रुहरू बसबाट झरे।

'अमर हैन तपाईं', सालिकले झैं हेर्ने तरुनीले प्रश्न गरी। अमरलाई बसबाट हैन कृष्णभीरबाट त्रिशूलीमा झरे झैं भयो।

उसले हेऱ्यो मात्र प्रतिक्रिया दिएन, 'टोटल कन्फ्युजन'

'सैनिक अस्पताल', 'इराक' 'नर्स', 'म' सालिकले झैं हेर्ने तरुनीले अमरमाथि हिन्टहरू घोप्ट्याई।

उसको मानसपटलको डी.भी.डी. खुल्यो।

धेरै वर्षअघिको सैनिक अस्पतालको काण्ड याद आयो। काखे बच्चो देख्यो। उसको बुझाइमा तालमेल मिलेन। साधारण भलाकुसारीपछि तरुनीको परिस्थिति बुझ्यो। नर्सले परिचय दिई।

'मेरो नाम 'रिन'। तिमीले मलाई विवाहको प्रस्ताव राख्दा मेरो घरमा विवाहको कुरो चलिरहेको थियो। अवसरहरू सँगै आउँछन् अनि सँगै जान्छन्। मेरो विवाह एक सैनिक जवानसँग भयो। विवाह भएको ६ महिना नबित्दै पतिको बम पड्केर मृत्यु भयो। म बिधवा भएँ। नर्सको सेतो रङ मेरो जीवनको रङ बन्यो', रिनले आफ्नो जीवनी सुनाई।

'त्यो त दस वर्षअघिको कुरा।'

'हजुर।'

'अहिले ।'

'अहिले न मेरो गन्तव्य छ, न छोड्ने वासस्थान । बाढीको मुढा, हुरीको फूल, बथान छुटेको पाठो भएकी छु। यो मेरो काखको बालकको परिचय नसोधिदिनुहोला । हन्डरहरूले दागहरू छोड्छन् । मेरो एकल जीवनमा त्यही दागहरूमध्येको एक निसानी यो छोरो भयो ।'

'जाम, जाम', गाडीको स्टाफ करायो । सबै यात्रुहरू बसभित्र पसे, आआफ्नो सिटमा बसे । बस लाग्यो पोखरातर्फ ।

अमरले बाँकी यात्राभर रिनलाई हेरिरह्यो । रिनले एकपटक पनि फर्केर हेरिन ।

बस पोखरा पुग्यो । यात्रुहरू बसबाट झरे । सबैभन्दा अन्तिममा झऱ्यो अमर । बाहिर रिन बच्चा र झोला बोकेर बाटो हराए झैं टोलाइरहेकी थिई । गन्तव्यविहीन नारीलाई सम्बोधन नगरी ऊ अगाडि बढ्न सकेन । के भनौं के सोधौं भयो ।

'मसँगै जाम्', उसले सरल अनुरोध गऱ्यो ।

रिनले अमरको आँखाभित्र हेरी उसको बोलीको अर्थ र सत्यता खोज्दै । मुखले दिएको वचनको सत्यता आँखाले पुष्टि गर्छन् ।

'कति समयका लागि ?'

'.... ....' मौनता छायो ।

'.... ...।'

'सदाका लागि', अमरले उत्तर दियो ।

अमर, रिन र दुई वर्षको बच्चा प्रोफेसरको घर पुगे। घरमा दीपावली आयो- राम, सीता र लक्ष्मण लंकाबाट अयोध्या फर्केको दिनको खुसीयाली छायो। टीकाटालो भयो। अमरकी आमा पोखराकै सबैभन्दा हर्सित बोजु बनेकी थिइन्। सहर, बजार, गाउँ, टोल, छिमेकका गन्यमान्य व्यक्तिहरू आशीर्वाद दिन आए। खुसीको बाँध फुट्यो, हर्षको सेती गड्गडायो, प्रोफेसर दम्पतीले संसारको सबै खुसीमा एकैपटक डुब्न पाए। खुसीयाली मनाउँदै तीन वर्ष बिते। पाँच वर्षको छोरालाई स्कुल भर्ना गर्न लिएर गए अमर र रिन।

'नातिलाई भिक्षुक बनाउने कि ?', प्रोफेसरले व्यंग्यात्मक प्रश्न तेर्सायो।

अमर नबुझे झैं अघि बढ्यो, लाज पचाउँदै।

स्कुलमा नयाँ भर्ना भइसकेका विद्यार्थी बालबालिका र तिनका अभिभावकबीच बोलचाल थिएन- सबै नयाँनयाँ।

'बच्चाको नाम ?', दर्ता गरिरहेकी शिक्षिकाले बच्चाको नाम सोधिन्।

'संयोग लामा', रिन र अमरले एकैपटक नाम उच्चारण गरे।

'हा हा हा....', अपरिचित, आवाज नखुलेका, बालबालिका र अभिभावकको हाँसोको फोहोरा एकैपटक खुल्यो। त्यही नामले सबैको बोली फुट्यो। बोल्ने विषय खुल्यो। सबै आपसमा बोल्न थाले। रिनले संयोगलाई हेरेर मुस्कुराई। संयोगले शिक्षिकालाई हेऱ्यो। शिक्षिकाले मुस्कुराउँदै संयोग, रिन र अमरलाई हेरी। अमरलाई देखेर झसंग भई।

'याङकी ?', अमरको मुखबाट शब्द निस्कियो।

याङकी र अमरका आँखा जुधे। धेरैबेर जुधिरहे- तेस्रो विश्वयुद्धमा पुगेछन्। रिनलाई 'याङकी' शब्द पहिले कहीं सुने झैं लाग्यो।

रिनले आफ्नो कुइनो अमरको कोखमा गाडिदिई। याङ्की र अमरबीचको नयन-युद्ध रोकियो। रिनले ऊभन्दा निकै अग्लो अमरको अनुहारमा हेरी। अमरले रिन र छोरालाई एकएक हातले तान्यो र तीन आत्मा पुगे फेवाताल किनार। धेरै दिन पछि बादल फाटेछ। पोखराको आकाश बेस्सरी खुलेको थियो तालसँगै नीलो भएर, हेरिरहुँ जस्तो। तालको किनारमा बसेर अमर र रिनले आआफ्ना आत्मकथा एकअर्कालाई सुनाए संयोगलाई साक्षी राखेर।

❑

# सरप्राइज

'तिम्रा आमा-बुवाले मलाई स्विकारेनन् भने पनि तिमी मसँगै सुत्छौ नि ? मलाई एक्लै त सुताउँदैनौ नि ?' निमाले यो प्रश्न आजै मात्र एक कोरीभन्दा धेरपटक सोधेकी थिई ।

'सँगै सुत्न दिए त स्विकारेको भइहाल्यो नि' चन्द्र मुस्कुराउँदै उत्तर दिन्छ ।

'अब कति टाढा छ तिम्रो घर, नढाँटी भन त ?' निमाले यो प्रश्न पनि अघिको प्रश्नभन्दा धेरैपटक सोधी ।

'ढाँटे पनि नढाँटे पनि दूरी त उति नै रहन्छ नि' चन्द्रले वातावरण सहज बनाउन खोज्यो ।

केहि समय मौनता छाउँछ । दुवै सुनसान हिँड्छन् ।

'तिमी कुन कक्षामा फेल भएको अरे ?' मौनता भंग गर्दै निमा मायालु भाकामा सोध्छे ।

विषय परिवर्तन भएकोमा ढुक्क हुँदै चन्द्रले सहजै उत्तर दिन्छ- कक्षा ५ मा दुईपटक ।'

'कक्षा ५ र ६ बीचको दूरी त उति नै हो नि तर तिमीले तीन वर्ष लगाएछौ' निमा यति भनेर अघिअघि कुदी ।

'तिमीलाई त' भन्दै निमालाई पक्रन चन्द्र पनि निमाको पछिपछि कुद्यो ।

'तिम्रो बुवा-आमालाई नफकाई मलाई छुने कोसिस गर्ने हैन' भन्दै निमा अघिअघि बढिरही । उसले बोकेको खकने झोला मात्र हल्लिरह्यो, धेरै कुद्न सकिन ।

'पर्ख पर्ख, नत्र अर्कैको घर पुग्छौ र मलाई आपत् पर्ला'

'यहाँ कति घर छन् बाटो छेउछाउमा मात्रै ?'

'त्यस्तै दस, बाह्र घर छन् । यो आङदिम्बेको घर, यसपछि लामिछानेको, त्यसपछि पाँडेको, लिम्बूको, कुलुङ-राईको, बस्नेतको, लम्जेलको, पोखरेलको, अनि तिम्रो माइतीको, ठोक्करको, बानियाको, अनि तिम्रो घर ।'

'मेरो माइतीको ?' निमाले तिखो स्वरमा सोधी ।

चन्द्रले 'छ एउटा भोटे...' मात्र के भनेको थियो, निमा फनक्क फर्केर उसको हातले चन्द्रको मुखमा यसरी जोडसँग छोपी डाक्टरले बिरामीलाई एनेस्थेसिया लगाउँदा छोपेजस्तो । निकै बलले मुख छोपेर सिकाई, 'भोटे हैन डुक्पा ।' हात र स्वर मलिन गर्दै थपी 'अरुलाई इज्जत दिनेले इज्जत आफैं पाउँछ ।'

चन्द्रले निमाको हात आफ्नो थुतुनोबाट विस्तारै झिक्दै भन्यो, 'आक्रमण गर्नेले आक्रमण सहन पनि तयार हुनुपर्छ ।'

'तिम्रो पनि सरी अनि मेरो पनि सरी- बराबर भयो ल' निमाले वार्तामा बिराम लगाई । केही समय दुवैजना सुमुसुमु हिँडे, अँध्यारोमा, एकअर्काको रूप छाया मात्र भइसकेको थियो ।

'यति टाढा रहेछ- अघि किन समय छ, नजिकै छ भन्दै बजारमा ढिलो गरेको ? अघि हिँडेको भए ऐलेसम्म पुगिसकिन्थ्यो होला ।'

'तिमीसँग दिनमा भन्दा रातमा हिँड्न रहर लाग्छ त्यसैले ।'

'सलाई, टर्च केही छैन ?'

'मसँग सलाई त सधैं हुन्थ्यो, तिमीले चुरोट तान्न बन्द गरिदिइहाल्यौ नि ।'

'चुरोट चुस्नुभन्दा त अँध्यारोमा हिँड्नु उत्तम ।'

'अँध्यारोमा लडेर घाइते हुनुभन्दा त चुरोट चुस्दा नै रमाइलो हुन्छ नि, कि कसो ?'

'चन्द्र, यहाँ सुँगुर पालेको छ ? सुँगुर खोरको गन्ध आउँदै छ त ।'

'छ नि, सबै मान्छे मजस्तो शाकाहारी कहाँ हुन्छन् ।'

'तिम्रो घरमा पनि छन् ?'

'हाम्रो घरमा त कहाँको सुँगुर हुनु नि, बाखा पनि छैनन्, गाईगोरु मात्र छन् । तिमीलाई शाकाहारी हुन त निकै गारो पर्छ होला है ।'

'मलाई त मासुभन्दा सागपात मन पर्छ । म पनि इच्छाले त शाकाहारी नै हुँ नि । अब भने पूर्ण शाकाहारी बन्ने मेरो मनसुवा पूरा हुने भयो । छाकैपिच्छे मासु खाएर के शान्ति र अमनचयनको कुरा गर्नु र है ।'

'त्यसो भए त तिम्रा सासूससुराले तिम्लाई धेरै माया गर्नुहुन्छ, पक्का पनि ।'

'किन ?'

'जसको आहार मिल्छ उनीहरूको व्यवहार मिल्छ,' चन्द्रले मुहावरा सुनायो।

'यहाँ सधैं यस्तै सुनसान हुन्छ कि आज मात्रै हो ?' निमाले सोधी।

'हिजोआज, आन्दोलनले गर्दा यतातिर डरैडर छ, बेलुका आवतजावत घट्छ, प्रायः घरभित्रै सुनसान र चनाखो बस्छन्।'

'बत्ती पनि बाल्दैनन् ?'

'बत्ती बाल्यो, बोल्यो, रोयो भने त मान्छे छ भनेर थाहा भइहाल्छ।'

'आन्दोलन अझै छ त ?'

'छ नि, बाहिर जति सुनसान हुन्छ भित्र उति नै डर र आक्रोश रुमलिएको हुन्छ।'

'मलाई बुझाऊ त डर चैं कसको ?' निमाले निर्दोष प्रश्न सोधी।

'बुझ्न त सजिलै छ नि। जहाँ विभाजन हुन्छ द्वन्द्व त्यहीं हुन्छ। यहाँका गाउँलेहरू पनि दुई समूहका चपेटामा च्यापिएका छन्। एउटा समूह सरकारविरोधी र अर्को रैतीविरोधी। विचरा गाउँलेहरू दुवै समूहदेखि डराउँछन्, दुवैबाट पीडित छन्। एकले अर्काको समर्थक भएको शंका गर्छन् र दुःख दिन्छन्। गुनासो राख्ने ठाउँ छैन। एउटा समूहलाई गुनासो राख्यो भने अर्को समूह भड्किन्छ। त्योभन्दा बेस, चुपचाप सुत्यो ओछ्यानमा मुत्यो।'

'हा हा।' दुवै हाँस्छन्, मानौं पीडाभन्दा हाँसो माथि हुन्छ। सतहमा हाँसो गहिराइमा पीडा।

'यस्तो अँध्यारोमा उज्यालोको बन्दोबस्त त सोच्नुपर्थ्यो क्या तिमीले। यस्तो ढिलो गर्न नहुने। अघि बजारको दोकानमा दुई घन्टा त्यत्तिकै बसेर। यति टाढा रहेछ।' निमाले गुनासो दोहोऱ्याई।

'तिमी हुँदा कहाँ अँध्यारो हुन्छ र ? तिमी त आकाशको जुनभन्दा उज्यालो छौ। किन चाहियो र टाढाको जून ?'

'म जून भएको भए ऐले दुइटा जून हुनुपर्ने' निमाले थपी।

'तिम्रो सामुन्ने टक्कर दिन नसकेर आकाशको जून लुक्यो नि'

'अनि म जून हैन, "निमा" भनेको घाम हो।'

'त्यही त रातमा आउने घाम।'

'तिमीले पाँच कक्षामा पनि भूगोल पढेका थियौ ?' निमाले प्रश्न गरी।

केही क्षण शून्यता छायो।

'यता कुकुरहरू पनि छैनन्, भुकेको सुनिँदैन त।'

'कुकुर पहिले त थिए, भुकेर हैरान बनाउँथे। मानव सभ्यताको उचाइ कुकुरको भुकाइबाट नाप्ने हाम्रो बस्तीमा यति सुनसान हुनु तिम्रो आगमनमा वाधा नबनोस् भन्ने कारणबाहेक अरू के होला मलाई पनि थाहा भएन' चन्द्रले उत्तर दियो।

'तिम्रो घरमा कुकुर छ ? निमाले सोधी।

'कुकुर छैन, बिरालो छ, परेवाहरू छन्।'

'तिम्रा आमा-बुवालाई मैले पहिला के भन्नुपर्छ ? के गर्नुपर्छ ?' निमाले फेरि सोधी।

'नमस्कार गर्नु। खुट्टा छुनु। उपहार दिनु उहाँहरूले जे भने पनि मुस्कुराउनु। बस त्यति।' चन्द्रले सुझाव दियो।

'अब कति टाढा छ तिम्रो घर ?'

'अब दुई घर।'

'कति टाढा छन् ती घरहरू ?'

'अब आइ नै सक्यो।'

'छक्याउने योजना बनाउँन, चुप लागेर जाऊँ, तिमीले दैलो ढकढकाउनु र जसले दैलो खोले पनि तिमीले पहिले नमस्कार गर्नू। म केही क्षेण लुकेर बस्छु। आज आमा-बुवालाई आश्चर्यचकित पारदिऊँन ल।' चन्द्रले आफ्ना आमा-बुवालाई सरप्राइज दिने योजना सुनायो।

'डराएको ? म पहिला त बोल्दिनँ है।'

'सरप्राइज दिऊँ भनेको, घर पुग्नै लाग्यौं।'

'आज त त्यत्तिकै तीनछक पार्दै छौ नि। तिमीले यथार्थ भूमिका निभाउनु।'

'पर्ख, पर्ख यही हो हाम्रो घर।' भन्दै चन्द्र मूल बाटो छोडेर सानो बाटो लाग्छन्।

केही वास बसेका परेवाहरू भुईंबाट भुर्र उडेर अन्धकारमा हराउँछन्।

'आछा घर त यही थियो', चन्द्रले हरेशको सुस्केरा फाल्यो।

'यो चौरमा तिम्रो घर ? मजाक नगर न। म सरप्राइज हुनेवाला छुइनँ', निमाले रुष्ट स्वर बनाएर गाली गरी।

चन्द्र टुक्रुक्क बस्छ, हात निधारमा राख्छ, उसको मन र हिम्मत लरेनीको छाँगाबाट खसिसकेको हुन्छ फेरि उठ्न नसक्ने गरी ।

चन्द्रको दुईतले घर चौर भइसकेछ । समपहरण गरी चन्द्रको परिवारलाई देशबाट लखेटेर उनीहरूको अस्तित्व मेटाउन लागिपरेका लखेटुवाहरूले माटोको घर भत्काएर, सरसफाइ गरेर, दुबो र घाँस रोपेर, घरको नामनिशान मेटाएका रहेछन् । बल्ल उसलाई थाहा भयो- उसका सपरिवार निर्वासित भएछन्, मुलुक छोडेर अन्यत्रै गइसकेछन्, वनवासी भइसकेछन् । यो चन्द्रले निमालाई आजसम्म दिएको सरप्राइजभन्दा जनद्रोही राज्यसत्ताले दिएको सरप्राइज बेजोडको थियो ।

❑

# बबुवाको बोसी

'सागरको पानी हिमालको हिउँ चरीको वास बन
पुसको झरी फुसको छानो क्षितिजपारि मन ...'

भविकाको गीत टक्क रोकियो।

'कल बिहान बडका भैया यूके से घरे अहिए, ओहि से कुर्मी चाची काहले हइन कि तु और तोहार बबुवा बिहान भिनै ए चाचा के घर मे जैसे भी काम करे चलजायौं' यति खबर निम्तो दिएर कुर्मी चाचाको नोकर आफ्नो बाटो लाग्यो।

जाडोले कति खेर घर पुगौं भएका आमा छोराविना प्रतिक्रिया आफ्नो घरतर्फको बाटो हिँडिरहे।

संक्रान्तिका लागि वनतरुल, कन्दमूल खोज्न वन गएका बबुवा र उसकी आमा भविका वनमै मुसलधारे पानी र असिनाको घेराउमा परेका थिए। एउटा ठूलो रूखको छहारीमुनि ओत लागे पनि निथ्रुक्कै भिजे, पानी रहनु त कहाँ हो कहाँ झन् रात पर्‍यो। जसो पर्लापर्ला छहारी छोडेर घरतर्फ लागेका थिए- दिनभरिको कमाइ केही तरुलका ठुन्का, सुकेका हाँगा र झिटी बोकेर। नोकरको सन्देशको प्रतिक्रिया दिने इच्छा थिएन उनीहरूमा। घर पुग्दा- उनीहरूको वास- परालले बारेको र छाएको

झुपडीभित्र बेसुरे असिना जबर्जस्ती पसेर आफ्नो साम्राज्य जन्माइसकेका रहेछन्। घरका सबै सरसामान भिजेर निथ्रुकै, चिसै, भाँडाकुँडा टिलपिल, चुलो अगेनोमा पानीको आहाल, पाइला राख्नसमेत ओभानो ठाउँ छैन। घरको ओड्ने-ओछ्याउने, बाल्ने दाउराहरू वनबाट ल्याएको कन्दमूल र सिटाभन्दा भिजेका र चिसा। न सलाई बल्छ न लाइटर नै।

भविका जाडोले काँप्न थालिन्। उनका नङहरू, ओठ र हत्केलाहरू नीला भइसकेका छन् पानीले भिजेर र जाडोले। घरभित्र टुसुक्क बस्ने ओभानो ठाउँ पाइनन्। भविका जाडोले मात्न थालिन्, काँप्न थालिन्, स्वर स्पष्ट हुन छोड्यो, हात पाउका नङहरू फुतफुत झरे झैं दुख्न थाले।

ओभानो सफा ठाउँ स्वस्थ्य हुँदा मात्रै पाइने रहेछ, उनी भिजेको खाटछेउमा बसिन् खाँबोमा अढेस लागेर। बबुवाले के गर्ने, के नगर्ने सोच्नै सकेन 'माई का भइल ?' मात्र भनिरह्यो।

माई बसेपछि उनका दुई आँखा मात्र देखिन्थे परालको भित्ताका प्वाल र छिद्राबाट छिरेको मधुरो ज्योतिको प्रतिबिम्बमा।

'माई हम का करी काहाने?' बबुवा निर्देशन पर्खिरह्यो।

'बबुवा, जो चाचा किहेसे आगि वा सलाई लेकेआव। धेर समय ने बैठे, नाही दिहे ते चलआए। जल्दी जाके, जल्दी आव।' भविका बबुवाविना एक क्षण पनि टाडा रहन चाहन्न थिइन्। हुन सक्छ उनलाई आफ्नो अन्त्य नजिकै छ भन्ने भान भएको हुनुपर्छ।

बबुवा कुद्यो कुर्मी चाचाको घरतर्फ र चाँडै फर्कियो पनि तर आगो दाउरा केही नल्याई। कुर्मी चाचाको घरमा कसैले दैलो खोलेनछन्।

बबुवाको बोलाई कसैले सुनेनछन् वा सुनेर पनि कसैले केही प्रतिक्रिया दिएनछन् ।

घरभित्र भविका निश्चल भइसकेकी थिइन् । बबुवाले फेरि माईको हात समात्यो- असाध्यै चिसो- वरपवालाको कुल्फीभन्दा धेरै चिसो ।

केही अघिसम्म त बेस्सरी तातेको थियो भविकाको शरीर- ऐले ज्वारोले छोडेछ र जाडोले जितेछ । आँखा पनि बन्द भए ।

'माई अखिया खोला ते ।' बबुवा ठूलोठूलो स्वरमा चिच्याउन थाल्यो ।

भविकाको जिब्रो मात्र चलिरह्यो लर्बराउँदै- बजारबाट फर्केको मत्तुको जिब्रो जस्तै ।

बबुवालाई थाहा भइसकेको थियो माईलाई आगोको न्यानो चाहिएको छ तर कसरी आगो बाल्ने । सलाईको कोर्ने कागज र सलाईका काँटीका टाउका सबै पानीले भिजेर गलेर झरिसकेका थिए । बर्बराउँदै बबुवा रुन थाल्यो 'माई अखिया खोला ने' मात्रै भन्न थाल्यो ।

भविकाले बबुवालाई नजिकै बोलाई र कोलीमा राखी बहुपासमा कसेर ।

बबुवालाई बरफको बाकसभित्र छिरे झैं भयो हड्डी फुटाउने चिसो, तर मानिरह्यो । बबुवाको गोजीमा ढुंगा रहेछ- दिउँसो खोलामा भेटेको र उसले मन पराएर राखेको- सेतो ढुंगा- पहिला कहिल्यै नदेखेको भएर मन पराएर बोकेको रहेछ ।

भविकाले ढुंगा झिक्न लगाइन, चक्कु खोज्न लगाइन् र चक्कुको पछाडिबाट ढुंगामा कोर्न लगाइन् सलाई कोरे झैं तर बल लगाएर ।

बबुवाको लामो भगीरथ प्रयासपछि फिल्का निक्लन थाले। फिल्काले आशा बढायो।

'खरइमे जाके निचेके सुखाइल पैरा लेके आवाते बबुवा' भविकाले छोरालाई काम लगाइन्।

बबुवाले टउवाको मुनिको ओभानो पराल ल्यायो माईको निर्देशनमा ससाना टुक्रा, ढुटो बनायो र त्यसमाथि चक्कु र ढुंगा रगेट्न थाल्यो।

'माई, हम्मनके घर यतना छोट और चाचाके काहे वतना बडा ?' बबुवाले ढुंगा घोट्दै प्रश्न गऱ्यो।

'इ सब नसिबके खेल हो बबुवा ?', बबुवाले माईको उत्तर सुन्यो तर बुझेन, ढुंगा घोटिरह्यो।

जीवनको अन्त्यमा सत्य बोल्न आउँछ। निद्रा सकृयताको अन्त्य हो र मृत्यु जीवनको। भविकाको अन्त्य निद्रा थियो वा मृत्यु उसलाई सत्य बोल्न मन लाग्यो। त्यही र त्यस्तै सत्य पाउन होला, मार्नुअघि मार्नेले मारिने मान्छेलाई अन्तिम इच्छा सोध्ने गरेको। त्यसरी मर्नेले दिएको अन्तिम वाणीहरू सत्य सावित भएका दृष्टान्त छन् यत्रतत्र संसारभरि।

बबुवा आगो बाल्न ढुंगा र चक्कु ठोकिरहेछ प्रश्न सोध्दै र माईको ज्ञान दुहुँदै वा उसलाई निरन्तर बोल्न लगाउँदै।

'कौनो समय हौं घर तोहार अधिकार के सम्पत्ति राहाल, बबुवा' भविकाले ऐलेसम्म नखोलेको रहस्यको गाँठो फुकाइन्।

'हँ...' चक्कु र ढुंगा परालको ढुटोमाथि बिसाएर माईतर्फ हेऱ्यो।

'कैसे ?' प्रश्न गऱ्यो फेरि ढुंगा ठ्याकठ्याक पार्न थाल्यो।

'तोर बाबा हौं बडका घरके मालिक राहलेन्न। तोर बाउँजी हम के उहे घरमे ल्याइल राहले' भविका भन्दै गइन् बबुवा ठ्याक-ठ्याक पार्दै बेलाबेला माईलाई हेर्दै सुनिरह्यो।

'तिनाउ से मार्चवार तक तोर बाबाके जमिन राहल। सब उन्के महाजन सामन्त और साहु कहीके जयजयकार करत राहलेन्न। तोर बाबा घोडामे सवारी करतराहलेन्न। ऊ दानी राहलेन्न। देश मे परिवर्तन आइल कहिके आपन जग्गा जमिन सरकारके दिहे खातिर सबके बाडँदेहलेन्न। थोर जग्गा और कुछ घर भर आपन हकमे रखकर।' बबुवालाई रिस उठ्दै थियो र झन् छिटोछिटो ठ्याकठ्याक पार्न थाल्यो। झिल्का निस्कियो।

'आगिके चिंगारी' बबुवाले उत्तेजित भएर चिच्यायो।

'पैरामे आगिके चिंगारी परल।' माईले सिकाइन्।

परालको ढुटोमाथि झिल्का परे र निभे तर परालमा आगो सल्केन। माईले कथा पुनः निरन्तर गरिन्।

'तोहार बाउजी वो बहुत दानी राहलेन्न। दुनियाके लैकनके पढाइमे पैसा सब खर्चा कैले।'

बबुवा आफ्नो बाबुले भएको पैसा दुनियाँका छोराछोरीको शिक्षामा खर्च गरेर राम्रो गरेको हो कि नराम्रो छुट्ट्याउन सकिरहेको थिएन।

'अन्तिममे ....' भविका टक्क रोक्किई।

बबुवाको ठ्याकठ्याक रोकियो।

'अन्तिम मे का भइल ?' बबुवाले सोध्यो।

'अच्छा चिजके अन्त अच्छा होला काहाले। मगर तोर बाउजीके अन्तिम अच्छा नाही भइल।' अवरुद्ध गला सफा गर्दै कथा निरन्तर गरिन्।

'तोर बाउजीके रोग लगैल...

केहु कहे कि दवाई करौलेसे ई रोग ठीक होजाई और केहु कहे की कब्बो नाही ठीक हीई...

दवाई मे सब सम्पत्ति खत्तम हो गइल...

बाद मे ऊ बडका घर कुर्मी चाचाके नामे कैके कर्जा लिहे के परल...

कर्जामे ब्याज थप्त गइल...

कर्जा और ब्याज दुनो नाही देमिल्ल...

तोर जन्म भइल १० दिनके बाद तोर बाउजी स्वर्गवास भइले...

हमन्के घर हमन्के नाही रहल...

तोके लेके हम ई जगही अइली...

यी झुपडी के जमिनीयो हमन्कके नाही हो...

यिहे लक्डी और पैरासे बनल घरमे तोके यतना बडा बनउली...

हेकर असर तोके नेपरे कैके तोके यी बात नाही सुनइले राहली...

अब ते बुझे लाएक भइले...

'यी सब बात तोकें बुझे के समय आइल...।' रोकिँदै-रोकिँदै भविकाले लामो कथा भनी।

बबुवाले दस वर्षदेखिको रिस निकालेर ढुंगामा चक्कु प्रहार गऱ्यो। धेरै झिल्काहरू निस्के, उडे र बिलाए तर परालको ढुटोमा आगो सल्किएन। उसको बाल-मस्तिष्क मात्र तातिसकेको थियो। भविकाको जिब्रोबाहेक केही चलेको छैन, जाडो बढेको बढ्यै छ।

'अब ऊ घरमे हमन्के कब्बो नाही जा सकेके ?' बबुवाले प्रश्न सोध्यो र ठ्याकठ्याकमा लागिरह्यो।

'नसिब साथ देई ते सकेके। ते धेर धन कमाके करजा चुक्ता करबे तब वापस ले सकल जाला।' माईको सकारात्मक उत्तरले उसमा झिल्का निकाल्ने बल बढाइरह्यो।

'नसिब साथ कैसी देई ?' बबुवाले निर्दोष प्रश्नहरू सोधिरह्यो।

'तोहार बाउजी यतना धेर लड्का लड्क्कीके पढउले बाटे और उनहने मे खर्चा कैले बाटे। एक जनी कौनो अगर गुण वापस करे ते तोर नसिव बदल जाई।' भविकाको उत्तर सुनेर बबुवा अनायासै मुस्कुरायो अन्धकारमा सेता दाँत टल्किए।

उसका बाबुले त्यति धेरै केटाकेटी, किशोरकिशोरीहरूलाई पढाएको रहेछ भन्ने थाहा पाउँदा उसमा आशा जाग्यो।

बोल्दाबोल्दै भविकालाई भोकले च्याप्यो र बबुवालाई भनिन्।' हमार सुइटरके खल्ती मे सुर्ती बा निकारके हमार मुहमे डालदाब बबुवा।'

बबुवा ढुंगा र चक्कु छोडेर माईको सुइटरको पोल्टाबाट खैनीको पोको झिक्यो, माईको मुखमा हालिदियो। निस्पट्ट अँध्यारो थियो उसले आफ्नो मुखमा पनि हाल्यो। हिजोआज उसलाइ खैनीको बास्ना मन पर्न थालेको छ। आज त झन् उसलाई भोकले जोतेको दिन-बास्नासँगै स्वाद पनि मन पराएरै खायो।

माईलाई खैनी खुबाएर ढुंगा र चक्कुमा फर्कियो। सुर्तीका कण उसका हात, ढुंगा र परालमा परेछन् झिल्का टिप्यो। केही समय बल्यो तर पराल सल्केन। आँखा बन्द गरेर बसेकी माईलाई सुनायो।

'ऊ सब खैनी मे चकमक लगावा ते।' भविकाले उपाय सिकाइन्।

त्यसै गऱ्यो। आगो बल्यो पराल सल्कियो।

घरको कुनामा भएको आगो बाल्ने बोर्सीमा पानी भरि छ। भविकाले बोर्सीको पानी घोप्ट्याउन लगाइन् र त्यसमा आगो बाल्न सिकाइन्। बबुवाले बोर्सीमा आगो बाल्ने जमरको गऱ्यो। बोर्सीमा सुखा पराल, बनबाट ल्याएको झिक्रा दाउराहरू राखेर बलेको परालले आगो सल्कायो।

आगो बल्यो।

आगो बलेको खुसीमा आँखाबाट सफल्ताका आँसु छ्या-प्याल झरे। लाज लाग्यो, अँध्यारोलाई पर्दा बनाएर आँसु पुछ्यो।

विस्तारै भविकाको शरीरमा न्यानोले प्रवेश गऱ्यो।

बबुवाले झिक्रा र दाउराहरू थपेको थप्यै गऱ्यो। माईलाई तेलले मालिस गरिदियो र माईले कथा भनिरहिन् रातभर।

रात बित्यो।

भित्ताको छ्याबन्द्राबाट भित्र पस्ने बिहानको पूर्वेली रोशनीले बबुवाको मुहारमा सफलताको हाँसो र भविकाको चेहरामा विजयको सन्तुष्टि भेट्यो।

घामको दर्शनसँगै कुर्मीको घरबाट समाचारका हुरीहरू प्रसार हुन थाले।

'कुर्मी चाचा लड्का, बडका भैया यूकेसे आज घरे आवत बाटे।'

'बडका भैया यूकेमे डाक्टर भइल बा'

'अब कुर्मी चाचा चाची होके यूके ले जाई काहत बा'

'बडका घरजग्गा जमिन बेच्त होइएन ।'

'घरजग्गा जमिन रेखदेल खातिर मनई रखभइलले, कामदार खोजत बाटे ।'

'किनेवाला ग्राहक खोजत बाटे ।'

जब बबुवाले थाहा पायो उसलाई असाय पीडाले सतायो। ऊसँग उसको पूर्वजको सम्पत्ति फिर्ता लिन धितो तिर्ने सम्पत्ति छैन, कमाउने समय छैन। अब कसले उसको बडा घर र जमिन किनेर आफ्नो बनाउँछ। उसले उसकी माईको झन् दुःखपूर्ण भविष्य देख्यो।

खबर आयो, स्वागत गर्न, खुसियाली मनाउने पृष्ठभूमि तयार पार्ने काम गर्न गाउँभरिका मान्छेहरू स्वयंसेवक बनेका छन् रे। भविका र बबुवाको आवश्यकता परेको छैन रे।

उसलाई माईले कथा नसुनाएको भए उसको मनमा ज्वारभाटा पैदा हुने थिएन तर अब कुनै कथा वा प्रवचनले उसको मन शान्त हुने छैन। उसभित्र बालविद्रोह पैदा भइसक्यो। बालविद्रोह सबैभन्दा भयंकर र अनपेक्षित हुन्छ।

खबर आयो।

'कुर्मी चाचाचाची यूके ले जाई ठीक ठाक भइल ।'

घरजग्गा किन्ने दलाल र सेठहरूको बडाघर जाने आवृत्ति बढ्यो। मूल्यका लामालामा अंकहरू बस्तीमा प्रसार भए। मुलुकको सेयर-

विनिमय बजारको कुराकानीभन्दा कुर्मी चाचाको घरजग्गाको मोलतोलको गफ गाउँबस्तीमा घनीभूत भयो।

बडा भैया, कुर्मी चाचाचाची यूके जाने एक दिन मात्र बाँकी थियो, डाक्टर भएका बडा भैयाले बबुवा र भविकालाई बडाघरमा बोलाए र सबैलाई आश्चर्यचकित पार्दै एउटा अविश्वसनीय सन्देश सुनाए।

बडा भैयालाई यूकेमा पढ्न बबुवाको बाबाले सम्पत्ति लगानी गरेर पठाएका रहेछन्। यूकेमा पढ्दा बस्ता पनि पटकपटक पैसा पठाएका रहेछन्।

असल काकाको सहयोगको निम्ति शब्दमा धन्यवाद प्रकट गर्ने असमर्थ छु भन्दै कुर्मी चाचाचाचीले ओगटेको बडाघर र सम्पूर्ण चलअचल सम्पत्ति बबुवा र भविकाका नाममा नामसारी गर्ने निर्णय गरेको सुनाए।

बबुवा र भविका ठूलाठूला स्वरमा डाँको छोडेर रोये बिनालाज बिनाहिच्किचाहट।

डाक्टर बडा भैया र कुर्मी चाचाचाची यूके उडेकै दिन बबुवा र भविका बडा घर, आफ्नो पुर्ख्यौंली थलो, प्रवेश गरे।

बस्तीमा सन्देशहरू फैलिए, साटासाट भए।

हिजो :

सम्पत्ति हरदम साथ नाही देला *(सम्पत्तिले सधैं साथ दिँदैन)*

सात पुस्ताके पुगेवाला सम्पत्ति एके पुस्तामे स्वाहा *(सात पुस्तालाई पुग्ने लुटेको सम्पत्ति एकै पुस्तामा स्वाहा)*

धन जैसे आवला औइसे जाला *(धन जसरी आउँछ त्यसरी जान्छ)*

नसिव मे रही त्बने होई *(भाग्यमा भए पो डोकोमा दूध दुदा अडिन्छ)*

दादा बाबाके सम्पत्ति खाए के नसिवी यो मे हो एके परला *(बाबु बाजेको सम्पत्ति खान त भाग्यमा पनि लेखेको हुनुपर्छ)'*

भन्नेहरू आज भन्दैछन् :

किस्मत के लिखल केहु नाही मिटापाई *(भाग्यमा भएको कसैले रोक्न सक्दैन)*

त्पसे कमाइल धन केहु नाही छोर पाई *(सत्यको धन कसैले खोस्न सक्दैन)*

किसम्तमे रहिते सब अच्छा होला यही के काहाले *(भाग्यमा भए डोकोमा दूध दुहुँदा पनि अडिन्छ भनेको यही हो)*

सच्चाई के कब्बो नाही हार होला *(सत्यको कहिल्यै हार हुँदैन)* आदि इत्यादि ।

सबैले बबुवा र भविकाको कथालाई नैतिक वचनहरू र प्रेरणाका कथाहरू बनाइरहे ।

बबुवाले फुसको छाप्रोबाट बडा घर बसाइँ सर्दा केही सामान लग्यो र सबैभन्दा आत्मीय थिए उसका चार उपहार माई भविका, बगरबाट टिपेको दल्छिन् ढुंगा, पुरानो चक्कु र माटोको बोर्सी ।

प्रत्येक वर्ष पुस १ गतेदेखि माग मसान्तसम्म बबुवाको घरअघि बोर्सीमा आगो बल्छ, बिहान बेलुकै ।

त्यसैले त सबैले भन्छन्, 'बबुवाको बोर्सीले गर्दा, कुर्मी गाउँमा कोही जाडोबाट मर्नुपरेको छैन ।'

❑

# गगनको सुन

मुलुकमा गणतन्त्रको उदयसँगै रघुनाथको जीवन र दिनचर्यामा परिवर्तन आए। रघुनाथका दुई छोराहरू गगन र मानधोजलाई पुनः स्कुल पठाउँनै पर्ने भयो र जान थाले। सीमान्तकृत वर्गीकृत रघुनाथले सरकारबाट मासिक सहयोग पाउन थाल्यो। स्कुल पठाएवापत दुई छोराहरूको मासिक प्रोत्साहन भत्ता आउन थाल्यो तर ऊ त्रिशूली नदीको बालुवा खनेर, बोकेर किनारमा थुपारेर केलाउने कार्यमा एक्लिँदै थियो। दिनको अठार घन्टासम्म काम गर्ने दुई छोराहरू पुनः स्कुल जान थालेपछि छ-सात घन्टासम्म मात्रै बालुवाको काम गर्न भ्याउन थाले।

कहिले छुट्टी हुन्छ र पूरा दिन काम गर्ने ध्यानमा रहन थाल्यो रघुनाथ। स्कुलमा गगन र मानधोजले कृतिमानहरू हत्याउन थाले- आलोपालो प्रथम र दोस्रो भएर।

स्कुलका प्रत्येक जाँच, परीक्षा, अतिरिक्त कृयाकलापहरूका उच्च दुई सम्मान उनीहरूको पेवा बन्न थाले।

उनीहरू पुनः स्कुल गएको पाँच वर्ष हुन लाग्यो।

एक दिन एक फिरंगी त्यस स्कुल पुग्यो सहयोगार्थ। शिक्षकहरूसँगको अन्तरक्रियापछि गगन र मानधोजसँग भेट्यो। फिरंगी मानधोजको

व्यवहार र अब्बल दिमागबाट प्रभावित हुन्छ। फिरंगी र मानधोजको क्यामेस्ट्री मिल्यो। मानधोजको घर गयो फिरंगी।

त्रिशूली नदीको किनारछेउमै सुकुम्बासी सीमान्तकृत रघुनाथको घर छ। उसको घर भएको जग्गा उसको हैन। प्रत्येक दिन नदीबाट बालुवा भिकेर किनारमा ल्याएर थुपार्छ, चाल्छ, वर्गीकरण गर्छ र बालुवा ठेकेदार वा बालुवा दलाललाई बेच्छ।

तीनजनाले गर्दै गरेको काम एकजनाले मात्रै धान्नुपर्दा आम्दानीमा ह्रास आएको छ।

फिरंगीले मानधोजलाई एउटा महँगो मोबाइल उपहार दियो। फिरंगीसँगको भेटघाटपछि मानधोजमा क्रमिक परिवर्तन आउन थाल्यो। स्कुल कम जाने, धेरै समय नदी किनार जाने, बालुवा बोक्नुको साटो, बालुवामा सुन खोज्ने र अरू समय मोबाइलमै टाँसिन थाल्यो। स्कुलमा उसको पर्फरमेन्स खस्कन थाल्यो।

मानधोजले कक्षामा अनौठो प्रश्न सोध्न थाल्यो।

'क्वारटिक र कुइन्टिकको औसत निकाल्ने शुत्र के होला सर ?' एक दिन मानधोजले गणितको कक्षामा शिक्षकलाई प्रश्न सोध्यो।

'युनिभर्सिटी पुगेपछि प्रोफेसरलाई सोध्नु, अहिले स्कुलकै पाठ्यक्रम पढ्नु ल' शिक्षकले व्यंग्यात्मक उत्तर दियो, व्यंग्यले आफ्नै शैक्षिक खाडल भर्दै।

स्कुलमा उपस्थिति कम, पर्फरमेन्समा दुविधा र परिणाममा क्रमिक ह्रास देखाउन थाल्यो। जति गगनको प्रगति थियो उति नै मानधोजको अधोगति। घरमा मोबाइलसँगको घनिष्टता मात्रै बढेको बढ्यै थियो।

घरमा स्कुलको कार्यमा भन्दा बढी मोबाइलमा ध्यान थियो मानधोजको।

स्कुलले उसका छोरालाई अयोग्य ठानेर निकालिदिए उसको साथी बद्नेछ। रघुनाथलाई चिन्ता थिएन। ऊ ढुक्क थियो। अलिअलि स्कुलबाट सहयोग पाएकै थियो।

एक सप्ताहन्त, मानधोज घरबाट हरायो। कसैलाई नभनी कता गयो, कता गयो। अबेर साँझ घर फर्कियो। आत्तिएका रघुनाथ र गगन खुसी भए। मानधोजले आफ्नै लागि र गगनका लागि एकएक जोडी नयाँ कपडा ल्याएको रहेछ।

'कसले दियो यो महँगो कपडा ?' रघुनाथले सोध्यो।

'फिरंगीले' मानधोजले सहज उत्तर दियो।

'बाबालाई नि ?' गगनले सोध्यो।

'अर्कोपटक'

अर्को दिन बिहान उज्यालोले पृथ्वी ब्युँझाउनुअगावै मानधोज नदी किनारमा पुगेको थियो।

केही दिन उसको बास नदीकिनारमै भयो। मानधोजको हिमाली भारद्वाज चराभन्दा चाँडो उठ्ने बानीले रघुनाथ र गगन पनि सबेरै उठ्ने भइसकेका थिए।

एक दिन मानधोज फिरंगी भेट्न गयो। फर्कंदा रघुनाथका लागि उत्तम कोटिका कपडा लिएर आयो।

'तेरो काजको रहस्य के हो ?' रघुनाथले सोधे।

'म बगरमा सुन खोजेर फिरंगीलाई बेच्छु ।'

त्यस दिनबाट तीनैजना बालुवा थुपार्नुका साथै सुनका कण पनि खोज्न सुरु गरे ।

सुनका टुक्रा खोज्ने, भेटेपछि फरंगीलाई सुइँको दिने र उसले भनेको ठाउँ पुऱ्याउने काम हुन थाल्यो ।

एक बिहान रघुनाथ र गगन, बगर पुगे, सदा झैं घाम झुल्किनुपूर्वको मिर्मिरेमा बगरमा टल्किने कणहरू संकलन गरिरहेको मानधोजलाई साथ दिन । तर घाम झुल्किँदा पनि मानधोज भेटिएन । एउटा दलदलमा उसको लुगा तैरिरहेको देखियो । बाबु-छोरा दलदलनजिकै पुगे । मानधोजको आधा शरीर दलदलमा भासिएको थियो ।

मृत अवस्थामा ।

रघुनाथको परिवारमा प्रलय आयो ।

फिरंगी सम्पर्कमा आउँदै आएन ।

पुरानै काममा जानुको विकल्प रहेन- रघुनाथ नदीकिनार र गगन स्कुल ।

धेरै दिन बिते ।

गगनलाई भाइको झझल्कोले सतायो ।

गगनले भाइको सामानको पोको खोल्यो । महँगो मोबाइल, सौर्य चार्जर, मोबाइलका एकजोर ब्याट्री, कलमहरू र लेखिएका खाताहरू । सबै सामानमा भाइको अनुहार पायो । सबै सामान एकएक गर्दै नियाल्यो, त्यहीं भित्र डुब्यो र हरायो धेरै बेरसम्म ।

मोबाइल र खातामा लेखिएका अक्षरहरू मात्र पढ्यो, पढ्न सक्यो तर तिनको भाव, अर्थ केही बुझेन ।

अर्थहीन लेखाई, पर फाल्यो । भाइलाई सम्झियो ।

'भाइले अर्थहीन कामै गर्थेन, उसको भाइ हेरम्ब थियो', भाइलाई सम्झियो ।

लेखाइहरू आफूतिर तान्यो र फेरि पढ्यो ।

केही बुझेन ।

'भाइले लेखेको, मैले नबुझ्ने ?' हीनताबोधले पनि आँट दियो ।

कसरी सुरु गरेछ यस्तो लेखन ? पुराना खाताहरू खोज्यो र पढेर सुरु गऱ्यो बुझ्नलाई ।

दिनरात लगाएर पढ्यो र झन्डै महिना दिनपछि बुझ्यो ।

भाइले मोबाइलमा दुइटा एप्स बनाउँदै रहेछ ।

एउटा सानो आवाज ठूलो बनाउने एप्सको निर्देशिका र दोस्रो मोबाइल सुनको नजिक पर्दा आवाज दिने एप्सको निर्देशका । मानधोजको महान् सोच र गहन परिश्रमबाट गगन प्रभावित भयो। भाइको कामको निरन्तरता दिने प्रण गऱ्यो । पढ्यो, बुझ्ने कोसिस गऱ्यो र बुझ्दै गयो ।

मानधोज एक ठाउँमा अड्किएको रहेछ ।

मोबाइल सुनको छेउमा राख्दा आवाज दिने बनाउन एउटा गणितको सूत्र प्रयोग गर्नुपर्ने रहेछ ।

त्यो सूत्रमा क्वारटिक र कुइन्टिकको औसत प्रयोग गर्नुपर्ने रहेछ। गगनले अध्ययन गऱ्यो ।

एक अंकले आफैंलाई गुणन गर्दा निस्कने गुणफललाई वर्ग र आफैंलाई दुईपटक गुणन गर्दा निस्कने गुणफललाई घन भनेजस्तै एक अंकले आफैंलाई तीनपटक गुणन गर्दा निस्कने गुणफललाई क्वारटिक र

चारपटक गुणन गर्दा निस्कने गुणफललाई कुइन्टिक भनिँदोरहेछ पत्ता लगायो ।

तर क्वारटिक र कुइन्टिकको औसत निकाल्ने शुत्र गगनले पत्तो पाएन । धेरै 'परीक्षण र त्रुटि विधि' कोसिस गऱ्यो । उत्तर आए पनि सही वा गलत भयो पत्ता लगाउन सकेन ।

त्यो सूत्र पत्ता लागे सुनको छेउ पर्दा आवाज आउन सक्ने कोड बन्न सक्ने निश्चित भयो । गगन, नयाँ नयाँ कोड बनाउँदै सुनसान ठाउँमा गएर प्रमाणीकरण गर्न थाल्यो । सुनसान ठाउँ र समय पत्ता लगाउनु पनि आवश्यक भयो ।

नदीको सतह एकै भएर पानी नबगेको नजिकको ठाउँ र बिहान तीन र चार बजे बीचको प्राकृतिक सुनसान समय भएको पत्ता लगायो ।

रातमा ढिलोसम्म कोड लेख्ने, बिहानको तीनचार बजे सुनसान ठाउँ गएर कोडको प्रभाव जाँच्ने र चराचुरुंगीहरू ब्युउभिएपछि मिमिरे उज्यालोमा टल्कने बालुवाहरू संकलन गर्ने र पूरै उज्यालो भएपछि बालुवा छानेर सुन छुट्याउने र स्कुल जाने गर्न थाल्यो ।

गगनले सानो आवाज ठूलो बनाउने कोड लेखी प्रमाणित गरिसकेको थियो । मात्र बाँकी रह्यो दोस्रो सिग्नल बनाउनु । अनेकौं सघन प्रयास असफल भएपछि एक दिन कक्षामा गणित शिक्षकलाई सोध्यो ।

'क्वारटिक र कुइन्टिकको औसत निकाल्ने सूत्र के होला सर ?'

तीन महिनाअघि उही प्रश्न मानधोजले त्यसरी नै सोधेको थियो ।

'म पछि उत्तर दिउँला' शिक्षक शिक्षक-कोठातर्फ लाग्यो मानधोजको मृत्युको अपराधबोध बोकेर ।

'अब गगनलाई पनि उसकै भाइको रोगले ग्रस्त बनाएछ ।' शिक्षक-कोठामा गणित शिक्षकले उद्घोष गऱ्यो ।

'मानधोजले पनि त्यो प्रश्न सोधेको हप्ता दिन नबित्दै..... ।'

'पारिवारिक रोग रहेछ कि ?'

'दिमागले काम नगरे प्रश्न के लाग्छ र ?'

'यिनीहरूको दिमागले काम नगरेको हैन, बढी गरिरहेको छ। मैले युनिभर्सिटीमा नपढेको प्रश्न सोध्छन् यार।'

सबै शिक्षकहरू अचम्मित र चिन्तित देखिए।

केही हप्तामै गगनले कोड कम्प्लिट गऱ्यो।

मोबाइल बोकेर सुन खोज्न हिँड्यो। मोबाइल बोकेर नदीका किनारैकिनार हिँड्यो। जंगल पहाड हिँड्यो सुनको प्राकृतिक भण्डारको पर्यावलोकनमा। सिन्धुलीको भोटेकोसी किनारमा पुग्दा मोबाइलले बेस्सरी आवाज दियो। धेरै क्षेत्रमा सुन रहेछ, गगनले अनुमान लगायो।

वरिपरि घुमेर सिमाना लगायो सुनको संकेत दिने र नदिने ठाउँबीच। कोसी नदीदेखि सिन्धुलीगढीसम्मको क्षेत्र पऱ्यो।

'यति धेरै सुन ?'

बाउ-छोराले मात्र व्यवस्थापन गर्न नसक्ने निश्चित थियो। त्रिशूली फर्कियो, बाउसँग सल्लाह गऱ्यो। बाउलाई सिन्धुली लगेर ठाउँ देखाउने सुनायो।

केही दिन छटपटायो।

सोच्यो।

सोच रद्द गऱ्यो।

अर्को जुक्ति सोच्यो।

रद्द गऱ्यो।

सोच्दै रद्द गर्दै गर्न थाल्यो।

एक सप्ताहन्त गगन राजधानी गयो।

प्रधानमन्त्रीलाई भेट्न कोसिस गऱ्यो। सिंहदरबार छिर्न सकेन। सत्य बोले अरूले थाहा पाउने, अन्य कुरा गर्दा प्रधानमन्त्रीलाई भेट्न नपाइने।

दरबारबाहिर कुरेर बस्यो।

एकपटक प्रधानमन्त्री दरबार पस्दै गर्दा कुदेर प्रधानमन्त्रीको गाडी अघि पुग्यो।

झन्डै गाडीले किचेको।

प्रधानमन्त्रीसँग गोप्य वार्ता गर्ने मनसुवा व्यक्त गऱ्यो। प्रधानमन्त्रीले देखे, बोल्न खोजे। सुरक्षा गार्डले दिएनन्। गगनलाई नियन्त्रणमा लिए।

सोधपुछ गरे।

मोबाइलको कुरा जोडेन तर सिन्धुलीमा धेरै सुन भएको कुरा प्रधानमन्त्रीलाई भन्न चाहेको कुरा सुनायो। सुरक्षा गार्डले उसको स्कुलमा सम्पर्क गऱ्यो, उसको पृष्ठभूमि जान्न चाह्यो।

'पढाइलेखाइमा त अब्बलै हो तर अलिक दिमाग खुस्किएको छ। उसको भाइ पनि त्यस्तै थियो दलदलमा डुबेर मेरको हो', स्कुलको एक शिक्षकले उसको पृष्ठभूमि बताइदियो।

सुरक्षा गार्डले बस भाडा दिएर घर पठाइदियो ।

गगन, भाइको चिनो र उसको परिश्रम अमूल्य सुन खोज्ने एप्स र सुन पत्ता लगाएको ठाउँको जानकारी आफैँसँग बोकेर त्रिशूली फर्कियो । बाटोबाटै रघुनाथलाई फोन गरेर प्रधानमन्त्रीलाई भेट्न नसकेको असफलता सुनायो, अरू कुरा भेटेरै भन्ने र नआत्तिन आश्वासान दियो ।

गगन घर पुगेन ।

दिन, हप्ता, महिना, वर्ष बिते । तर गगन घर पुगेन ।

उसको पत्ता छैन ।

उसको मोबाइलको पत्ता छैन ।

हिजोआज रघुनाथ एक्लै बालुवा भेला पार्छ र दलाललाई बेच्छ ।

'तिम्रो छोरा त नासामा छ रे नि' कसैले कुरा सुनाउँछन् ।

गगनले भनेको र रघुनाथले बुझेको ठाउँमा विदेशीले रोड बनाएको छ, बनेपा-बर्दिबास मार्ग ।

'यो देशमा सुन छ सुन्दिने कोही छैन' रघुनाथ एक्लै गुनगुनाउँछ ।

❑

# आङसिकको जीवन

शिविरमा नाम दर्ता गर्दा आङसिकको उमेर ६ महिनाको थियो । उसले लाम्टो चुसिरहेकै बेला उसकी आमाले प्राण त्यागेकी थिइन् रे । भुटानबाट निर्वासन यात्राको क्रममा ।

'मैले आमाको दूध हैन, प्राण चुसेकी थिएँ रे' आङसिक बारम्बार भन्ने गर्छे, उसले पाएका दोष र आशीर्वाद सम्झँदै । बाबुको सुसिद्धिमा हुर्केकी उसलाई आमाको ममता अनुभव पनि भएन र कहिल्यै आवश्यकजस्तो पनि लागेन ।

उसको बाबाले उसका इच्छा आवश्यकता पूरा गरिदियो । एकल पुरुष बाबुले हुर्काउने, स्याहार-सुसार गर्ने, पकाउने, खुवाउने, नुवाउने, धुने, बच्चा हुर्काउने सबै काम गऱ्यो र छोरी हुर्कँदै गर्दा काम पनि सिकायो । शिविरका शुभचिन्तकहरूले पुनर्विवाह गर्ने सुझाव र आँट नदिएका पनि हैनन् ।

'माइला, एउटी लिएर आइज न हो, कति एक्लै बस्छस् ? आङसिकलाई पनि आमाको मायाको खाँचो छ ।'

'यी बूढा रूखहरूले त बर्सेनि पालुवा फेर्छन् । तिमी त मान्छे हौ ।'

'आफैं खोज्न नसके, हामीलाई भन मात्र न, बिहान भने बेलुकै खडा गरिदिन्छौं ।'

'यस्तो हँसमुख, फूर्तिलो, ह्यान्डसम मान्छे। ज्यान दिएर पछि लाग्ने कति भेटिन्छन् कति।'

'संस्थाले दिउन्जेल खाने। दिन छोडेको दिन बनिबुतो गर्ने, पाल्न सकिहाल्छौ नि।'

कसैको उक्साहटले उसमा प्रेरणा पसेन।

'जाने बेलामा मेरो जहानले भनेको झल्झली याद आउँछ।'

'के भनेकी थिइन् र ? कति बिर्सन नसकेको ? अब त बिर्सनु बेस। जति सम्झेर पनि के फाइदा, मरेर जाने फर्केर आउने हैन, दुःख काट्ने तिमी बाबु-छोरीले हो।'

'अन्तिम साससमा भनेकि थिइन्' मलाई लिन यमराज यही ट्रकमाथि बसेको छ। मलाई चाँडै लैजान्छ। तिमीले मलाई दिने सम्पूर्ण माया यो छोरीलाई दिनू। आङसिकको विवाह नहुन्जेल जति नै दुःख, कष्ट परे पनि अर्को विवाह नगर्नू, सोच्न पनि नसोच्नु। यदि गर्‍यौं भने मेरो मायाको पाप लाग्ने छ तिमीलाई' भन्दाभन्दै मेरै अँगालोमा उसको प्राण गयो। लास लिएर नेपाल छिर्न दिन्न भन्यो गाडी महाजनले। राइडाक नदीको बगरमा हतारमै दागबत्ती दिएर आएको। उता ससुरालमा साइमुद्री रकम पनि तिर्न भ्याएको थिइन्। उसको काजकिरिया मैले गर्न नमिले पनि, राम्रो गर्न नसके पनि उसको अन्तिम इच्छा पूरा गर्छु।'

यस्तो बिछोडले विचलित माइलाले दोस्रो विवाह गर्ने सुरै गरेन।

दिनहरू सुखदुःखमा बित्दै गए। जब आङसिक कक्षा नौमा पढ्न थाली, माइलालाई शत्रु लागे।

केही हप्ता मजदुरी गर्न बस्ती गएको थियो। पोल परेछ। उसको रासन पानी कट्टीमा परेछ। बाबु-छोरीको रासन र उसको हाजिराको कमाइले

छोरीलाई पढाउन धौ-धौ थियो। अब त छोरीको मात्रै रासनले दुई ज्यान धान्न नसक्ने भयो।

अन्यायमा पऱ्यो।

छट्पटायो।

भेटेजति ठूला बडा, हाकिम, अगुवाहरूमा बिन्ती बिसायो, पाउ पऱ्यो।

सुनुवाइ भएन।

एक दिन कसैले उसलाई मीठो सपना सापट दियो। आसामको कोइलाखानीमा काम र दाम दुवै प्रशस्तै पाइने।

दिनको भारू ६ सय।

भारू ?

उ लोभियो।

जान तयार भयो।

बाटामा राइडाक नदीको दर्शन पनि हुने, पुरानो यादलाई ताजा बनाएर अनुभव गऱ्यो।

छोरी एक्लै हुने भई।

जति परिबन्द मिलाउँदा पनि हुर्केकी छोरीलाई एक्लै नछोड्ने बन्दोबस्त मिल्दै मिलेन। आङसिकको एउटा इच्छा थियो एस.एल.सी उत्तीर्ण गर्ने।

आङसिकले बाबुको दुखेसो बुझी।

माइलाले छोरीप्रतिको दायित्व मनन गऱ्यो।

परिस्थिति नियालो, आफ्नो दुःख सम्झियो। विकल्पका ढोकाहरू कतै खुलेनन्, खुल्दै खुलेनन्। जब विकल्पका द्वारहरू बन्द हुन्छन् तब आँटको उदय हुन्छ।

सपनादातालाई दुखेसो सुनायो, परामर्श माग्यो।

सपनादातासँग सपना र विकल्पको कमी थिएन।

उसले चिनेजानेको काठमाडौंको एक युवासँग विवाह गरिदिने सुझाव दियो। बात अघि बढ्यो, विवाह हुने पक्कापक्की भयो। कसैले नाइँ भनेनन्। आङसिकभन्दा दोब्बर उमेरको बेहुला रहेछ। हतारहतारमै विवाह भयो। रुवाबासी पनि छोटै भयो।

विवाहपछि आङसिक काठमाडौं भासिई, माइला आसाम लाग्यो राइडाक नदीको दर्शन गर्न र भारू कमाउन।

शिविरमा छिटोछिटो धेरै परिवर्तन आए। सन् २००६-२००७, २००८ मा पटकपटक शिविरवासीहरू खोजी-खोजी गणना गरियो। धेरै अन्तिम म्याद दिँदादिँदै पनि सबैलाई समेट्न सकेन। प्रत्येकपटक कोही न कोही छुट्ने।

समस्या समस्या नै रहिरहने।

सबै सरोकार पक्षहरू सहमति र निर्णयमा २०१२ मा अन्तिमपटक गणना र परिचयपत्र वितरणको काम गरियो। अन्तिम म्याद सकिएको तीन वर्षपछि आङसिक र माइला शिविरमा देखा परे छुट्टाछुट्टै।

माइलालाई सपनादाताले असामको एक कोइलाखानीको एक ठेकेदारलाई बेचेछ। ठेकेदारले लगानी गरेको मूल्य असुल नहुन्जेलसम्म छोड्दै छोडेन। धेरै वर्षपछि भागेर माइला शिविर पुग्यो।

बेचिएको, शोषण परेको, खाँटी शिविरवासी भएको, पहिले रासन सहुलियत लिएको प्रमाण जुटाई ढिलै भए पनि गणना भयो, परिचयपत्र पायो र पुग्यो अमेरिका ।

आङसिक पनि त्यही समयमा शिविर पुगे पनि बाबु-छोरीको भेट भएन ।

आङसिकको भाग्यले साथ दिएन । विवाहपछि काठमाडौं पुगेपछि थाहा भयो- केटा बेरोजगार, घरवारविहीन इँटाभट्टा र बालुवाखानीमा काम गरेर गुजारा चलाउँदो रहेछ। दुईजना त्यही काम गर्न थाले। आङसिकको कक्षा नौसम्म अध्ययनको योग्यताले राजधानीमा कुनै काममा प्राथमिकता पाएन। धेरै महिनासम्म इँटाभट्टामा काम गर्दा गर्दै पटकपटक बच्चा बस्यो तर लामो समय रहेन, कहिल्यै पनि ।

शरिर शिथिल भयो। काम गर्न नसक्ने गरि रोगले गाँज्यो। इँटाभट्टाछेउको प्लास्टिकको टेन्टभित्रै प्राण त्याग्ने अवस्थामा पुगी। उसको लोग्नेलाई जोर भार पर्‍यो । दुईजना पाल्नु र बिरामीको स्याहार-सुसार गर्नू ।

'मलाई अस्पताल लैजाऊ । मैले सञ्चय गरेर राखेको केही हजार रुपैयाँ छ, त्यही चलाउनु' रोगको पीडा सहनै नसकेपछि आङसिकले लोग्नेलाई भनी। लुकाएर जोहो गरेको सबै सम्पत्ति लोग्नेलाई सुम्पिई । सम्पत्तिले आँट आउँछ। लोग्नेलाई आँट आयो, वीर अस्पताल पुर्‍यायो । भर्ना गर्‍यो । आङसिकको उपचार हुन थाल्यो । तर लोग्ने बेपत्ता भयो ।

हरायो ।

आउँदै आएन ।

इँटाभट्टामा पनि कसैको सम्पर्कमा थिएन ।

अस्पतालले शुल्क माग्दै भए पनि केही दिन राख्यो ।

एक दिन भाग्यले कोल्टे फेऱ्यो।

एक सम्भ्रान्त परिवारकी वृद्धा उसको छेउको पलङमा आईं- बिरामी। उनीहरूको खानपान र व्यवहारबाटै उनीहरू उच्च खानदानी परिवारका लाग्थे। बिरामी बूढी, चिन्तित बूढो र सधैं यता र उता भौंतारिने अधबैंसे छोरो।

आङसिकसँग परिचय भयो। दयालु पनि रहेछन्। बूढाबूढीले आङसिकलाई छोरी अपनाए। केही दिनपछि, बूढीको उपचारको निम्ति अर्कै अस्पताल जानुपर्ने भयो। त्यहाँबाट डिस्चार्ज हुने भए। छोरीको नातामा परिसकेकी आङसिकको अस्पतालको सबै शुल्क तिरिदिएर उसलाई पनि साथमै लिएर गए। पहिला तीन सदस्यीय परिवार अब चार सदस्यीय भयो। सपरिवार भारतको सिलिगुडी गए। सिलिगुडीको एक अस्पतालमा बूढीको भर्ना भयो। आङसिक पनि पूर्ण स्वास्थ्य नभएकाले उसलाई पनि भर्ना गरियो।

आमा-बुवालाई हृदयबाटै धन्यवाद दिन थाली। जोसँग बोल्दा पनि बाबुआमाप्रति कृतज्ञ हुँदै उनीहरूका निम्ति प्राण दिने कुरा गर्थी। लामो यात्राले लखतरान आङसिकको अस्पताल भर्नापछिको पहिलो मीठो निद्रा लामो समयसम्म लागेछ।

आङसिक निद्राबाट ब्युझिँदा ऊ नेपालको शिविरछेउका रमितेहरू बस्ने बाँसको कुर्चीमा आफूलाई पाई। सपना वा विपना छुट्ट्याउन लामो समय लागेन। विपनामा आउँदा थाहा भयो उसको एउटा मिर्गौला हृत भएको रहेछ। कोखमा आलो घाउ दुख्न थाल्यो।

शिविरमा गणना र परिचयको निम्ति केही प्रयास भयो। बढी हिँडडुल गर्न रोगले दिएन। नेपाली पुरुषसँग विवाह गरेको कारण देखाई उसलाई शिविरमा स्विकारिएन।

जाने ठाउँ छैन ।

साथ जाउँ त लाने मान्छे छैन ।

एउटा कसैले छोडिएको रित्तो छाप्रोमा छिमेकीको दयामा बाँचिरहिछ आङसिक आजसम्म पनि ।

एउटा मिर्गौलामा चलिरहेछ आङसिकको जीवन ।

❑

# झ्वाँक

'त्यो कुकुरनी मेरो सौता हो ?' ऋचाले आफ्नो आक्रोश पोखी।

'यो मेरी छोरी हो' सरलले पचक फर्कायो।

'मलाई त्यो कनौटाको आमा भनेको..' ऋचाको ज्वालामुखी फुट्यो।

अनि सुरु भयो सरल र ऋचाबीचको नियमित गृहकलह।

उनीहरूको दाम्पत्य यात्रा दुई वर्ष नपुग्दै उनीहरूबीचको दैनिक महाभारत युद्ध पर्वमा पुगिसकेको छ। जोई-पोईबीचका कुरा, राय, व्यवहारमा नमिल्ने रोगले संक्रमण गरेको छ।

फूलको बास्ना कि फूलको गन्ध ? शब्द चयनदेखि लिएर छिमेकीको भैंसीले पाडो पाउँछ कि पाडीको अनुमानसम्ममा विपरीत तर्क गर्छन् र धेरै दिनसम्म एकअर्कासँग बोल्न नपर्ने गरी टन्न वादविवाद गर्छन्।

सरलले रामुलाई घरमा ल्याएदेखि दुईजनाबीचको झगडा अंकुराउन र झ्याङ्गिन थाल्यो। ऋचाले मानेको भए घरभित्रै प्रवेश पाउँथ्यो होला रामुले। ऋचालाई कुकुर देख्दै घिन लाग्छ र छुन सिक्सिको लाग्छ मानौं उसलाई क्यानिसफोबिया छ।

सरलले, घरबाहिर ठूलो खोर बनाएर रामुको बन्दोबस्त गऱ्यो। रामुले केही हप्तासम्म सरल र ऋचाका साथै छिमेकीहरूको मानसिक पारो

तातायो। बेला न कुबेला भुक्ने, जताभावी फोहोर गर्ने, आउनेजाने सबैलाई चोर ठानेर आक्रमण गर्ने गऱ्यो।

सरलले रामुलाई उसको खोरभित्र छिर्न, भित्रबाटै चुकुल लगाउन र खोल्न सिकायो। फोहोर गर्ने एउटा निश्चित ठाउँ बनायो र नियमित त्यही जाने बनायो। त्यो सरलको ठूलो उपलब्धि थियो। तर उसको पौरख सुनिदिने र बुझिदिने कोही थिएन। प्रत्येक हप्ता रामुलाई नुहाइदिने गर्थ्यो। केही हप्तामै रामु र सरलबीच घनिष्टता बढ्यो। ऋचाले, सरलले उसलाई दिनुपर्ने समय चोरेर कुकुरलाई दिएको ठान्थी। आफ्नो भागमा बढी भएको खाना कुकुरको कचौरामा हालिदिने र सरल घरमा नभएको बेला कुकुरलाई आहार दिनेबाहेक ऋचा र रामुबीच खासै आत्मीयता जमेन। ऋचा र सरलबीचको झगडाको बीउ रामु नै थियो।

एक दिन सरलले अर्को छाउरो थप्यो- लक्की। लामा, काला रौं भएको भुक्लुक्क, मोटो, भर्खर हिँड्न सिकेको छाउरो हेर्दै खेलाऊँखेलाऊँ लाग्दो थियो। रामुकै छेउमा अर्को खोर बनाएर राखिदियो। केही दिनमै लक्कीले रामुका सबै बानीहरू सिक्यो। रामु र लक्की चाँडै असल मित्र बने, तर त्यो घनिष्टताको मूल्य थियो सरल र ऋचाबीचको मित्रता।

एक शनिबार बिहान सरल, दुई कुकुर लिएर घर अघिको ठूलो चौरमा गयो। पहिल्यै रामुलाई सिकाएका केही खेलहरू खेल्यो। तीनै प्राणीहरू सँगै खेले, कुदे। सरलले दुई कुकुरबीच पतिस्पर्धा राख्यो। एउटा हुर्किएको, आमा हुने समय भएको रामु र अर्को दूध पिउने उमेरमै आमाबाट छुट्टिएको, भर्खर हिँड्न र कुद्न सुरु गरेको लक्की। दुई कुकुरबीच दगुर्ने प्रतिस्पर्धा भयो। प्रतिस्पर्धा थियो सरल भएको

ठाउँबाट दौड सुरु गरेर चौरको एक चक्कर लगाएर सुरुकै ठाउँमा आइपुग्नुपर्ने। उसले तीन टुक्रा मासु बोकेको थियो उपहारका लागि।

दुई कुकुरहरू कुदे।

छाउरो लक्की बयस्क रामुसँगै कुद्यो।

अन्त्यमा केही पाइलाले रामु अघि भयो। सरलले एक टुक्रा मासु रामुको मुखमा फालिदियो। पुच्छर हल्लाउँदै खायो। लक्की जिब्रो बाहिर निकालेर र्‍याल चुहाउँदै पुच्छर हल्लाइरह्यो सरलको अनुहारमा हेर्दै र आफ्नो भाग खोज्दै। त्यसबखत घरको बरन्डाबाट ऋचाले तीन प्राणीको रमिता हेरिरहेकी थिई सरलले सुइँको नपाउने गरी। छिमेकमा कसैले कुखुराको प्वाँख पोलेछ, बेस्सरी गनायो। ऋचालाई बान्ता आउन खोज्यो, नाक, मुख थुनेर चौरमा तीन पशुको चर्तिकला हेर्दै रिसाइरही।

सरलले दुवै कुकुरलाई दोस्रोपटक दौडमा पठायो। लक्की रामु सँगसँगै कुद्यो। परिणाम दोहोरियो। रामु केही पाइलाले विजेता बन्यो। सरलले दोस्रो चोक्टा मासु रामुको मुखमा फालिदियो। लक्की राल चुहाउँदै, पुच्छर र जीउ हल्लाउँदै सरलको खुट्टा वरिपरि लुटपुटियो, मानौं ऊ पाउ परेर एक टुक्रा मासु उपहार हैन भीख मागिरहेछ।

सरलले तेस्रो दौड गरायो।

एकातिर प्वाँख पोलेको गन्ध, अर्कोतिर सरलको अविवेकशील प्रतियोगिताद्वारा लक्कीलाई दुःख दिएको दृश्य। उसलाई हस्तक्षेप गर्ने इच्छा थिएन। लुकेरै आनन्द लिन खोज्दाखोज्दै ऋचाको रिसको पारो अकासिइसकेको थियो।

तेस्रो दौडको पनि उही नतिजा आयो। रामुले दौड जित्यो।

दुई टुक्रा मासु खाइसकेको विजेता रामुप्रति पूर्वग्राही बन्दै सरलले तेस्रो चोक्टा मासु लक्कीको अघि फ्याँकिदियो। लक्कीले थाहा पाउँदानपाउँदै रामुले लक्कीको अघि फालिएको मासुको चोक्टा उछिङ्ग्याइदियो। पुच्छर पनि नहल्लाई ख्याकख्याक पार्दै निल्यो।

'आफ्नो छाउरो भएको भए अन्यत्रबाट खोजेर खुवाउँथ्यो होला, अरूको छाउराको के माया, खोसेर खायो' ऋचा एक्लै मुर्मुरिन थाली। उसको आक्रोश रामु र सरलप्रति थियो।

लक्की हाऱ्यो।

सरलको छेउमा आएन।

तीन प्राणी घर फर्के। रामु सरलको अघिपछि कुद्यो। लक्की सीधै उसको खोरतर्फ लाग्यो।

चुकुल खोल्यो

खोरभित्र पस्यो।

भित्रबाट चुकुल लगायो।

लमतन्न बस्यो अगाडिका दुई खुट्टामाथि थाकेको थुतुनो राखेर।

दुवै कुकुर खोरभित्र सुत्दा वा बस्दा घरतर्फ मुख पारेर, घरका प्रत्येक चाल बिचार्दै, चंख रहन्थे। त्यो दिन लक्की घरतर्फ नभई विपरीततर्फ थुतुनो पारेर बस्यो। बिहानको कसरतपछि दुई कुकुरलाई खोरमा छोडेर सरल घरभित्र पस्यो। प्वाँख पोलेको दुर्गन्धित बाक्लो धुवाँले उसलाई छोप्यो। आत्तिदै ऋचालाई बोलायो। दुईजनाको वादविवाद सुरु भयो। ऋचाले ग्यासको स्टोभमा अन्डा उमाल्न राखेर बाहिर गएर भुल्दा, आगो बालेकै बिर्सिछ। अन्डा डढेर कुखुराको प्वाँख झैं गनाएको

एउटा गुडाउने भोला तान्दै सफल कोठाबाहिर निस्कियो ।

'रोक्न आइज न, अनि सुन्छेस् आजसम्म नभनिएको तेरो अहम्‌को गुदी' सरलले मनभित्रै प्रहारका वाक्य रचना गऱ्यो ।

ऋचा बाहिर निस्किन ।

रिसाहा सरल घरको ढोका बाहिर निस्कियो ।

रामु खोर खोलेर बाहिर निस्कियो र सरलको खुट्टामा पुग्यो ।

'जा'

'घर जा' आदेश दियो सरलले

रामु खोरभित्र पस्यो तर चुकुल लगाएन । लगतै निस्केर सरलको खुट्टामा पुग्यो । सरल गेटनजिकै पुग्यो । रिसाएको लक्की पनि खोरबाट निस्कियो र कुद्‌दै सरलको छेउमा पुग्यो ।

लक्कीले सरलको भोला टोकेर आफूतिर तान्यो मानौं ऊ भन्न चाहन्थ्यो 'नजाऊ, फर्क'

'यो पशुजतिको ज्ञान, त्यो आइमाईमा भएको भए...' सरल भुत्भुतायो ।

उता बन्द कोठाको खिड्कीबाट चियाएर हेरिरहेकी ऋचा भुत्भुताई 'एउटा छाउराको जति पनि विवेक नभएको मान्छे ।'

'जा घर जा' भन्दै दुवै कुकुरलाई लखेट्‌यो ।

रामु केही हच्कियो तर लक्कीले भोला तान्न छोडेन । सरलले बल प्रयोग गरेर भोला छुटायो, दुवै कुकुरलाई डर देखाएर खोरतर्फ लखेट्‌यो, गेट खोल्यो, बाहिर निस्कियो र ऋचाको दृश्यबाट टाढा भयो । ऋचाले खिड्की थुनी ।

रहेछ। स्टोभमाथिको भाँडा र भाँडाभित्रका अन्डाहरू कालो पिण्ड भएका थिए। कसो घरमा आगो नलागेको। दोषारोपणको शृंलाले उग्र रूप लियो।

'म बोल्दिनँ, तै जान्ने, तै मात्र बोल्ने' भन्दै दुवै चिच्याउन थाले।

'हजुर, तपाईं, तिमी, तँ' सम्बोधनहरू गिर्नुसम्म गिरे। मान मर्यादाक्रमभन्दा आक्रोशले सम्बोधनको तह निर्णय गर्दछ।

तँबाट बाहिर निस्केर तेरा बुवा-आमा, बान्धव, शाखा सन्तान, पूर्खासम्मलाई गाली गर्दै आदि-पुर्खा बानरसम्मलाई गाली गर्न पुगे।

...

...

...

'म, तँसँग एक सेकेन्ड पनि बस्न सक्दिनँ' ऋचाले वेगको तगारो खोली।

'बस्न नसके जा न त कहाँ र कोसँग जानु छ', सरलले चुनौती थपिदियो।

'म किन जानु, तै जा न जोसँग जानु छ', ऋचाको उग्र रूप बोल्यो।

'पक्का हो ?'

'म अहिले हिँडें', सरल एउटा कोठामा पस्यो।

'जा जा, तेरो अनुहार हेरेर बाँच्नु पनि छैन', ऋचा उसको कोठामा पसेर दैलो बन्द गरी।

एउटा गुडाउने झोला तान्दै सफल कोठाबाहिर निस्कियो।

'रोक्न आइज न, अनि सुन्छेस् आजसम्म नभनिएको तेरो अहम्को गुदी' सरलले मनभित्रै प्रहारका वाक्य रचना गऱ्यो।

ऋचा बाहिर निस्किन।

रिसाहा सरल घरको ढोका बाहिर निस्कियो।

रामु खोर खोलेर बाहिर निस्कियो र सरलको खुट्टामा पुग्यो।

'जा'

'घर जा' आदेश दियो सरलले

रामु खोरभित्र पस्यो तर चुकुल लगाएन। लगतै निस्केर सरलको खुट्टामा पुग्यो। सरल गेटनजिकै पुग्यो। रिसाएको लक्की पनि खोरबाट निस्कियो र कुद्दै सरलको छेउमा पुग्यो।

लक्कीले सरलको झोला टोकेर आफूतिर तान्यो मानौं ऊ भन्न चाहन्थ्यो 'नजाऊ, फर्क'

'यो पशुजतिको ज्ञान, त्यो आइमाईमा भएको भए...' सरल भुत्भुतायो।

उता बन्द कोठाको खिड्कीबाट चियाएर हेरिरहेकी ऋचा भुत्भुताई 'एउटा छाउराको जति पनि विवेक नभएको मान्छे।'

'जा घर जा' भन्दै दुवै कुकुरलाई लखेट्यो।

रामु केही हच्कियो तर लक्कीले झोला तान्न छोडेन। सरलले बल प्रयोग गरेर झोला छुटायो, दुवै कुकुरलाई डर देखाएर खोरतर्फ लखेट्यो, गेट खोल्यो, बाहिर निस्कियो र ऋचाको दृश्यबाट टाढा भयो। ऋचाले खिड्की थुनी।

दुइटा कुकुर रुन थाले। कुकुरको रुवाइबाट छिमेकमा औडाहा थपियो।

--

बस दुर्घटनामा एकजना मात्र जीवित भेटियो, ऊ पनि बेहोस, अन्य सबै यात्रुहरूले घटनास्थलमै ज्यान गुमाएछन्। बेहोस एकजनाको साथमा परिचय खुल्ने केही पत्रहरू भेटिएन। सिर्फ एउटा ब्याट्री चार्ज सकिएको मोबाइल फोन।

मोबाइल ब्युँफाएर प्रहरीले सम्पर्क सूची हेऱ्यो।

सूचीमा धेरै नाममध्ये एउटा नाम थियो 'मेरो ज्यान'। त्यसको अंक टिप्यो र प्रहरीले अर्कै मोबाइलबाट फोन लगायो।

फोन उठ्यो।

'अहिले यहाँ बोल्न मिल्दैन। केही समयपछि कल गर्नुहोला' उत्तर आयो, फोन काटियो र त्यसपछि त्यो अंकको फोन अफ भयो।

--

जोर कुकुरको रुवाइ खप्न नसकेर छिमेकीहरू भेला भए। दुवै कुकुरहरू आफ्ना खोर र घरको बन्द दैलोबीच दगुर्दै रुँदै थिए।

छिमेकीहरूले ऋचा र सरललाई पालोपालो बोलाए। दैलोभित्रबाट थुनिएको र प्रतिक्रिया नआएपछि प्रहरीलाई गुहारे।

प्रहरीले दैलो फुटायो।

घरभित्र ऋचाको बेहोस शरीर भेटियो।

'विष सेवन' हल्ला फिँजियो

ऋचालाई अस्पताल भर्ना गरियो। ऋचाको मुर्छित शरीर लिएर छिमेकी शैली आई.सी.यू. पुग्दा ऋचाको गोजीमा भएको मोबाइलमा नयाँ

अंकबाट फोन आयो। डाक्टरले फोन नगर्न भन्यो। छिमेकी शैलीले डाक्टरलाई अटेर गर्दै मोबाइल उठाएर भनी, 'अहिले यहाँ बोल्न मिल्दैन केही समयपछि कल गर्नुहोला' र मोबाइल अफ गरिदिई।

एउटै अस्पतालको जोडिएको कोठामा दुई बेहोसीहरूको उपचार भइरहेको थियो। विष सेवनबाट मुर्छित ऋचा र बस दुर्घटनामा परी अचेत सरल। तीन दिनपछि ऋचाको होस खुल्यो र सात दिनपछि सरलको।

दस दिनपछि एकअर्कासँग भेट भयो।

दुई हप्तापछि सरल र ऋचा घर फर्के।

बाटोमा भेटिएका छिमेकीहरूले सरललाई झपारे।

'कहाँ बेपत्ता भएको स्वास्नीसँग झगडा गरेर ?'

'धन्न पुनः जन्म पाइस् र भेट्यायौ।'

उनीहरूलाई के थाहा उसको पनि त नयाँ जीवन थियो।

घरको गेट खोल्दा, रामु र लक्की मात्र उनीहरूको स्वागतमा थिए। रामु सरलको खुट्टामा लुटपुटियो। लक्कीले ऋचाको अनुहार मात्र नियालिरह्यो।

ऋचा निहुरिएर दुई हात फिँजाई।

लक्की उफ्रिएर उसको अंगालोमा आयो र ऋचाको अनुहार चाट्न थाल्यो। सरलले दैलो खोल्यो। रामु दैलोमा टक्क रोकियो। ऋचा लक्कीलाई छातीमा च्यापेर गृह प्रवेश गरी। त्यो दिन चार प्राणीले पुनः जन्म पाए। सबैको झ्वाँक निभिसकेको थियो।

❑

# पुनः वियोग

सामाजिक सञ्जालले हराएका, बिछोडिएकाहरूलाई भेट्टाउने अमूल्य योगदान पुऱ्याएको छ। यस्तै एक पुनर्मिलन थियो- सागर र देवीको। प्रस्तुत छ- उनीहरूबीचको च्याटको एक अंश।

देवी : मलाई छोडेको कति समयपछि अर्को विवाह गऱ्यौ त ?

सागर : त्यस्तै दस-एघार वर्षपछि।

अनि तिमीले नि ?

तिम्रो पनि विवाह भयो होला, सुहाग रात मनायौ होला।

देवी : तिम्रो र मेरो विवाह भएकै दिनबाट मेरो सुहागरात, सुहाग दिन सुरु भए। मैले ती रात र दिनहरू मनाइनँ। जोबाट तिमी भाग्न सफल भयौ र म विफल, तिनीहरूले नै मनाए।

सागर : अनि ?

देवी : कति दिन कति रात उनीहरूले सुहाग मनाए, म मरिरहें। मेरो मनमस्तिष्कमा तिम्रो अनुहारको याद मात्र आइरह्यो। तिम्रो मुहार राम्रो देखेको पनि थिइनँ, जग्गेमा छेऊबाट मात्र देखेको थिएँ। त्यही तिम्रो रूपको याद आइरह्यो। तिम्रो मनमा मेरो रूपको चित्र पनि थियो कि थिएन। मलाई एकपटक हेरेका थिएनौ।

सागर : ममा तिम्रो अनुहार मात्र छैन, पूर्ण कद, पूर्ण शरीरको चित्र छ। जब हामीलाई सभाँग र मुडेबीचमा शाही सेनाले घेऱ्यो, मलाई भाग्न आयो। मेरो हात खाली थियो। मेरो हातमा तिम्रो हात थिएन। सेनाले लखेटेको मात्र याद छ। सेनाको बुटको आवाज मात्र थियो मेरो मनमा। तिमीलाई थाहा भयो कि भएन के भएछ त्यो दिन।

देवी : तिमीले के पत्ता लगायौ र ?

सागर : सेनाले, सरकारले आतंकवादी ठानेका समूहहरूलाई घेराउ गरेको रहेछ। सभाँग-मुडेका बीचका गाउँ र वन घेरेको रहेछ विद्रोही समूहका मान्छेहरू समात्न। एउटा गाउँबाट मलामी निकालिएछ त्यो बेला। घेराउ गरिरहेको सेनाले छानबिनपछि दाह संस्कारका लागि छोडिदिएछ। विद्रोही समूहका रहेछन्, घेराबाहिर पुगेपछि भागेछन्। सेनाले लोप्पा खाएछ। त्यसपछि हाम्रो जन्ती परेछ। अशुभ त्यो दिन हाम्रो विवाहको जन्ती पऱ्यो। म बेहुला भागें तिमीलाई भगाउन सकिनँ। धिक्कार छ म बाँचेर, आफूलाई धिक्कारे रै बाँचिरहें।

देवी : तिमीहरू सक्नेजति भागिहाल्यौ। म र केही बूढालाई समात्यो।

मलाई ढोलपानी ब्यारेकमा लग्यो।

बूढाहरू रुँदै निवेदन गर्दै थिए।

मारिए कि, छोडिए कि अन्यत्रै लगिए, उनीहरूको करुणादायी आवाज मबाट टाढा भयो।

उनीहरूको आवाजसँगै ममा बाँच्ने आशा पनि हरायो।

कसैले मलाई लैजान मानेनछ।

मलाई जिम्मा लिने कोही भएनछ।

मेरो रात त्यही ब्यारेकको गोदाममा बित्यो।

मेरा रातहरू त्यही गोदाममा बित्न थाले।

सागर : अनि

देवी : म दासी भएँ।

त्यो समूहको विलासी पत्नी भएँ।

उनीहरू पालोपालो सुख खोज्न आउँथे र मलाई पीडा दिएर जान्थे।

मेरो कराइ, रुवाइ, चिच्याइले उनीहरूको हौसला बढाउँथ्यो।

केही दिनपछि म लास भएँ।

सास फेर्नुबाहेक मेरो अरू कुनै अंग चल्न छोडे।

म मेरो सास रोकियोस् भन्ने प्रतीक्षामा हुन्थें। रोकिन्थ्यो तर फर्केर आउँथ्यो।

सारा गोदामभरि म गनाउन थालें।

एक दिन एउटा सेनाले दुई बाल्टिन चिसोपानी ममाथि खन्याइदियो।

त्यसले मेरो स्नान भयो।

म केही तंग्रिए।

तर ज्वरोले समात्यो, च्याप्यो।

म त्यही लडिरहें।

त्यो ब्यारेकको गोदाम, पहिला एउटा स्कुलको किचन रहेछ।

त्यसको ड्रेनमा मेरो मल बग्यो। मेरो फोहोर बग्यो।

म दिसापिसाब विसर्जन गर्न बिस्ताराबाट बाहिर निस्किनँ।

दिनहुँ चिसो पानी खन्याउने क्रम बढ्यो।

सागर : मेरै दोष हो त्यो। अनि ?

देवी : म तंग्रिएको देखेर सुख खोज्नेहरू शारीरिक सुख खोज्न आइरहन्थे। जसलाई सुहागरात मनाउनु थियो, उसले पानी खन्याउँदो रहेछ।

सागर : खान-पिउन ?

देवी : नसोध्नु होला। मलाई थाहा छैन। मलाई म मरेको मात्र याद छ, बाँचेको याद छैन।

कहिलेकहीं मेरा नाडीमा सुई रोपेर पानी सेचन गरेको याद छ।

खाएको, पिएको याद छैन।

सागर : धन्य छौ देवी। तिमी साँच्चिकै देवी हौ। म निर्दयी हुँ।

त्यो क्रम कति समय चल्यो ?

देवी : तीन महिनाजति।

सागर : त्यसपछि ?

देवी : त्यसपछि त्यहाँको टुकडी सभाँग सर्ने भयो। यो केटी मरे यही गाडेर जान हुन्थ्यो भन्दै पर्खिए। म मरिनँ। एक रात उनीहरूले सेनाको गाडीमा हालेर एकान्तमा लगेर छाडिदिए, त्यही मरोस् भनेर।

सागर : कहाँ लगेर छोडेछ ?

देवी : इन्डियाको बागमारा भन्ने ठाउँ रहेछ। रातमा छाडिदिए। भिसमिसे बिहान त्यहाँका स्थानीय मान्छेले भेटे।

सागर : अनि ?

देवी : बागमाराका स्थानीयले औषधीमुलो गरे।

एउटा छाप्रोमा बस्न दिए।

कसैले खाना ल्याइदिन्थे।

मेरो रेखदेख गर्न स्थानीय महिला आए।

म बाँचें।

इन्डियामा थिएँ। तिमीलाई भेट्ने आशा मौलाएर आयो। त्यही आशाले सञ्जीवनीको काम गऱ्यो।

कति बाटो हेरें।

मेरा आँखाले तिमीलाई मात्र खोजिरह्यो।

त्यहाँका मान्छे, बटुवा, बजारे, भिखारी, पसलेहरूमा तिम्रो झझल्को खोजें।

जसले मलाई मार्न सकेन, त्यसले मलाई बलियो बनायो।

तिमी कति निष्ठुरी बन्यौ हगि।

आएनौ।

तिमी कुन परिबन्दमा पऱ्यौ?

तिमी कहाँ पुगेका थियौ ?

सागर : म रित्तो हात भाग्न सफल र तिमीलाई साथ लान विफल भएँ। हामी भागेर, आफैंलाई धिक्कार्दै हीनताबोधमा रुमल्लिँदै, भाग्दै नेपाल छिऱ्यौं।

केही वर्षसम्म तिमीलाई खोज्न आउन सकिनँ।

पैसा थिएन।

चिनेका आफन्तहरूको कन्तविजोग थियो।

काम गरेर खानै नपुग्ने।

अलिअलि जुटाउँदै, लुकाउँदै, तिमीलाई खोज्न भुटान लागें।

दादघारी पुगें।

देशभित्र पस्न सकिनँ र आँटिनँ पनि।

भुटानमा रहेका धेरै आफन्तसँग तिम्रोबारेमा बुझ्ने कोसिस गरें। सकिनँ।

दुई हप्ता दादघारीमा बिताएँ।

गोजी खाली भएपछि फेरि नेपाल फर्किएँ।

खाली हात।

देवी : अनि ?

सागर : एक वर्षपछि फेरि केही पैसा बोकेर पुगें दादघारी।

भुटानभित्रका धेरै मान्छेसँग सम्पर्क गरें, तिम्रो पत्ता लगाउन।

एकजनाले सुनाइदियो तिम्रो विवाह भएको।

नमीठो लाग्यो तर ढुक्क लाग्यो।

ग्लानि भयो तर हल्का महसुस पनि भयो।

एउटा पीडासित अर्को पीडा साटेजस्तो भयो।

म फेरि नेपाल फर्किएँ तिम्रो विवाहको अप्रिय आनन्द लिएर।

देवी : तिमीले ठिकै सुने छौ।

म बागमारामा, दादघारीको नजिकै, तीन वर्षजति बसें।

छिट्टै निको भएँ मानसिक रूपमा, शारीरिक रूपमा अस्वस्थ नै थिएँ।

त्यहाँका सहयोगीहरूलाई आवश्यकताभन्दा धेरै सहयोग गरे झैं हुन थालेछ।

एक दिन एक सहयोगीले प्रस्ताव राखिन् मेरो बिहेको।

म नदीमा बग्ने पतझर थिएँ।

न बग्ने इच्छा थियो, न त किनारा लाग्ने चाहना।

विवाह मेरो निम्ति डेरा सर्नु मात्र थियो । सम्बन्ध मेरो रोजाइ थिएन ।

रानीखाताको सीधा केटो, घरमा आमा-छोरा मात्रै ।

मेरो लगन त्यही केटासँग गाँठो पर्‍यो ।

मैले प्रश्न उठाइनँ ।

मेरो प्रश्न सुन्ने पनि त कोही थिएन ।

मैले अस्वीकार गरिनँ ।

मलाई जेजे भनियो, मैले त्यहीत्यही गरें, एक ज्ञानी बालकले झैं ।

हाम्रो विवाह आधा घन्टामा सकियो ।

एउटा भाडाको पुरानो ट्याक्सीमा रानीखाता पुग्यौं ।

तीनजनाको परिवार भयौं- ऊ, उसकी आमा र म ।

ऊ लठेप्रो रहेछ, न कुरा बुझ्ने गरी बोल्ने न अरूले बोलेको बुझ्ने ।

मैले सेवा गरें लठेप्रो पति र झन्डै त्यति नै बेसुरे सासूको ।

मैले भाग्यलाई दोष दिइनँ ।

लठेप्रो सुहाग रात सिकाउनुपर्ने दर्जाको रहेछ ।

मैले सिकाइनँ ।

गाउँघरका लक्का जवानहरू, बूढाहरूका आँखा ममा पर्न थाले । म बेवस्ता गर्थें, पानीको थोपालाई ऐनाले बेवास्ता गरे झैं । तिनका नजरहरू ममा टाँसिएनन्, झरे ।

सागर : तिमी अहिले पनि ऊसँगै छौ त ?

देवी : छैन ।

मेरो जीवनमा एउटा मोड आयो ।

नौ-दस महिनासम्म रानीखाता बसें ।

एक दिन तीनजना पुरुषहरू घरमा आए ।

सरकारी आदमी रहेछन् । केही बातचित भयो । म, त्यो तीन सदस्यीय घरको प्रमुख भइसकेकी थिएँ ।

तीन आगन्तुकमध्ये एउटासँग मेरा आँखा जुधे, भिन्नै किसिमले ।

उसले मलाई हेरिरहेको थियो ।

उसका र मेरा आँखा ठोक्किए, टाँसिए चुम्बक झैं ।

सागर : इन्टेरेस्टिङ ।

अनि ?

देवी : अनि

ऊ र म,

म, त्यो आदमीसँग हाँसेको, खेलेको, नयाँनयाँ ठाउँ घुमेको, रोमेन्स गरेको, घरजम गरेको, परिवार बढाएको, सुख-खुसी भोग गरेको दृश्य देखें, उसका आँखामा मेरा आँखा अल्झिएको एक मिनेटभन्दा कम समयमा ।

ठोक्किएर टाँसिएका आँखाहरू छुट्टिएका मात्रै थिए- मैले एउटा प्रश्न सोधेंछु ।

'तिम्रो विवाह भएको छ ?'

सर्माउँदै उसले भन्यो, 'छैन ।'

सागर : अनि ?

देवी : उनीहरू गए ।

म धेरैबेर टोलाएछु ।

त्यो आदमी मलाई भेट्न आउँछ भन्ने आभास भइरह्यो ।

मलाई लिन आओस् । मलाई लैजाओस् जस्तो भान भयो । आशा लागिरह्यो ।

ममा परिवर्तन आउन थाल्यो ।

म चिटिक्क परेर बस्न थालें ।

ऐनामा आफ्नो रूप जाँच्न थालें ।

ऐनाको मेरो बिम्बले उसको रूप खोज्न थाल्यो मेरो अनुहारमा ।

मेरो मनमा राज गरिरहेको तिम्रो रूप र उसको रूप घुलमिल हुन थाले ।

तिमीलाई केही भान भएन ।

कहाँ थियौ त्यतिखेर ?

सागर : भेरी रोमान्टिक ।

मलाई त्यस्तो दिन कहिल्यै आएन ।

तिम्रो विवाहको खबरले म विवाह नगर्ने निर्णयमा पुगें ।

एक दशक त्यसै बित्यो ।

देवी : अनि ?

सागर : दस वर्षपछि मेरो जीवनमा एउटा मोड आयो ।

आफन्तहरू मेरो विवाह गरिदिने निर्णयमा पुगेछन् ।

'तेरो इच्छाविपरीत तेरो विवाह गर्ने कहाँ हो र ? मन परे बिहेको कुरो अघि बढाउँला, मन नपरे आ-आफनो जीवन शैली छँदै छ', सबै भन्न थाले ।

हेर्न गएँ ।

तिम्रो रूप उसको अनुहारमा खोजें । भेटिनँ ।

मैले तिमीलाई छोडेको तुस उसको मुहारमा खोजें । भेटिनँ ।

म मेरो अडानमा कटिबद्ध थिएँ ।
उसको अनुहारमा निर्दोषपन मात्र देखें ।
मैले दोस्रो महाभूल गर्दैछु जस्तो भान भयो ।
'हुन्छ' को स्वीकारोक्ति दिएँ ।
हाम्रो विवाह भयो ।
एउटी छोरी छ ।
हामी तीनजना नेपालको एक दुर्गम गाउँमा रमाएरै बसेका छौं ।
यो सामाजिक सञ्जाल आयो ।
तिमीलाई खोज्न यो महासञ्जालमा धेरै भौतारिएँ ।
अन्ततः ढिलै भए पनि भेट भयो ।
अनि, तिमीले के गऱ्यौ ?
त्यो आदमी तिमीलाई भेट्न आयो त ?

देवी : त्यो आदमी आयो ।
ऊ आसामी नागरिक ।
उसको वंशमा नेपाली रगत पनि मिसिएको रहेछ ।
आसामी लबजमा नेपाली पनि बोल्थ्यो ।
त्यो आदमी त्यो हप्ताको अन्त्यमै आयो, एउटा जिपमा । केही महिलाहरु पनि सँगै आएका थिए ।
महिलाहरूले मसँग परिचय गरे । मेरो स्थिति बुझे ।
त्यो आद्मी असल मान्छे भएको र मसँग भविष्य बाँड्न तयार भएको सुनाए ।
मैले समय मागिनँ ।

मेरो लठेप्रो लोग्ने र झन्डै त्यतिकै बेसुरे सासूले जान्न चाहे।

'मेरा आफन्तहरू। मलाई माइत लान आएका' बुझाएँ।

आसामी भाषा राम्रै बुझ्न र बोल्न सक्ने भइसकेकी थिएँ।

ती दसमहिने लोग्ने र सासूलाई त्यही छोडी, म त्यो घरबाट अन्मिएँ।

एक अनौठो बिदाइ।

सागर : वाह ! एडभेन्चरस !

अनि त्यो आद्मी साँच्चिकै असल रहेछ त ?

देवी : साँच्चिकै असल रहेछ। मैले सोचेभन्दा असल रहेछ। ऊ कलेक्टर रहेछ।

मैले उसलाई महान्मध्येको श्रीमान् मान्न लागें र अझै मान्छु।

उसलाई उहाँ भन्न थालें, अझै भन्छु।

सागर : अनि ?

देवी : घरमा धेरै काम थिएन। कलेक्टर साब सधैं व्यस्त। खाना र घरको सरसफाइबाहेक अरू काम थिएन। म दिनमा फुर्सदिलो थिएँ। कहिले प्रौढकक्षा, कहिले सिलाइबुनाइ तालिम, कहिले पकाउने तालिम र कहिले महिला समूहका सभाहरू धाउन थालें।

सागर : तिम्रो कुरा सुनेर आनन्दित भएँ। सन्तान सुख नि ?

देवी : तीन छोरा भए।

ठ्याकै मज़स्तै छन्। रूप मेरो, पारिवारिक नाम उहाँको।

एउटा पूर्ण परिवारको मुख्य भएकी छु।

प्रौढ कक्षाको शिक्षिका भएकी छु।
महिला समूहकी अध्यक्ष भएकी छु।
लेखिका वा उपन्यासकार भएकी छु।

सागर : लौ बधाई छ। कस्तो उपन्यास लेख्यौ त ?

देवी : त्यस्तै। आफ्नै जीवनमा आधारित दुई उपन्यास छाप्या छु। एउटा उपन्यास आसामी भाषामा अनुवाद भएको छ। अनुवादपछि रोयल्टी केही बढेको छ।

सागर : म तिम्रा उपन्यासहरू खोजीखोजी पढ्नेछु।

देवी : दुवै उपन्यासमा मुख्य खलपात्र तिमी छौ।

सागर : तिमीलाई त्यो ठाउँ कत्तिको आफ्नो लाग्छ ?

देवी : पहिला-पहिला त बिरानो लाग्थ्यो, वनवास भैँ लाग्थ्यो। लिङ्कनको जीवनी पढेपछि प्रतिबोध भयो। म सोच्न र भन्न थालें, 'जुन ठाउँमा बस्छु त्यो ठाउँको त्यति गौरव गर्छु कि त्यो ठाउँले म बसिदिएकोमा गौरव गरोस्' र यो ठाउँको गौरव गर्न थालें। आज यो ठाउँ मलाई आफ्नो लाग्छ, स्वर्ग लाग्छ।

सागर : तिम्रो जीवनको कथा दुःखबाट सुखमा गएछ। तिमीलाई सधैं, साह्रै पछ्याउने पछुतोहरू कस्ता छन् ?

देवी : अपसोसहरू परिवर्तन भइरहन्छन्। पछिल्ला दिनमा एउटा खेदले खेदिरहेको छ। तीन सन्तान जन्माए पनि मेरो नाम वा थरको पुस्तान्तरण हुने भएन। मेरो आनुवंशिक योगदान पचास प्रतिशत, जैविक र सामाजिक योगदान पचास प्रतिशतभन्दा धेरै तर त्यही समाजले तीन सन्तानमध्ये एकलाई पनि मेरो नाम थर हस्तान्तरण गर्न दिँदैन।

सागर : यो मानव समाजले नारीको नाम, थर परिचयको पक्षमा अमानवीय रहँदै आएको छ है। हाम्रो पालामा पनि यस क्षेत्रमा परिवर्तन देखिन्छ जस्तो छैन है।

देवी : हाम्रो विवाह सफल भएको र हाम्रा तीन सन्तान भएको भए, तिमीले त्यो अधिकार मलाई दिने थियौ ?

...

...

धेरैबेर मौनता छाउँछ।

...

...

सागर : म तिमीलाई भेट्न आऊँ ?

एकपटक भेटौं न हामी।

देवी : मलाई तिमीसँग भेट्ने मन छैन। देख्ने इच्छा थियो।

यही इन्टरनेटमार्फत देखें। बोलें। मेरो इच्छा पूरा भयो।

योभन्दा बढी तिमीलाई भेट्ने पटक्कै मन छैन।

बिदा।

देवी साइन्ड आउट।

............ ।

❑

# राजाको हात्ती

'राजाको हात्ती कहाँ आइपुग्यो होला ?' छुट्टीका दिन बरालिइरहेका स्कुलेहरूले उत्सुकता पोख्न थाले ।

'आज आयो कि आएन होला ?'

'गत हप्ता सुवेदीकोसम्म आएको थियो । आज खड्काकहाँबाट सुरु गर्छ होला । खड्काको केराको बगान खत्तम पार्छ होला'

'आज तिम्सिनाकोसम्म आइपुग्छ होला'

'खड्काकै केराले अघाइहाल्छ नि । नपुगे भट्टराईकोसम्म आउँछ होला । तिम्सिनाकोमा त अर्को खेप मात्र आइपुग्छ ।'

'तिमीहरुको राईडाँडामा त झन् कहिले हो कहिले । हाम्रो बर्खा छुट्टीमा पनि पुग्दैन होला ।'

राजाको हात्ती बस्ती पसेको दिन केटाकेटी, अधबैंसेलाई सानो-तिनो चाडपर्व नै आउँथ्यो । आज त गाउँका बयस्क र ज्येष्ठ रैतीहरू पनि छन् । आजको अतिरिक्त आकर्षणहरूमा छ विष्णुको खलोमा भुसको आगोमा पोलिँदै गरेको सिमल तरुल र निराधार, कपोलकल्पित बसिबियाँलो । त्यसमाथि माघको घाम । बस्तीका रैतीहरू जम्मा भएका छन् । प्राय हप्ताको एकपटक नत्र हप्ता बिराएर राजाको हात्ती आउँथ्यो

या भनौं माउतेले ल्याउँथ्यो। रैतीलाई भने दशा नै ल्याउँथ्यो कहिलो राजाको हात्ती त कहिले जंगली हात्तीका हुद्दाले। कुनै पनि चाड दर्शकको निम्ति पर्व र भोगीका लागि व्यय हो। भोगी हुने-खाने परे मनोरञ्जन हुँदा खाने वर्गको परे दशा।

'हात्ती कहाँ आइपुगे छ ? देखिस् खन्तरे ?' श्री गुरुले उकालो लाग्दै गरेका खड्का खन्तरेलाई सोधे।

'मभन्दा अघिअघि थियो। जरुवातिर लाग्यो। पहिले आइपुवाली गाउँमा मुढा पल्टाउन लान्छ रे, भरे फर्कंदा निस्कन्छ रे, माउतेले सुवेदी गाउँमा खबर पठाएको छ अरे ?' खड्काले केही रोकिएर श्रीगुरूलाई उत्तर दिए।

'त्यो माउतेलाई मुढासँगै पल्टाइदिनु नि त्यो हात्तीले।'

'राम राम राम' 'के बोलेको विष्णु त्यस्तो अपसभ्य' श्री गुरुले गोरे सन्न्यासीलाई सम्झाए।

'मैले बोलेको त सबै अशुभ-अलछिन् हुन्छ नि श्रीगुरूलाई। त्यो ढोइले गरेको बिगार सबै लछिन-शुभ।'

'देउता भए पनि पशुका रूप धारण गरेपछि पशु व्यवहार देखिहाल्छ नि। हामीले गणेशको दर्शन पाएकैमा भाग्यमानी ठान्नुपर्छ।'

'अस्ति वनहात्ती आउँदा त पुल्ठो बालेर गाउँ कटाउने श्री गुरु पनि हुनुहुन्थ्यो त ? वन हात्ती चैं गणेश भगवान् हैनन् ?'

'यो कुरो र कुलो जता लगे पनि हुन्छ भनेको यही हो।' पहेंला दाँत देखाउँदै श्री गुरुले कुरा टार्न खोजे।

'अस्ती दसैंमा श्रीगुरुकी आमैले दियो बालेर ढोगेको हात्तीले त चन्द्रमानको घुरेनको केरा खाएर आएको थियो अरे नि।' दंगालले ठट्यौली सुरु गऱ्यो। सबै गलल हाँसेर अन्त्यमा सबैका नजर श्री गुरुको मुहारमा गएर रोकियो प्रति उत्तरको अपेक्षामा।

अछूत चन्द्रमानको प्रसंग झिकेर आफ्नो खिसी उडाउन खोजेको थाहा पाइहाले श्रीगुरुले।

'देउता, भगवानूहरू जात-पात, रंगभेदभन्दा माथि हुन्छन्। मानवले त देउताले गरेका सबै काम विनासंकोच शिरोधार्य गर्नुपर्छ-प्रश्न उठाउँदा पापको भागीदार भइन्छ।' श्री गुरुले यसो भन्दा अरू धेरैजनाका नयनहरू भुसको आगोमा थिए र लोभ भुसभित्रको पाकिरहेको सिमल तरुलमा।

'हाम्रो सर्वनाश गर्दा, हाम्रा केटाकेटीको भाग खोस्दा चैं त्यो हात्तीलाई पाप लाग्दैन र ?' भीडबाट टाढा अग्लो ढुंगामा टुक्रुक्क बसेका च्यामजोडले ठूलो स्वरमा बोल्दा सबैमा आँखा उनका फाटेका दौराबाट बाहिर निस्केका घुँडामा परे।

'महाजन र सामन्तहरूलाई त पाप लग्दैन कि क्या हो। दुनियाँको केराबारीमा हात्ती छोड्यो, बाली-ब्याडमा चौपाया लगायो। दुनियाँ-रैतीलाई दुई छाक जुटाउन पनि नदिने।'

'सामन्तहरूको थिचोमिचो र राजाको हात्तीको रेखदेख गर्नु त फरक कुरा हो नि। यो मुलुकमा बसेपछि राजाको शिरोधार्य त गर्नैपऱ्यो नि। अन्त्यमा सामन्तहरूको हेपाइ दलाई रोक्ने पनि त राजा नै हुन् नि।'

'राजाको हात्ती भए पो हामीलाई पालनपोषणको अभिभारा आउँछ। त्यो साइनु नसप्रनुको माउते न यो मुलुकको हो, न त्यो हात्ती नै।'

'हैन, विष्णु बूढा के भन्छन् ? त्यो हात्ती राजाको होइन अरे ?'

'होइन नि'

'केको हुन्थ्यो राजाको' चेमजोङले थपे।

सबैका आँखा च्यामजोङका घुँडामा परे।

'सुन्छौ सत्य कुरो ?' चेमजोङ बटारिँदै बोले।

धेरैले आफ्ना आँखा चेम्जोङका घुँडा र भुसको आगोबीच डुलाउन थाले।

'कुरा उन्चालीस-चालीस वर्षअघिको हो। मेरो जेठो छोरो सन्ते जन्मेको तीन-चार महिना भएको थियो' चेमजोङले कथा सुरु गरे। 'राजा सिकार खेल्न सवार हुने सन्देश आयो। बस्तीका लाठेहरूलाई सवारी भेट्न बोलाइबक्सियो। म पनि गएको थिएँ। बस्तीका बीसजना थियौं। मौसुफ सरकार विदेशी पाहुनाका साथ सिकार हान्न लामालामा बन्दुक बोकेर निस्किबक्सियो। हामी पनि पछि-पछि लाग्यौं। मानसको फारसमा हामीले सिकार घेरेर ल्याउने मौसुफले बन्दुकले ठोक्ने। दुई रात फारसमै सुताइभयो। मौसुफ र राजपाहुनाका लागि टेन्ट थियो, हामी रैतीहरू ठूलो आगो बालेर पोलेको मासु र चिउराको फाँक लगाउँदै गीत गाएर र नाचेर दुई रात कटायौं। तेस्रो दिन फर्केर हात्तीसार आयौं। सिकार जाने रैती सबैको एक वर्षको बेगार मौसुफले फारक गरिबक्सियो। जाने बेलामा मौसुफ बोक्ने हात्तीको पुष्कर सुमसुमाउँदै, केरा खुवाउँदै माउते र पछोडलाई हुकुम भयो 'यस हात्तीलाई राम्रो स्याहारसुसार गर्नु, बढी नकुट्नु ल' भन्दै जनही २०० मोहोर बक्सिस दिएर पठाइबक्सियो। त्यसपछि त्यो हात्ती, त्यसको मकुनुहरूलाई बस्ती छिराउन थालेको हो। त्यो हात्तीलाई सबैले राजाहात्ती भन्न थाले। ऐलेको हात्ती त्यसको नातिनी हो। ऐलेको माउते

पनि सवारी जाने पछुवाको छोरो होला। ऐले त यो हाम्रो बस्तीको नाम पनि हात्तीसारबाट गेलेफू वा धानखेत भइसकेको दशकौं भइसक्यो। रैतीले त्यो हात्ती पाल्नुपर्ने कुनै उर्दी छैन।'

सबै चेमजोङ्को कुरा सुनेर छक्क परे।

'त्यसो हो भने त त्यो माउते र ढोईलाई हाम्रो बस्ती छिर्नै नदिउनँ।'

'बनकरीलाई लखेटेजस्तो पुल्ठो बालेर लखेटिदिऊँ, आज।'

'ल, ल आज सबैजनाले पुल्ठो र अगुल्टो तयार पारेर बसौं, हात्तीलाई बस्ती छिर्न नदिइ लखेटौं।'

'हुन्छ, हुन्छ, हुन्छ ...' सबै कराउन थाले हात्ती लखेट्ने समर्थनमा।

विष्णुकी बुहारी आएर भुसको आगोबाट आगोले पोलेर पाकेका सिमल तरुल झिकी, एउटा डालोमा राखी, एउटा मझौलो टुक्रा श्री गुरुका हातमा राखेर नमस्कार गरी। ससुरा विष्णु सन्यासीलाई इसारा गरेर घर बोलाइन्, अनि लागी आफ्नै घरतर्फ।

'हामीलाई नदिने ?' कसैले सोध्यो।

'हामीले झन् आगो फुक्देको'

'आगो रुङ्देको'

'दुनियाँले हाम्रो बारीमा तरूल रोप्देको छ र कामविनाका भतुवालाई पोलेर ख्वाउन ?' आँखा तर्दै विष्णुकी बुहारी घरभित्र पसी।

सिमल तरुलको आशामा बसेका रीमते र गफाडीहरू निराश भएर आआफ्नो बाटो लागे। दुःख दिने हात्ती लखेट्नुपर्ने आवश्यकता भन्दा सिमल तरुल नपाएको अपमान बढी भयो।

त्यो दिन पनि राजाको हात्ती आयो, बस्ती छिन्यो, केराका थामहरू भाँच्यो- सक्दो बोक्यो र फर्कियो सदाको हप्ता झैं। कसैले प्रतिकार गरेनन्।

❑

# गाँजर-कवि

चारपाङ्ग्रेमा गाँजर ठेल्दै बालाजु चोक काटेर पूर्व लाग्दा शिखालाई प्रायः सधैं कविको याद आउँछ। शिखा पहिलोपटक उसको बले दाजु खोज्दै त्यो ठाउँमा आउँदा ठूलो भीड थियो, २०४६ सालको जनआन्दोलनको भीड। त्यही बेला कविको कविता सुनेकी थिई।

जुन गाडीमा त्यहाँ आइपुगेकी थिई वा जुन गाडीले उसलाई त्यहाँसम्म ल्याइदिएको थियो। त्यसको स्टाफले 'यही हो बालाजु' भनेर गाडीबाट झारिदिएको थियो। साँझपख। मान्छेको भीड उसलाई फराकिलो रोडको यात्रा गर्न आँट आएन। एउटा गल्ली रोजी बाटो नछोडी जाँदा एउटा घरमा पुगेर बाटो टुंगियो। विवशताले आँट जगाउँछ। त्यही घरको सिकुवा-डिलमा बसी र खोकिरही कृत्रिम खोकाइ। घरभित्रबाट एक वृद्ध निस्किए दाहिने हातमा लौरो बोकेर। पछिपछि वृद्धजतिकै पाको उमेरकी एक वृद्धा पनि। सिकुवा डिलमा बालिका देखेर वृद्धाले दाहिने हात शरीरपछि लगे लौरो लुकाउन। शिखाले कृत्रिम स्वर निकाली, निधार खुम्च्याई।

केही सोधपुछ भयो।

वृद्धवृद्धाले उसको पछि को-को र कतिजना छन् मात्र सोधिरहे।

जनआन्दोलनताका र त्यसको केहीअघि राजनीतिक दलका कार्यकर्ता र लफंगाहरू घरघरमा पसेर जनमानसलाई सताएको धङधङी ताजै थियो।

शिखा भन्दै थिई :

'मेरो बले दाजु जुलसको गाडीमा चढ्यो। म पछिपछि कुदें तर उसलाई भेट्नाउन सकिनँ। अर्को रोकिएको ट्रकमा चढें। ट्रकको चालकले भेट्यो। उसले जुलुस बोकेको एक बसभित्र भनसुन गेरेर चढाइदियो। केही घन्टापछि बसको मान्छेले 'यही हो बले दाजु' भन्दै यहाँ झारिदियो। म हिँड्दै यहाँ आइपुगें।'

'बले दाजु भन्यो कि बालाजु भन्यो ?' वृद्धले सोधे।

'उसले त बालाजु नै भन्थ्यो'

केही सोधपुछ, केही बातचितपछि उसले वृद्ध नेवार दम्पतीका घरमा प्रवेश पाई।

त्यहीं बिते उसका जीवनका धेरै सुनौला, चाँदिला र फलामे दिनहरू। त्यहीं हुर्की, बढी र त्यहींबाट अन्मिई।

पुरुषको जात जन्मले र नारीको जात विवाहले तय गर्दछ।

शिखाको विवाह वृद्ध दम्पतीको आफन्त एक नेवार युवक- राजसँग भयो। नेवार दम्पतीको ठूलो घर। नवदम्पती त्यहीं बस्न थाले। राज फूर्तिलो युवक। सधैं घरबाहिर गएर बाँच्ने जोरजाम गरेर आउने। शिखाको एउटा ठूलो इच्छा थियो जन्मघर पुग्ने। यही इच्छा राजलाई पटकपटक सुनाइरहन्थी :

नुवाकोट। त्रिशूली। भर्खरै रोड खनिँदै गरेको फाँट। टाढाटाढाबाट श्रमिकहरू काम पाइन्छ भन्दै आउने। बिजुली आउँछ, ढिब्री बाल्नु पर्दैन, काम गर्दा पैसै पाइन्छ। काठले बनाइएको ठूलो दुईतले घर। संयुक्त परिवार। तेह्रजना छोराछोरी, शिखा अन्तरी। दाजुहरू, भाइहरू, दिदीहरू, बहिनीहरू, आमाहरूलाई थर्काउँदै हिँड्ने बाबु। बाबुको सानो कद, लामो टुप्पी, सधैं बर्बरइरहने मन्त्र उचारण होस् कि गाली। बाबु घरबाट बाहिर निस्कँदा, आमा, दिदीहरू कुचो, खरेटो जे भेटिन्छ टिपेर सिकुवा आँगन बढार्न थालिहाल्ने। डरले वा काम देखाउन। दाजुहरू काम बिते झैं भैंसी-गोठतिर लाग्ने। धेरै चौपाया पालेको ठूलो गोठ। बाबु नजिक आउँदा जो नजिक छन् तिनीहरूसँग गएर टाँसिन्थी शिखा। त्यही बालापन। नाबालापनको अधुरो याद पूरा गर्न जन्मघर जान चाहथीं।

शिखाको इच्छा सामूहिक इच्छा बन्दै गयो। एकपटक राज त्रिशूली जाने भयो। श्रीमतीले सुनाएको दस वर्ष पुरानो मानचित्रको वर्णन मानसपटलमा बोकेर। कहीं केही देखेन उसले बोकेको मानसिक चित्रजस्तो। कसलाई सोध्ने 'दस वर्षअघि अन्तरी भन्ने बालिका हराएकी थिई' भनेर। राज फर्कियो आधा बोरा गाँजर र नवीनतम सोच बोकेर।

राजले उसको सोच शिखालाई सुनायो। गाँजर ल्याइसकेको थियो-नमान्ने कुरै निस्केन। शिखाले एउटा डोकोमा गाँजर बोकी। राज र शिखा लागे गाँजर बेच्न वनस्थली र बालाजुको रोडै-रोड, गल्लीगल्ली, बाटैबाटो, कराउँदै र उद्घोस गर्दै।

गाँजर बिक्यो।

गाँजर बिक्यो सोचेभन्दा राम्रो आम्दानी भयो। पहिलो दिनको नतिजाले उत्साह बढायो।

पहिलो छाप बनाउन दोस्रो मौका पाइँदैन- राज-शिखालाई छाप छोड्न दोस्रो मौका कुर्न पनि परेन। केही महिनामै चारपाग्रे किने। डोको बोक्नुपरेन।

त्यसपछि त्रिशूली जानु पनि परेन। इचंगुनारायण, बोहराटार, गैरीगाउँ, मुड्खु, गोलढुङ्गा, बस्नेत टार, पैया टारबाटै गाँजर ल्याएर बेच्न थाले। दुई मूखमा दुई छाक मासुभात सजिलै जोरजाम हुन थाल्यो। चाँडै मुख बढेर तीन भए।

शिखा घरमा तेस्रो मुखको स्याहार गर्दै र राज गाँजर बेच्दै केही महिना बिते। नजिकका गाउँबाट महँगो मूल्य तिरेर ल्याउनुभन्दा टाढा त्रिशूलीबाटै ल्याउँदा बढी फाइदा भएको उनीहरूको गणितले देखायो। समय लाग्ने भएर के भयो र शिखाको इच्छा कामना त्यतै थियो। राज लाग्यो त्रिशूलीतिर शिवरात्रिको दिन फर्कने गरी। शिवरात्रि आयो। त्यो शिवरात्रि, जुन रातले उसको जीवनको उज्यालोमा अन्धकार थप्यो। पुराना दिनहरूलाई अन्धकारले लिप्यो अर्को सन्तान दियो र नयाँ बाटो दियो अँध्यारो बाटो। त्यो महाकालरात्रि जुन रातले कलिला सपना लुट्यो, श्रीमान् टाढा बनायो। दुई सन्तान काखमा छोडेर- उसलाई नितान्त एक्लो बनायो।

एक्लै, चार पाङ्ग्रेमा गाँजर बोकेर गल्लीगल्ली घुम्दा शिखालाई कहिल्यै ज्वारो आएन, टाउको दुखेन, पेट गडबड भएन वा भएर पनि सहेर पचाई। घरबाट मूलरोडमा निस्कँदा बायाँतर्फ सिद्धार्थ वनस्थली स्कुल। उसको सपनाको एक मोठ। उसका दुई छोरालाई पढाउने र सबैले सुन्ने, सबैले मान्ने बनाउने, कविजस्तै। उसको आशाको

धरोहर। दायाँतर्फ मान्छे भीड लाग्ने ठाउँ। त्यहाँबाट प्रत्येक दिनजसो जुलुस सुरु हुन्छ र त्यहीँ देखिन्छन् कवि धेरैजसो। हिजोआज कविलाई देख्दा शिखालाई रमाइलो लाग्छ। आनन्द लाग्छ। कविलाई देख्दा बले दाजु सम्झन्छे। कवि बले दाजु हो कि जस्तो लाग्छ। कहिले कवि, त्यो शिवरात्रिमा आएको छाया हो कि जस्तो लाग्छ। शिखा पहिलोपटक त्यहाँ आउँदा मान्छेको भीड थियो। आजभोलि पनि हुन्छ।

एक दिन कवि उसको ठेला सामु आए। गाँजरहरू छामे- शिखालाई आफैं गाँजर भए झैं लाग्यो। सबैभन्दा सानो तर लामो गाँजर छाने।

'राम्रै धोएको होला नि ?' कविले मलिन स्वरमा सोधे।

'अँ' मात्र भन्न सकी। धेरै कुरा भन्ने इरादा थियो- पूरा भएन यसपटक।

'दसवटा पुगेपछि पूरै मूल्य दिन्छु ल' भन्दै कवि सिकुटे गाँजर चपाउँदै बाटो लागे।

'पहिले पूरा मूल्य दिएर प्रत्येक दिन एउटा लगे हुने नि' भन्न चाही तर रोकिई।

कवि सधैं आवोस, उसका गाँजर सुमसुमावोस, सोच्दै हेरि रहि- कवि टाढा पुगुन्जेलसम्म र उसको नजरबाट हराउँनजेलसम्म।

शिखासँग दुई छोराहरू पाल्ने तागत बढ्दै गयो। आफ्नै करेसाबारीमा रोपेर त्यहीको उत्पादन बेच्न थाली- सपनाहरू हुर्काउँदै। बाबु-आमा दुबैको अभिभारा एक्लै लिन्थि र लिन चाहान्थिई। आफूले बाल्यकालमा गुमाएका, अनुभव गर्न नपाएका र बन्चित गरिएका सबै सुख-सुविधाहरू दुई छोराहरूलाई निर्धक्क पुर्याउन चाहान्थिई। यस्तै लाड-प्यारमा हुर्काउने महत्वकांक्षा बीच उनीहरूले सिक्नु पर्ने, जान्नु

कवि टाढा पुगुन्जेलसम्म, आँखाले देखुन्जेलसम्म हेरि सधैंको भन्दा निकै धेरैबेरसम्म।

असहज मानिरही, दिन कसरी बिते, बिक्रि कति भयो याद भएन। कविको याद मात्र आइरह्यो। कविमा उसले बले दाजु पाई, राज पाई र त्यो शिवरात्रिको छाया...

अँ हँ ..

उसले सोच्न सकिन।

त्यो भन्दा अघि सोच्न चाहिन।

त्यो दिन हतार हतार घर पुगी अस्त-व्यस्त आफैलाई सम्हाल्न। घर पुग्दा साँझ परिसकेको थियो- त्यो शिवरात्रिको जस्तै। घर भित्र छोराहरू मन्द बत्तिसँग थिए। आँगनमा भारि बिसाइ, सिकुवामा बसि-सिकुवामै लडिबडि गर्न पुगि। त्यो रात शिवरात्रिको यादले बेस्सरि सताएछ।

त्यो शिवरात्रि। श्रीमान् राज त्रिशुलीबाट घर फर्कने दिन। साँझ परिसकेको थियो। घरमा शुन्य थियो। नेवार वृद्धले मानवचोला त्यागेको धेरै महिना र वृद्दाले उसकै श्रीमानको बाटो पछ्याएको केही महिना भइसकेको थियो। वृद्धले मानवचोला छोडेपछि वृद्धाले राज-शिखालाई घरको सम्पूर्ण अभिभारा सुम्पेकि थिई सुरक्षाको निम्तिहो वा हेरचाहको आसामा। त्यो रात जेठो छोरो, जो बच्चै थियो, घरभित्र सुतिसकेको थियो। निस्पट अँध्यारो थियो। टाढाबाट छाया आयो। श्रीमान् आएको निश्चय गरी। छाया बिस्तारै नजिक आयो। जन्मघरको समाचार सुन्न आतुर शिखाले राजको स्वागत मौनता र शुन्यताले गरि। माईतको समाचार सुन्न आफैलाई तयार पार्दा पार्दै सधैं जस्तो स्वागत अङ्कमाल अघि बढाइन। ऊ अघि बढिन। छाया

पर्ने, संघर्षगर्नु पर्ने क्षेत्रहरूमा औंठो परेको होसै भएन। पढेर र परेर जान्नु पर्दछ भन्ने हेक्कै भएन। 'कि पढेर जानिन्छ कि परेर जानिन्छ' भन्ने उक्ति को 'कि' मात्रै राम्ररी बुझेकि थिई। उसका सपनाहरूमा कहिले- छोराहरू सिद्धार्थ वनस्थली स्कूलभित्र पस्थे। कहिले बालाजु टेक्निकल् कलेजबाट निस्कन्थे। तिनै सपनाहरू पूरा गर्न ऊ गाँजर रोप्थी, गोड्थी, ऊखेल्थी, धुन्थी, र चार पाङ्ग्रेमा राखेर घुम्थी वनस्थली र बालाजुका रोड र गल्लीहरू। चिच्याउँदै र ताजा गाँजर भएको उद्घोष गर्दै।

उसको भाग्यमा भए र श्रीमान राजको मन पलाए, उसलाई भेटन नचाहे पनि, जेठो छोरोलाई भेट्न आउँनेछ। त्यही बेला उसलाई हेर्ने मन छ, टाढैबाट भए पनि, उसको लोग्नेलाई, जसले उसलाई बाँच्ने आधार दियो, बाटो देखायो, गाँजरको व्यापार सिकायो। शिखालाई आशा छैन उसको कान्छो छोराको बाबुलाई कहिले भेट्नेछे, चिन्नेछे वा खुलेर अँगालोमा कस्नेछे। उसको जीवनको सबै भन्दा ठूलो रहस्य कान्छो छोराको बाबु चिन्नु रहयो र सबै भन्दा ठूलो धोको माइती भेट्ने। एक नारीलाई सताउने तिनै दुई क्षणहरू हुनः माईत छोड्ने र माइत फर्कने।

अर्को एकदिन कवि गाँजर किन्न आइपुगे। शिखाको छाती ढक्क फूल्यो। कविसँग बोल्न तयार भई। उसले सोधे आफ्नो इतिहास सुनाउन तयार थिई। त्यो पटक- कविको पेन्टको जीपर खुलै रहेछ। शिखालाई के गर्नु के नगर्नु भयो। के भन्नु के नभन्नु भयो।

भनौं वा नभनौं भयो। नभनौं कविको प्रतिष्ठा ढल्ने देखिई। भनौं- आफ्नो आदर्श व्यक्तिको खोट कसरी देखाउने भई। नभनौं-नभनौं- भनौं भनौं हुदाँ हुँदै कविले एउटा गाँजर टिप्यो 'छ पुग्यो, दश पुगे पछि पुरै मूल्य दिन्छु' भन्दै कवि बाटो लाग्यो।

आयो। छेउमा बलिरहेको ढिब्री निभायो। धेरैदिनको विछोडले तताइको जवानी बल्यो- छाया उमाथि पऱ्यो। छाया र ऊ लडिबडि गरे। भिन्न शरिर, व्यबहार, वास्ना, दुर्गन्ध, सबै भिन्न, उसको राज हैन रहेछ। तर सम्हालिन ढिला भइसकेको थियो। त्यसपछि छाया हरायो। शिवरात्रिको अँध्यारोमा।

केही दिन पछि मात्र श्रीमान राज घर फर्कियो। शिखालाई जन्मघरको बिछोडले भन्दा एकान्तमा छायाले दिएको धोकाले बढी सताएको थियो। राजले त्रिशुलीको समाचार सुनाउन मुख खोल्नै नपाई शिखाले छायाको बेबिचारको बिस्तार गरि, राजलाई बलियो अंगालोमा कसेर। तर त्यो अंकमाल नै अन्तिम बन्नपुग्यो। सहयोग, सान्त्वनाको अपेक्षा उपेक्षामा परिणत भयो। ठुलै रडाको मच्चियो- गम्भीर आरोप लगाएर आमा-छोरालाई छोडेर राज टाढा गयो। हरायो। त्यस पछि ती दुईको भेट भएन। अझै भएको छैन।

राज हरायो।

छाया फेरि आउँदै आएन।

जेठो छोरो माथि कान्छो छोरो थपियो।

शिखाले उसको क्षमता अभिवृद्धि गर्नु पऱ्यो। उसको क्षमता बढ्यो, सहने क्षमता, संघर्ष गर्ने क्षमता, एक्लै दुई सन्तान हुर्काउने क्षमता बढिरह्यो।

शिखाका छोराहरूले राम्रै पढे। केहीं तहबाट माथि सम्म जान बाबुको परिचय र तीन पुस्ते चाहियो, जुन जुटाउँन नसकेर, एक पछि अर्को गर्दै दुवै छोराहरू पढाइबाट सन्यास लिन बाध्य भए।

समयले धेरै गाँजरको जीवनचक्र पूरा गऱ्यो।

नेवार वृद्धाले मानव चोला छोडेको केही महिनापछि त्यो क्षेत्रमा नयाँ रोड बन्न थाल्यो। रोड तन्काउन उसको जग्गा, आँगन, घर हुँदैरेखा कोरियो।

'सरकारले क्षतिपूर्ति दिन्छ। मज्जाले। यो बूढो घर जस्तो अर्का तीनवटा घर बनाउन पुग्छ।' आश्वासन पाई र घर भत्काउन स्विकृती दिई। डोजर लाग्यो। एकै क्षणमा घर माटो र ढुंगा बन्यो।

उसको घर समर्पण मार्गमा परिणत भयो।

उसले क्षतिपूर्ति पाइन।

न नाम, न दर्ता।

मर्नु भन्दा केही हप्ता पहिले नेवार्नी बृद्धाले भनेको बल्ल बुझी।

'शिखा नानी, म पनि अब धेरै दिन बाँचदिन, यो घर जग्गा तेरो नाममा नामसारी गरीदिन्छु' भन्दा उसले 'पर्दैन, हुँदैन' भनेकि थिई। नाम सारे पछि ऊ त्यहाँ बस्न पाउँदिन भन्ने बुझि त्यसबेला। आज उसले नामसारी र त्यसको महत्व बुझि तर ढिलो भइसकेको थयो। धेरै ढिलो।

शिखा र जेठो छोरो बनस्थलीबाट बालाजु सरे। एउटा भाडाको साँगुरो कोठामा।

जेठो छोरोले काम गर्न थाल्यो। आफ्नो जीवन धान्न सक्ने भयो। गाउँ गाउँबाट गाँजर किनेर ल्याउन, चार पाङ्ग्रेमा हालेर घर घर लान, बेच्न र नाफा निकाल्न थाल्यो।

कान्छो छोरो हरायो। सम्पर्कमा आउनै छोड्यो। तर शिखालाई लागि रहन्थ्यो जहाँ कहिँ भएपनि कवि भइसकेको छ।

शिखा आजभोलि एउटा होटलमा दिनभर साग-सब्जि काट्ने र भाँडा माझ्ने काम गर्छे।

होटलको भाडा माझ्ने बेसिन र ग्राहक बस्ने ठाउँलाई एक भित्ताले छुट्याएको छ। ग्राहक बस्ने तर्फ एउटा टी.भी. छ जसमा गीतहरू बजिरहन्छन्, जुन सुन्दा कान्छो छोराको गीत हुन भैँ लाग्थ्यो। कहिलेकाही धोएका बर्तन भित्र लाँदा र ग्राहक नभएको बेला, शिखा टिभी हेर्न भ्याउँथिई। भर्खरका केटा केटीहरू नाँचेको देख्दा कान्छो छोरो र बुहारी नाँचेको ठान्थी।

'बूढी, सकियो ?' होटल साहु चिच्याउँछ।

टी.भी.को नाच पूरा नहुँदै शिखाको अतित भ्रमण अन्त्य हुन्छ।

बेलुका जेठो घर फर्कदा आमाले काम गर्ने होटल निस्कन्छ र साहुलाई भेट्छ।

'आजको बूढीको कमाइ पाउँ त' जेठोले साहुबाट आमाको दैनिक ज्याला असुल्छ।

आमा-छोरा भाडाको कोठातर्फ लाग्छन्।

बाटो भरि शिखा सम्भन्छें

काठमाडौंबाट उसका मामा माईजू त्रिशुली पुग्छन्। केही दिनको बसाईपछि फर्कने बेलामा माईजूले शिखाको हातमा दुईटा सिक्का राख्दै भन्छिन् 'कति उज्यालो अनुहार, यो अन्तरी भान्जी सारै भाग्यमानी हुन्छिन्।'

माईजूको कुरा नबुभ्केर, मामा माईजूको पछिपछि जान्छे, केही पर सम्म।

'अन्तरी' पछिबाट उसकी आमाले बोलाउँछिन्। शिखा फर्कन्छे।

'ले म राखिदिन्छु, नत्र तेरी कान्छी आमाले लगिदिन्छे' भन्दै माईजुले दिइएको उपहार आमाले लगिदिन्छिन्।

हिजोआज छोराको व्यवहारले आमाको याद दिलाउँछ। सामाजिक नियम र सामाजिक पर्दा पछाडि चल्ने असामाजिक कर्तुतहरूको माझ जे जस्तो नियमहरू भएपनि वंशाणु नियम सर्वोपरि छ। शिखाले, कुनै विद्यालयको ढोका पार नगरि, जीवनको विश्व विद्यालयमा भेटिएका आफ्ना गाँजर व्यपारी, सडक कवि, र दुई छोराहरू गरि चार पुरूषहरूबाट यही सिकी।

❑

# अन्तिम दृश्य

पशुविज्ञानमा स्नातकोत्तरको प्रमाणपत्र हात परेपछि विश्वका सबै ज्ञान ममा निहित छ भन्ने आत्मबलले केही नयाँ काम गर्ने जोस-जाँगर उरालेर ल्यायो ।

कोही पुराना, कोही नयाँ, कोही धन भएका, कोही ईच्छाशक्ति भएका साथीहरू मिलेर एउटा आधुनिक डेरी फर्म खोल्न तयार भयौं । समूहको मिओ म नै थिएँ । मेरो हिम्मत ईच्छाशक्ति, सम्भावना देखेरै साथी संगीहरूले आँखा चिम्लेर लगानी गर्न तयार भए । तीन चार करोडको लगानी पक्का पक्कि भयो । बैङ्कमा खाता, सेयर-लगानी कार्यविधि, कागजपत्र दर्ता, कानूनी प्रक्रिया, आदि अघि बढ्यो।

'लगानी त उठ्छ नि, वासु जी?' भनेर साथीहरूले सोध्थे ।

भर्खरै बेलायतबाट उच्च शिक्षाको दम्भ लिएर मुलुक फर्केको, यो पेशामा ठूलो लगानीका साथ प्रवेश गर्न लागेको, र मेरो पहिलो प्रयास भएकोले हिम्मतका वाक्यहरू, वाक्यांशहरू मिलाउँदै प्रसार गरें । भरोसा, जोस, हौसला र सकारात्मक सोच बढावा दिने वाक्य मन्तव्यहरू आविष्कार गरें, प्रयोग गरें, कति हो कति ।

बाहिर सकारात्मक सोचका मन्तव्यहरू फलाकिरहँदा यहाँको बस्तुस्थितिबाट टाढा भएको ६ वर्ष भइसकेको, मेरो जीवनको पहिलो र

ठूलो लगानीको व्यवसाय सुरु गर्न लागेको, सफलता बिफलताका डर र त्रासहरू दिन प्रतिदिन त्यो रफ्तारमा बढ्दै गयो जसले मलाई 'दिन दुगुना रात चौगुना' को अर्थ बुझायो। नयाँ अनुभवको अनुभूतिहरूसँग डराउँदै र रमाउँदै सफलतालाई लक्ष्य बनाएर, बिफलताका सम्भावनाहरूका अंगहरूलाई काट्दै-छाँट्दै र हटाउदै अद्भुत योजनाहरूमा चुर्लुम्म डुबेको थिएँ।

यही व्यवसायमा सफल र विफल भएका उदाहरणहरू अध्ययन गर्न लागे राजधानीका डेरी फर्महरू खोज्दै।

बेलायत, पशुविज्ञान, स्नातकोत्तर उपाधि, तीन शब्दहरूको परिचयले डेरी, र डेरी-फर्महरूमा सहज प्रवेश मिल्यो। न्यानो स्वागत मिल्यो।

फर्म व्यवसायहरू मबाट सिक्न र सहयोग लिन आतुर थिए- म भन्दा धेरै।

सबैभन्दा सफल मानिएको एउटा फर्ममा बसेर काम र अध्ययन गर्ने मौका पाएँ। अध्ययनको समय पढेका, लेखेका, पढाएका, सुनेका, प्रवचन दिएका कुराहरू कामबाट बुझें। ज्ञानमा अनुभव थपियो, म बलियो स्रोतव्यक्ति बन्दै गएँ।

विश्वविद्यालयमा वैज्ञानिक ढंगले पालिएका, अरू कसैले व्यवस्थापन गरेका, गाई-बाछा-बाछीहरूलाई नजिकबाट हेरेको देखिई आफ्नै मुलुकमा प्राकृतिक ढंगले पालिएका गौवा र ग्वालाहरूसँग उठबस गर्ने सौभाग्यसम्म पाएँ। चौपायहरूलाई घाँस दाना दिने, नुवाई-धुवाई, दूध दुहुने, दूधको ब्यापार, गहुँत-गोबरको व्यवस्थापन, कर्मचारी, कामदार, गोठालाको परिचालन र व्यावस्थापकहरूसँग अन्तरकृया आदि जस्ता मैले चाहेका सबै कामनाको प्रबन्ध भयो। फर्मको एक छेउमा एउटा दुई तल्ले घर- त्यही घरको माथिल्लो तल्लाको एक कोठा बाहिर

बरण्डामा बसेर डेरी फर्मको प्रत्येक गतिबिधि नियालेर आफ्नो भाषाले भ्याएसम्म लेखें। राम्रा, सुधार्नु पर्ने र सुधार्न सकिने ठाउँहरू सबैको जानकारी टिपें मेरो रजिस्टरमा। गोठालाहरूले मलाई गोरस चखाउन थाले।

त्यसमाथि ताजा दूध र दूधका परिकारहरू, सबै मलाई मन पर्ने गव्यहरू।

व्यवस्थापकहरूसँग बेला-बेला तन्मय छलफलहरू भए। मैले नदेखेको, नपढेको, नसुनेको समस्या उनीहरूसँग थिए, बर-बाछाहरूको समस्या।

'बहर-गोरूहरूलाई ट्र्याक्टरले खेत-बारीबाट बिस्थापन गऱ्यो'

'हाम्रो मुलुकमा गाई-गोरुको मासु चल्दैन, बिक्री-वितरण हुँदैन'

'केही जनजाति र गैर-हिन्दु धर्मावलम्बिहरूमाझ गोमांस सेवनमा आपत्ति नभए पनि उनीहरू वहुसंख्यक हिन्दूहरूको आस्था र विश्वासको भावनात्मक कदरहेतु उत्सर्गी भएका छन।'

बाछा र बाछीहरूको जन्म ५०-५० अनुपातमै हुने हुदाँ बहर व्यवस्थापनमा सकस आइपरेकोछ।'

मेरो दिमागमा घण्टी बज्यो। शहरका व्यस्त सडकबीच छाडा बहर, गोरु, साढे, खाल्पाहरूको स्रोत र कारणहरू मेरो मानसपटलमा नयाँ जानकारी बनेर पसे र तुफान सुरु गरे।

मलाई यो जानकारी ठूलो समस्या, चुनौती र अवसर लाग्यो।

मैले तुरुन्तै बेलायतका प्रोफेसरलाई फोन सम्पर्क गरें र सोधें 'गाईमा बाछी मात्रै जन्माउने उपाय छैन ?'

'मिस्टर वासु, किन नहुनु! स्टिरोइड हर्मोनहरू पाइनछन् जसको प्रयोगले गाईको गर्भमा बाछी मात्रै बस्छ। अर्को, कृत्रिम गर्भधान गर्दा बाछा

जन्माउने शुक्रकीट हटाएर बाछीमात्रै जन्माउन सकिन्छ। बहुभ्रुण राख्न पनि हर्मोनहरू पाइनछन् ।'

हाम्रो फोन वार्ता सुनिरहेका व्यवसायीहरूको मुहारमा अप्रत्यासित तोष छायो। खुसि र सन्तुष्टिको चमक उनीहरूको अनुहारमा पोखियो, मुहारमा मुस्कान खोले वर्षाले हिमाल खोलेझैं।

सबैभन्दा धेरै दूधदिने गाईमा यो औषधी प्रयोग गेरेर धेरै बाछीहरू जन्माउँने र चयनविधिद्वारा उच्च नश्लका गाईहरू विकास गर्न सकिने गोवर्धन आईडिया आयो।

'यो फर्ममा सबैभन्दा दुधालु गाईले कति दूध दिन्छ?' मैले गोठालालाई सोधें।

'त्यस्तै चालिस पचास लिटर' एउटाले भन्यो

'सबै भन्दा दुधालु एउटा गाई छ- गाजली। ऐले व्यथामा छ, पौंठा बसेर आज-भोली भा छ, त्यसले त साठी लिटरसम्म दिन्छ हो दिनको। बसौंटे पनि छ।'

'मलाई त्यो गाजली गाई नजिकबाट अध्ययन गर्न मन छ' मैले ईच्छा व्यक्त गरे।

गाजली खैरो रौं, लामो शरीर, सम्भवतः होलिस्टन र गुजराती बीचको क्रस, दुवैका रचनी गुण पाइने। गाजलीलाई म बस्ने घरकै नजिक सारियो सघन हेरचाहका लागि। मलाई झन् सजिलो भयो।

मैले उसलाई दिइने दाना, भिटामिन, पौस्टिक तत्व, खनिज, औषधी, पानी, खोले, हिँडाउने-नुहाउने समय- सबैको रेकर्ड राखें। गाजली र मेरो मित्रता बढ्यो। हामीबीच अनौठो नाता बस्यो एक दिनमै। म

टाढा, गोठाला वा व्यावसायिक समूहमा हुँदा उसले मलाई हेरिरहेकी हुन्थी अनि म उसलाई। मैले उसको हेराइको अनुमान लगाएँ 'यदि उसले बोल्ने हो भने मलाई भन्ने थिई, 'मेरो प्रश्रव वेदनाको बेला साथ बसिदिनु भनेर' अनि म उसको छेउमै हुने थिएँ। उसले भन्न नसके पनि म उसको छेउमै हुनेछु।' मैले मनमनै प्रतिज्ञा गरेँ।

दोस्रो दिन मध्यान्न उसको छटपटी बढ्यो। खान पिउन छोडी। गोठालाले फलामे कठघरा खोलिदिए- गाजलीलाई स्वतन्त्रता र स्थान मिल्यो सन्तान जन्माउन। धेरै महिना वा वर्षपछि उसले त्यो स्वतन्त्रता पाएको हुनुपर्छ। मान्छेलाई जस्तै कुण्ठित जीवन बाँचेका पशुलाई पनि स्वतन्त्रता असहज लाग्दोरहेछ।

म उसको वेदना, दर्द, पीडा, चाल, छट्पटी, उठाइ-बसाइ, डर, त्रास, सहयोगको आशा, सुरक्षा, सहजताका भाव र रोजाइहरू शब्दमा अनुवाद गरिरहें।

पुच्छर उचालेकी द्विमुखी गाजलीले बलका ठूलाठूला झड्काहरू दिई, साल झर्‍यो, गर्भाशय झर्‍यो, पानी फोका फुट्यो, एउटा सानो, गाजलीको शरीरको तुलनामा सानो तर मैले अनुमान गरे भन्दा ठूलो गाजलीको रेप्लिका निस्कियो। मेरो टिपोटमा त्यसको नाम 'रेप्लिका' लेखें।

गाईको सन्तान, भुईंमा पर्नासाथ छट्पटायो, उठ्न बल गर्‍यो। गाजलीलाई मातृ दायित्व राम्रै थाहा रहेछ- जिब्रोले चाटेरै सुक्खा बनाइदिई।

रेप्लिकामा अद्‌भूत बल रहेछ, बलगर्‍यो, लरबरायो, लड्यो र यो क्रम निकै बेर चल्यो। प्रत्येक पटक लड्दा रेप्लिकाका आँखा ममा पर्थे। प्रत्येक पटक उठ्दा उसका परेलीले मलाई बोलाउँथे। उसले नै संघर्ष

गर्नुपर्छ, म मुस्किलले कठोर बन्दै थिएँ। गाजलीको हेराई मलाई भन्दा रेप्लिकामा बढि पर्न थाले, मलाई इर्श्या भएन। म पनि रेप्लिकाको आँखीभौंमा हराईसकेको थिएं। गाजलीलाई ईर्श्या भयो भएन मलाई थाहा भएन। ठूला खैरा आँखा घरि घरि भएपनि मलाईमात्रै हेर्ने। उसको आमालाई भन्दा मलाई बढि हेर्ने। उसका र मेरा आँखा बीच युगौ युगको प्रेम, मोह, स्नेह भएझैं हामी गहिरो नातामा जोडीसकेका थियौं।

प्रत्येक लडाइँपछि अझ सशक्त भएर उठ्न थाल्यो। केही क्षणमै चार खुट्टामा उभिन सक्ने भयो कसरी थाहा पायो, माउको फाँचोमा थुतुनो पुऱ्यायो। कसरी थाहा पायो दूधको स्रोत त्यहाँ छ भनेर। म पशुको नैसर्गिक ज्ञान प्रदर्शनमा अचम्म मान्दै दृश्यलाई शब्दमा अनुवाद गरिरहें मेरो शब्द भण्डारले दिएसम्म। विश्वविद्यालयमा नोबेल पुरस्कार विजेताहरूको सेमीनारभन्दा बढी ज्ञान ग्रहण गरेको सन्तुष्टि मिल्यो। जन्म प्रक्रिया हेर्दै डार्बिनको प्रजातिको उत्पत्तिभन्दा निकै टाढा पुगेछु। डार्बिनले भने झैं एक कोषको सूक्ष्म जीवाणुबाट पुस्तौंपुस्ताको परिवर्तन र प्रत्येक पुस्तामा सानो सहन सक्ने परिवर्तन हुँदै र स्थिर रूप लिँदै गाईको बाछा जन्माउने स्तरसम्म आइपुग्नलाई डार्बिनले अनुमान गरेको समयभन्दा बीसदेखि पचास गुणा अधिक समय लाग्छ। कि त डार्बिनको सिद्धान्त गलत छ वा जीव उत्पत्ति र उत्थानको समयको हिसाब गलत छ।

मेरो मन विज्ञानको सिद्धान्तमा हरायो। मेरा आँखा रेप्लिकाका आँखामा डुबे। रेप्लिकाले दूध खाँदा गाजलीले कस्तो प्रतिक्रिया दिन्छे र कस्तो भाव प्रकट हुन्छ, त्यो हेर्ने उत्सुकता ममा बढेर आयो।

एउटा गोठालो आयो फोहोर बोरा बोकेर र गाईको फाँचोमा पुग्नै लागेको रेप्लिकालाई बोराले बेरेर उचाल्यो।

रेप्लिकाका खैरा आँखाले मलाई हेरे। उसले मेरोतर्फ बल गऱ्यो। उसको बाल-बलबाट मलाई लाग्यो उसलाई गोठालोको हैन, मेरो अंकमाल न्यानो भन्ने लागेको छ सुरक्षित लागेको छ र मेरो अंकमाल पाउन आतुर छ।

'गोटा चुस्न दिने कि ? छिटो पग्रिन्थ्यो, दुहुन सजिलो हुन्थ्यो।' अर्को गोठालोले सम्झायो।

मलाई पनि बिगौती दूध चुस्न दिएकै ठीक हो कि जस्तो लागेको थियो। पियुषमा रोगसँग लड्ने क्षमता प्रदान गर्ने तत्वहरू हुन्छन् भन्ने पढेको थिएँ। म बोलिनँ। मैले पढेको सिद्धान्त र त्यहाँको व्यावहारिक यथार्थबीच सिंक्रोनाइज गर्नु थियो।

गाजली रेप्लिका टिप्ने गोठालोप्रति झम्टी अर्को गोठालोले नाकको डोरी समातेर फलामको कठघरतर्फ तान्यो। गाजलीको अल्पसमयको स्वतन्त्रता समाप्त भयो। टाउको फलामे बारभित्र छिरेपछि घाँटीमा अड्को लगाइयो। उसको अघि छाको तयार थियो। घाँटीको फलामे बार टाउको र शरीरबीचको तगारो बन्यो। अब गाजलीको टाउकोले उसको शरीर चाट्न पाउने छैन।

गाईले मलाई हेरी- प्रतिक्रिया गोठालोलाई देखाई। रेप्लिका मेरो काखमा उफ्रन बल गरिरह्यो उसका खैरा आँखाले मेरा आँखामा मात्र हेरिरहे मलाई बोलाई रहे। रेप्लिका बोकेर पहिलो गोठालो घरको पछाडितर्फ गयो। गाई ठूलो 'ड्वाँ-ड्वाँ' गर्दै थियो, मानौं उसलाई गोठालोले उसको रेप्लिकाको हेरचाह गर्न जान्दछ भन्ने विश्वासै छैन। मेरो भाषा उसले बुझ्ने भए म गाजलीलाई सान्त्वना दिँदै भन्ने थिएँ : 'गाजली, तिमी भाग्यमानी रहेछौ यो मुलुकमा जन्म लियौ र जन्म दियौ। विश्वको एक मात्र मुलुक जहाँ गाईको पूजा हुन्छ, हत्या हुँदैन,

समाज र राज्यले संरक्षण दिन्छ। यहाँ प्रायः मान्छेहरू गोग्रास छुट्ट्याएर मात्रै नियमित भोजन गर्छन्। गाईहरू स्वतन्त्र हिँडडुल र बोलचाल गर्ने हो भने यो मुलुक संसारभरिका गाईहरूको मेक्का, यरुसेलम, वा अयोध्या हुने थियो, तीर्थ-धाम हुने थियो। सबै गाईहरूमाझ लोकोक्ति बन्ने थियो, 'जीवनमा एकपटक गो धाम नपुगे, पशुको जीवन सार्थक हुँदैन।'

मेरो ध्यान पयश्विनीलाई दिइएको छाकोमा थियो। गाजली बेचैन छ। न उसका आँखाले मेरा आँखा खोजेको छ न खाना। उसको दृश्य रेप्लिका लगेकोतिर छ, उसको बल पनि त्यतै जानेछ। सायद उसलाई लाग्यो, मैले पनि उसलाई सहयोग गरिनँ।

गाईलाई चाहिने पौष्टिक खोले, घाँस दिए, पछाडिका खुट्टामा निहिन कसे, थुनमा पगारो दले र दूध दुहुने मसिन जोडेर दूध दुहुन थाले।

'२५ लिटर' एउटाले भन्यो

'आजै २५ दियो, नशा खुलेपछि तीस-पैंतीस लिटर दिन्छ होला' अर्कोले भन्यो।

'यसलाई त तीन खेप दुहुनुपर्छ- नत्र कल्चौंडो धान्नै सक्दैन नि।' पहिलोले थप्यो- उसको हिसाब दिनको नब्बे-सय लिटर पुऱ्याउनेतर्फ लक्षित देखिन्थ्यो।

घरको पछाडिबाट 'डङ्रङ्ङ' आवाज आयो- भिजेको सिमेन्टको भुईंमा मान्छे पछारिएजस्तो।

'ख्वाँक्क' ठूलो आवाज आयो भाले मृगले खोकेजस्तो।

केही मिनेट नबित्दै- पहिलो गोठालो एउटा काठको- बेसबल खेलाडीले प्रयोग गर्ने ब्याटजस्तो- मुङ्ग्रो बोकेर आयो। म त्यो घरमा पहिलोपटक पुग्दा त्यो मुङ्ग्रो त्यहीँ थियो। मैले त्यसको प्रयोग बुझेको थिइनँ। गोठालोले त्यो मुङ्ग्रो सिमेन्टको भुईंमा फाल्यो 'टङरङ्ङ' आवाज आयो। त्यो आवाजको बज्र मेरो मस्तिष्कमा लाग्यो।

मेरा- रेप्लिका हेर्न बानी परेका- उत्सुक आँखाहरू गोठालोमा परे।

'यस्तै हो सर, बहर रहेछ', गोठलोले मलाई हेलै स्पष्टीकरण दियो।

रेप्लिका बाछो रहेछ, बहर रहेछ, फर्मको भार रहेछ- त्यसैले ऊ जन्मिँदै, पियुष चाख्न नपाई- उसका निम्ति बनेको सम्पूर्ण दूधको हकदार- पट्के-मान्छेको मुङ्ग्रो खानुपर्‍यो।

रेप्लिकाको अन्तिम हेराइको अर्थ बुझें। वीभत्स गाजलीले मलाई हेर्दै हेरिनँ।

❑

नाताहरु, बन्धनहरू समान व्यवहारमा र साढृश्य धरातलमा स्थापित हुनुपर्ने हो सम + बन्ध = सम्बन्ध बनेर । सधै त्यसो हुँदैन । कति नाताहरू अद्धितीय हुन्छन् एक ध्रुव जस्तै त कति असमान र अतुलनीय धरालमा स्थापना भएका हुन्छन् कृष्ण र सुधामा जस्तै जसको निकटतम् दोस्रो हुँदैन, हुँदैहुँदैन । त्यस्ता निरुपम नातालाई बेजोड-बन्ध भन्दछु म । यो सङ्ग्रहमा समाहित वैज्ञानिक र सामाजिक जगतका त्यस्तै बेजोड-बन्धहरू कति बाटोमै टुट्छन् त कति अन्तिममा जुट्छन् ।

HBS HIMALAYA
Book Stall, Publishers & Distributors
हिमालय बुक स्टल
डिल्लीबजार, काठमाडौं